मेरा कलाकार

गुरुहरु

कुलमान सिंह भण्डारी

मेरा कलाकार गुरूहरू

सं
स्म
र
ण

कृति : मेरा कलाकार गुरूहरू

लेखक : कुलमान सिंह भण्डारी

प्रकाशक : जनमत प्रकाशन, बनेपा

आवरण : कुलमान सिंह भण्डारी

सर्वाधिकार : लेखक

कम्प्युटर : टप डेक्सटप एण्ड मिडिया सर्भिसेज, बनेपा

मुद्रन : रोजन प्रिन्टिङ्ग प्रेस, बनेपा

मूल्य : १५/- रु. २५/- (साधारण)
५०/- (विशेष)

प्रथम संस्करण : २०५४ बैशाख

प्रकाशित प्रति : १०००

प्रकाशकीय

नेपाली चित्रकलाको क्षेत्रमा आफ्नै नाम र आफ्नै किसिमको डोबहरू छोड्न सफल जनपक्षीय चित्रकारको नाम हो–कुलमानसिंह भण्डारी । पाँच दशक अगाडि देखिनै एकरफ्तारमा आफूले लेखेका चित्रहरू जनताको घर दैलौमा प्रत्यक्ष पुऱ्याउन झिजो नमानिकन निरन्तर लागिरहने एउटा सिर्जनशील प्रतिभाको आकृति हो–कुलमान सिंह भण्डारी ।

देशको व्यथा चित्रमा टिप्न सिपालु, जनताको मर्म चित्रमा उतार्न दक्ष चित्रकलालाई अपहेलित मानव–समुदायको हीतखातिर अभिव्यक्त गर्न सफल चित्रकार कुलमान सिंह भण्डारीका जीवनका सन्दर्भहरू पुस्तकका रूपमा प्रकाशित गर्ने मौका प्रदान गरिदिनु भएकोमा हाम्रो प्रकाशन गौरव महसूस गर्दछ ।

कुलमान सिंह भण्डारी देश र जनताकै लागि केही गरिरहन चाहने चित्रकारको नाम हो । उहाँको यस संस्मरण पुस्तकले जनताको चेतना स्तरमा टेवा पुऱ्याउन अवश्य सहयोग पुऱ्याउने छ ।

२०५४ वैशाख
बनेपा

मोहन दुवाल
जनमत प्रकाशन

मेरो भन्नु

कला साहित्यभन्दा धेरै धेरै वर्षले जेठो थियो। एकले अर्कालाइ सगाउँदै सँगैसँगै अघि बढ्नुपर्ने भए पनि साहित्यले कलालाई उछिनेर धेरै अगाडि बढिसकेको छ। आजको उन्नत नेपालको अवस्थामा पनि कला नगण्य र ल्याउटे हुँदै गैरहेको छ। मान्छेले भावनात्मक रूपबाट धेरै रूपियाँको सामान जुनसुकै किनेको भए पनि पछिबाट पुस्टकारी फोस्सा मागेझैं भएको छ हालको कलाको अवस्था।

साहित्यले देशको गौरवमय ठूल्ठूला पुरस्कार पाउँदा त्यसको साथसाथै कलाले पनि फोस्सा पुरस्कार पाउने गरेको छ। त्यही पुरस्कार पाउँदा कलाकारले घिरौंला जत्रो नाक तुल्याएको देख्न पाइएको छ।

बागलुङको मोहनमान सिंह वज्राचार्य र चामु गुभाजुलाई देखेपछि कलाकारको अवस्था यस्तोसम्म पनि हुन सक्दोरहेछ भन्ने लागेर झसङ्ग भएँ। यस्ता अद्वितीय कलाकार त्यसै बिलाएर जानसक्ने छन् भन्ने खुल्दुलीले छटपटाएँ। यी कलाकार वृद्ध भैसकेका हुँदा यिनको नाम र काम बिलाएर जानदिन भएन भन्ने मनमा भावना जाग्यो। कसरी यिनलाई उठाउँ भन्ने सोचाइमा एउटा जुक्ती उदाइहाल्यो। दिनहुँको कार्यक्रमको सिलसिलामा ती कलाकारहरूसंग आवश्यक कुराको सोधनी गर्ने, टिपोट गर्ने गर्न थालें। यसरी नै कामको थालनी गरें। यसरी क्रमशः अगाडी बढ्दै रहँदा पाठकका सामु यो पुस्तक आइपुगेको छ। यसरी धेरै पाठकलाई कला पक्षमा पनि भावनात्मक विकास गर्न सगाउ पुग्नेछ भन्ने आशा लिएको छु।

मेरा कलाकार गुरूहरूका बारेमा लेखेका रचनाहरू विविध साहित्यिक पत्रिकाहरूले प्रकाशित गरिदिएका थिए। यसरी ती पत्रपत्रिकाहरूले मलाइ प्रोत्साहन गरिदिएको थियो। त्यसो हुँदा नै अहिले यी लेखकहरूको सङकलन पुस्तकका रुपमा प्रकाशित भएको छ। मलाई सगाउने ती सबै पत्रिका प्रति आभारी भएको छु।

अन्तमा, यस पुस्तक प्रकाशनको जिम्मा लिईदिने मोहन दुवाल (जनमत प्रकाशन) लाई र भूमिका लेखिदिनु हुने विद्वान समालोचक गोविन्द भट्टलाई विशेष धन्यवाद दिन चाहन्छु।

– कुलमान सिंह भण्डारी

२०५३।६।२८

* * *

प्रकाशकीय –	मोहन दुवाल
मेरो भन्नु –	कुलमान सिंह भण्डारी
कलालाई वैठकको खेलौना हैन जनताको गहना वनाऔं
– गोविन्द भट्ट

१) वाग्लुङ्गका कलाशिल्पी मोहनमान सिंह वज्राचार्य
२) म मास्केजीको चेलो
३) आदरणीय गुरू तेजवहादुर चित्रकारप्रति कृतज्ञता
४) कलाशिल्पी मङ्गलवहादुर पौडेलसँग
५) वा र म
६) कार्चोपिकलाकार पारसमणि
७) कलाशिल्पी चामु गुभाजु
८) मैले चित्रकला इलम सिक्दाको सुरूको वेला
९) वालकृष्ण समवाट तेलरङ्गको चित्र वनाउन सिकें

कलालाई बैठकको खेलौना हैन,
जनताको गहना बनाऔं !

श्री कुलमान सिंह भण्डारी-आजका हाम्रा अधिकांश पाठक तथा कलाप्रेमीहरूका लागि विगत पाँच दशकहरूदेखि नेपाली चित्रकलाको क्षेत्रमा निरन्तर साधनारत रहँदै आएका एक सिद्धहस्त, जनपक्षीय चित्रकारको सुपरिचित नाउँ हो । सयौं पत्रपत्रिका र पुस्तक-पुस्तिकाहरूका मुखपृष्ठमा प्रकाशित तथा वेलावखत एकल वा सामुहिक चित्र प्रदर्शनीहरूमा प्रदर्शित वहाँका एक से एक उत्कृष्ट कृतिहरूले रंग र रेखाका माध्यमवाट आफ्ना दर्शक एवं पाठकहरूमा नयाँ युगवोधको अनुभूति दिने र सामन्तवाद-साम्राज्यवाद विरोधी चेतना जागृत गर्ने दिशामा प्रभावकारी भूमिका खेल्दै आएका छन् । हाल वहाँ ७१ वर्षको भइसक्दा पनि नयाँ पुस्ताकाहरू माझ कति लोकप्रिय हुनुहुन्छ भने राजधानी वाहिरका अनेकौं तरुण सम्पादक र लेखक कविहरु समेत आफ्ना नवीन कृतिहरूको मुखपृष्ठमा वहाँकै चित्रकला राख्नका लागि लालायित रहेका देखिन्छन् ।

हाम्रो मुलुकको कला क्षेत्रमा पनि संस्कृतिका अन्य क्षेत्रहरूमा झैं, अघि देखि नै व्यक्तिवादी र समष्टिवादी गरी, दुइ थरिका विचारधाराहरू प्रचलित रहि आएको पाइन्छ । यता, २००७ साल पछि नेपालको साहित्यमा प्रगतिवादी विचार धारा जुन किसिमवाट स्पष्ट र सशक्त रूपले अघि वढ्दै आयो, त्यो हेरी, ललितकलाको क्षेत्र अलिक पछि नै पर्न गएको छ । नेपालको कला साहित्य सम्वन्धी सर्वोच्च संस्था नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानले समेत आफ्नो आधिकारिक प्रकाशनमार्फत "अमुर्त अभि-व्यंजनवादी शैलीमा कलाकारको आत्माभिव्यक्ति नै आधुनिक चित्रकला हो.....आत्मानुसन्धान र अन्तर्मनका विविध ग्रन्थीहरूको विश्लेषण गर्नु नै तिनको काम हो र आधुनिक चित्रकारले आफ्नो कृतिमा कुनै संदेश दिदैन" भन्ने खालका घोर आत्मकेन्द्रित, असामाजिक एवं छाडावादी मान्यताहरूलाई ठाडै पृष्ठपोषण गरेर कलालाई सामान्य जनताले वुझ्नै नसक्ने केही विलक्षण प्रतिभाहरूको अलौकिक रहस्यमय कृति वा ठूलावडाहरूको वैठक कोठा सिंगार्ने र मनोरंजन गर्ने श्रृंगार साधनका रूपमा परिणत गरिदिन खोजेको

छ ।

यस्ता सामन्ती संस्कार र पाश्चात्य पूँजीवादी कला सिद्धान्तको अन्धो अनुकरणमा आधारित अभिजातवर्गीय दृष्टिकोणका विरुद्ध आफ्नै स्वस्थ यथार्थवादी परंपरा र राष्ट्रिय विशिष्टताहरूका आधारमा केही नेपाली कलाकर्मीहरूले विषयवस्तु र शैली दुवैतर्फ, आफ्नो देश सुहाउँदो वाटो र जनता सुहाउँदो "वाद"को खोजी गर्दै कलामार्फत नेपाली समाजमा परिवर्तन ल्याउने अथक संघर्षशील प्रयास गर्दै आएका छन् । ती मध्येमा श्री कुलमान सिंहको नाउँ अग्रपंक्तिमा पर्दछ ।

वहाँका लागि जनतालाई शिक्षित र सचेत तुल्याउनु, कलात्मक सौन्दर्यको अनुभूति प्रदान गर्न र अझै राम्रो संसार वनाउनका लागि आफ्ना दर्शकहरूलाई भावनात्मक रुपवाट घच्घच्याउनु नै कलाको काम हो । वहाँ साधारण शैली र जनताले वुझ्न सक्ने कलाको सिर्जनामा जोड दिंदै " त्यस्ता कलाकारहरूको उदय गराउनु आजको आवश्यकता " ठान्नु हुन्छ । त्यसैगरी, आजका पीडाग्रस्त जनताको दुर्दशावाट स्वयं पीडित हुन पुगेका यी जनकलाकार तिनलाई त्यस पीडावाट मुक्ति दिलाउनु नै आफ्नो कलाको उद्देश्य वताउनु हुन्छ ।

यसरी आफ्नो युगप्रति अन्य समकालीन सहकर्मीहरू भन्दा उच्चतर चेतना र संवेदनशीलता भएका यी कलाकर्मीले राणाहरूको व्यक्तिचित्रमा रंग भर्ने कामवाट शुरु गरेर, विभिन्न नामी कलागुरुहरूको कठोर प्रशिक्षण अन्तर्गत खारिंदै जीवनका वांगाटिंगा वाटोहरूमा फड्को मार्दै र अनेकौं तीतापीरा अनुभवहरू भोग्दै अन्तमा मार्क्सवादी दर्शनभित्र सत्यं शिवं सुन्दरंको दर्शन पाउनु भयो । उहाँको कलामा देखिने सोद्देश्यता, सचेतता, मानवीयता र गहनताको मूल प्रेरणाश्रोत पनि त्यही दर्शन नै हुन गयो । यी, किसान परिवार मा जन्मेका, व्रस र कोदालो उत्तिकै तन्मयतासाथ चलाउने श्रमजीवी कलाकार ले, आधुनिक नेपालमा प्रगतिवादी चित्रकलाको विकास गर्न तर्फ अद्वितीय योगदान गर्नु भएको छ र हाले यस फांटमा संभवतः वहाँ नै त्यस्का एकमात्र सर्वमान्य जेठा प्रतिनिधि पनि हुनुहुन्छ । यस प्रकार कलाका माध्यमवाट लामो समयदेखि नेपाली जनताको सांस्कृतिक वर्गचेतना उठाउने दिशामा वहाँले गर्दै आउनु भएका अमूल्य योगदानहरूको चर्चा वेगर हाम्रो आधुनिक कलाको इतिहास नै अपूर्ण र अधुरो हुन जाने छ भनेर वहाँवारे "जनमत"का

सम्पादक श्री मोहन दुवालले गर्नु भएको यथार्थ मूल्यांकनसित कसैले पनि असहमति जनाउने छैन ।

राष्ट्रिय ख्याति आर्जन गरेर पनि सधैं विनम्र र श्रमजीवीको जीवन शैलीमा रहने, पुरानो पुस्तालाई उचित सम्मान र नयाँ पुस्तालाई प्रोत्साहन दिनेहरूबाट सधैं राम्रा कुराहरू सिकीरहनखोज्ने अनि आफ्नो कलालाई पूर्णत: शोषित जनताको मुक्तिका लागि समर्पित गर्ने श्री कुलमान सिंह सिद्धान्तमा मात्र हैन, व्यवहारमा पनि सच्चा जनकलाकार हुनुहुन्छ ।

यहाँनिर हाम्रा लागि यौटा अर्को थप खुशीको कुरो के होभने मूलत: चित्रकर्मीका रुपमा यसरी सुप्रतिष्ठित भई सक्नु भएका जनकलाकार श्री कुलमान सिंह नेपाली भाषाका लेखक पनि हुनु हुन्छ । वहाँले वेलावखत नेपाली कलाका विभिन्न पक्ष र समस्याहरूवारे अध्ययन, अनुसन्धान गर्ने, व्यापक जनतामा आफ्नो राष्ट्रिय कलाप्रति अभिरूचि जगाउने र कलाक्षेत्रमा रहेका वेठीक प्रवृत्तिहरूको खण्डन गर्दै स्वस्थ विचारहरू फिंजाउने उद्देश्यबाट अनेकौं लेखहरू प्रकाशित गरिसक्नु भएको छ । वहाँका भावनाहरू खासगरी चित्रहरूमा र यदाकदा कविताहरूमा प्रकट हुन्छन् भने विचारहरूले चाहिं निवन्धहरूको माध्यम रोजे । तर सम्पूर्णमा, वहाँको लेखकीय व्यक्तित्व पनि वहाँ भित्रको चित्रकर्मीकै विस्तार मात्र हो । वहाँका लागि लेखन र चित्रकारी एक अर्काका पुरक हुन् ।

अहिले हाम्रो हातमा रहेको यो कृति पनि त्यस्तै नेपाली कला सम्वन्धी केही पुराना र नयाँ रचनाहरूको संगालो हो । आफ्नो आकृतिमा सानै भए पनि संस्मरण, अन्तर्वार्ता, चिनारी, घरेलु इलमहरूको संक्षिप्त अनुसंधान रिपोर्ट र टिप्पणीहरू भएको यस सचित्र पुस्तकले २००७ साल अघि र पछि नेपालमा, चित्रकलाको शिक्षण–प्रशिक्षण गर्न तर्फ भएका सर्कारी र गैर-सर्कारी प्रयासहरू, कला पाठशालाहरूको शिक्षण-प्रणाली र त्यस्मा गुरू-शिष्य वीचको सम्वन्ध, त्यस प्रसंगका सुप्रसिद्ध कला शिल्पीहरूको कृतित्व र व्यक्तित्व लोप हुने अवस्थामा पुग्नै लागेका हाम्रा केही परंपरागत कला र कालीगढीको वर्तमान दुर्दशा, तत्कालीन नेपालको जंगी-निजामती नियम पद्धति, त्यस वखतका केही विलक्षण चालचलन, दरवारिया संस्कृति र चाकरी प्रथा, द्वितीय विश्वयुद्धताका भारत र नेपालको वातावरण र वृटिश भारतका शासकहरूद्वारा नेपालमा शिकार खेल, नव्वे सालको भुइंचालो र २००१ सालको अपूर्व हिमपात, नेपालमा फोटोग्राफी व्यवसायको

प्रारंभिक स्थिति, क्रमश: भित्रभित्रै शुरू हुन थालेको राणा-विरोधी गतिविधि र शासकहरू– द्वारा फिंजाइएको हिंसात्मक दमन र आतंक, हाम्रो तराई क्षेत्रको प्रशासन आदि आदि वारे सर्सर्ती उल्लेख गरेर केही मात्रामा तत्कालीन नेपालको झल्को दिएकोछ । यस पुस्तकको सवभन्दा महत्वपूर्ण उपलब्धि के हो भने लेखकले अझसम्म लोक दृष्टिमा उपेक्षित रहिआएका श्री मोहनमान वज्राचार्य, श्री चामु गुभाजु र मङ्गलवहादुर पौडेल जस्ता हाम्रो परंपरागत राष्ट्रिय कलाका अथक प्रतिभाशाली श्रष्टाहरूलाई कष्ट साध्य परिश्रमसाथ सोधखोज गरेर जन-समक्ष ल्याइ दिनु भएको छ । वहाँले त्यसो नगरी दिएको भए हामी ती महान साधकहरूवारे अनभिज्ञ नै रहने थियौं । त्यस्का साथै वहाँले त्यस्ता वयोवृद्ध प्रतिभाहरुको हेर विचारको चाँजोपाँजो मिलाउनु पर्ने र हराउन थालेका हाम्रा मौलिक राष्ट्रिय इलमहरूको जगेर्ना गर्न तर्फ तत्कालै आवश्यक पाइला चालिहाल्नु पर्ने, हाम्रो कुटिर उद्योगको जीर्णोद्धार गर्नमा वल पुऱ्याउने, त्यस्ता प्राचीन इलम व्यवसायमा लाग्न चाहने नयाँ पुस्ताका सिकारूहरूका निम्ति तालीमको व्यवस्था गरिदिने, त्यस्ता कलाकर्मीहरूलाई आर्थिक रुपवाट आत्मनिर्भर वनाउँदै जानुका साथसाथै त्यसवाट आफ्नो कलाको पनि संरक्षण गर्दै जाने पुराना शीपहरूलाई आजको आवश्यकता अनुसार नवीकरण गरी आधुनिक रुप दिएर चम्काउने विषयमा वहाँले दिनु भएका व्यावहारिक सुझावहरू पनि विचार गर्न लायक छन् र सम्वन्धित विभागले त्यसमा ध्याउन्ना पुऱ्याउनै पर्दछ ।

यसरी श्री कुलमान सिंह प्रोत्साहनको अभावले पनि निकै प्रतिभाहरू र कला लुप्त हुन पुगेको अवस्थाप्रति गहिरो चिन्ता व्यक्त गर्दै त्यसतर्फ हामी सवैलाई सचेत तुल्याउनु हुन्छ । हाम्रो नेपाल कै वाँस, घासपात, काठकप्टेरा, रुखका जरा, ढुंगा माटो आदि स्थानीय श्रोतसाधनहरूको प्रयोग गर्ने सोच साँच्चै नै प्रशंसनीय छ । त्यसै गरी, निगालाको नलीमा वुट्टा हाल्ने, विर्के टोपीमा कार्चोपी भर्ने र पछि कार्चोपी भरेरै व्यक्ति चित्र वा भावचित्र वनाउने जस्ता हाम्रा पुराना कलाहरूको लोप न होस् र लुकेर वसेका पीडित कलाकारहरूको व्यक्तित्व त्यसै अज्ञात नरही रहोस् भन्ने महान उद्देश्यवाटै वहाँले यो पुस्तक छपाउन लाग्नु भएको कुरा पनि हामी वुझ्न सक्दछौं । वहाँको यो देशभक्तिपूर्ण राष्ट्रिय भावना अन्य सवै कलाकारहरूका लागि अनुकरणीय दृष्टान्त हुन गएको छ ।

यसै प्रसंगमा, श्री कुलमान सिंहले आफ्नो व्यक्तिगत हित र उन्नतिमा

मात्र केन्द्रित न रही, सामुहिक प्रयासद्वारा कलाको संस्थागत विकास, कलाकर्मीहरूको प्रतिष्ठा एवं अस्मिताको सम्वर्धन अनि राष्ट्रिय विशिष्टता भएका परम्परागत इलम सीपहरूको संरक्षण आदिका लागि नेपाल ललित कला ऐकेडेमीको स्थापनार्थ समितिको सक्रिय सदस्य भएर निरन्तर संघर्ष गर्दै आएको वृतान्त पनि स्मरणीय छ ।

यस पुस्तकमा लेखकको शैली एकदमै सरल र बोलचाले पाराको छ । वहाँ रोचकतासाथ आफ्ना विचारहरु पाठक समक्ष पुऱ्याउन र उनीहरूको मनमा तिनको छाप पार्न सफल हुनुभएको छ । तर केही लेखहरूमा वहाँका कुराहरू दोहोरिन गएको र कतै कतै भाषा र व्याकरणका त्रुटिहरू पनि रहेको पाइन्छ । यो पुस्तक वहाँको त्यति लामो सिर्जनात्मक जीवनको यौटा सानो खण्ड मात्र हो । त्यसैले, वहाँबाट अव पछि पनि यस्ता उपयोगी कृतिहरू पढ्न पाइने छ भन्ने इच्छा हाम्रो मनमा जाग्नु कुनै अस्वभाविक कुरो पनि भएन ।

अन्तमा म, हाम्रा जनकलाकार श्री कुलमान सिंह भण्डारीको दीर्घ रचनात्मक जीवनका लागि हार्दिक शुभ कामना प्रकट गर्दछु ।

खोर्सानी टार, लाजिम्पाट, - गोविन्द भट्ट
काठमाण्डौं ,
इन्द्रजात्रा, २०५३

✵ ✵

भेटवार्ता

बाग्लुङका कलाशिल्पी मोहनमान सिंह वज्राचार्य

मोहनमान सिंह वज्राचार्य

कलाको अध्ययन भ्रमणमा जाँदा वाग्लुङ जिल्लाको सदर–मुकाम शहर कालिका पञ्चायतमा श्री मोहनमान सिंह वज्राचार्यसँग काम सिक्ने र घुलमिल भई कुरा गर्ने सौभाग्य पाएँ । उहाँ वारे यो सानो चिनारी जनसमक्ष प्रस्तुत गरेको छु ।

हेर्दैमा अनाथजस्ता ८६ वर्षीय , अलि कुप्रा, निर्धा, दुव्ला र १० ठाउँमा टालेका कोट, मैलोजस्तो दौरा-सुरूवाल लगाएका मोहनमान वज्राचार्य गुरूलाई देख्दा मनमा करुणा जागृत भयो । " नमस्ते गुरूजी ! " भनी वोल्न थाल्दा पनि मुटुमा भक्कानो छुट्ला जस्तो भयो । मैले कुराको सिलसिला मिलाई पटक-पटक गरी सोधी जम्मा गरेका उहाँका भनाइहरू यस्ता छन् ।

प्रश्न नं. १ - गुरूले कुन उमेरदेखि यसरी यो इलम कोसँग सिक्नुभएको हो र मुख्य व्यवसाय वा सहायक व्यवसायको रुपमा यसको कसरी उपयोग गर्नुभयो ?

उत्तर १ :- सानै उमेरदेखि साथी-साथीसँगमा नै सिक्दै -सिक्दै गर्दा खपतडी निगालोमा बुट्टा कोर्ने इलम अलि-अलि जानिँदै गइयो । त्यो ताका यता धेरै केटाहरू यो बुट्टा कोर्ने इलम सिक्न व्यस्त भएका थिए । केही समय वितेपछि गरेको इलममा हात वस्दै गयो , बनाएको नलीमा बुट्टा राम्रो हुँदै गयो र बिक्री पनि हुन थाल्यो । पहिलो पल्टको विक्रीमा ४ आना डेढ हातको वुट्टे नली विक्री हुँदा निकै प्रोत्साहित भएँ । अनि झन् काममा ध्याउन्न बढ्न थाल्यो । फेरि चाँडै नै अर्को बुट्टे नली १ सुका, आठ आना, १ मोहोर र तीन सुकासम्ममा क्रमश: गरी वेचें । फेरि केही समयपछि आफूमा सीप र भाउ पनि वढ्दै गयो । कुनै भलाद्मी हाकिम र अफिसरले त खुशी भएर ४-५ रुपैयाँसम्म दिएर किन्न थाले । कोही कोहीले त ९।१० रुपैयाँसम्म दिए । यो कुरा १९९० सालको भूकम्पभन्दा धेरै अगाडिको हो। त्यो ताका अरू काम गरेको दैनिक २ पैसादेखि ४ पैसा र नाइके हुनेले अरू ३ आना, ४ आना ज्याला पाउँथे । यता त्यो ताका ज्याला गरेर पैसा पाउन सारै गाह्रो थियो । चामलको भाउमा असल चामल ४ पैसा मानो पाइन्थ्यो । हामीले २-३ दिन काम गरेर ५-१० रुपैयाँ कमाउन पाउँदा सवै दङ्ग परेका थियौं । त्यो वेलाको सस्तो जमानामा प्रशस्त सामानहरू जोडेका थियौं । हामीले यो कामलाई तेस वेला पनि मुख्य पेशाको रुपमा लिन सकेनौं । कारण सवै नियमिन विक्री नहुने, कामको अडर नआउने भएकोले हो । हाल पनि सहायक पेशाको रुपमा नै यो इलमलाई लिएको छु । यो



नलीमा बुट्टा कोरिएको

जिल्ला वा आस-पासको लेकको जङ्गलमा पाइन्छ । त्यहाँका स्थानीय वासिन्दाहरूले पर्व मौसम अनुसार बजारमा वेच्न ल्याउने गर्छन् र १-२ जना पसलेका हातमा यो सवै रहेको हुन्छ । हाल यो किन्न ३-४ हात लामोको ५।-देखि ८।- सम्म पर्छ। हाम्ले बुट्टा भरेको नली किन्ने पसल पनि १-२ ठाउँमा मात्र छ । २० २५ रुपैयाँमा लिन्छन् । जनतामा अव यस्तो नलीमा तमाखु खाने चलन धेरै नै कम भएकोले कम खपत होला । हाल विदेशी टुरिस्टहरू यता आउन थालेका र ४०।- देखि १००।-रुपैयाँसम्म पनि तिरी किनेर लगेका छन् ।

प्रश्न २ :- कति जना चेलाहरूलाई सिकाउनुभयो गुरूजी ? तपाईं जस्तै तपाईंका दमालमा सिक्ने कतिजना साथीहरू थिए ?

उत्तर २ :- म सँगसँगै सिक्ने साथीहरू आठ दश जना थिए । कोही विते, कोहीले यो इलम छोडे , कोहीले यो ठाउँ छोडेर अन्तै गए । अहिले मेरो दमालमा म मात्र वाँकी छु । मैले सिकाएका चेलाहरू पनि धेरैजना थिए । ती मध्ये अहिले २-३ जना छन् अरू नै पेशा लिएर जीवीका चलाउने गरेका छन् । हाल यताका केही केटाहरू यस इलमलाई कलाको रुपमा सिक्न उत्सुक भएको देखिरहेछु । यो एक किसिमको कला फेरि बिकसिन हुन खोजेकोमा मलाई खुशी लागेको छ ।

प्रश्न ३ :- हाल तपाईंको दैनिक अवस्था कस्तो छ ?

उत्तर ३ :- मेरो आफ्नो जहान-परिवार सवै वितिसकेकाले घरजग्गा र घरका सवै भाँडाकुँडाहरू वेचेर खाएँ, कोही इष्टमित्र कहाँ वस्न जाँदा लिएर गएँ । केही वर्ष त्यहाँ वसेपछि हेला गरेको जस्तो लाग्यो र त्यो सामान सवै छोडी फेरि अर्को इष्टमित्रकहाँ वस्न गएँ । त्यहाँ पनि सन्तोषलाग्दो अवस्था त छैन । नैपनि कति वाँच्नु छ र दुःख सहेर वाँचिरहेछु ।

प्रश्न ४ :- वाग्लुङमा तपाईं कहाँवाट कसरी आई पुग्नुभएको हो कृपया भनिदिनु हुन्छ कि ?

उत्तर ४ :- गण्डकी नदीको नजीक हाम्रो घर थियो । त्यो साल वाढी र पैह्रोले घर वगायो । वा पौडी खेलेर पार लाग्नु भएछ, अरू सवै परिवार

लाई वगाएर लगेछ । वा पाल्पा पुगेर जागिर खानु भएछ । त्यो अफिसको हाकिम वाग्लुङ सरुवा हुंदा वालाई पनि साथै लगेछन् । वाग्लुङमा नै अर्को घरजमको लागि विवाह गर्नु भएछ । म वाग्लुङमा नै जन्मेको हुं । अर्को

खवतडी निगालोमा बुह्र कोंदाको सामग्री

हाम्रो घर भक्तपुर शहरको पूर्व छेउमा पर्छ भन्ने थाहा पाइयो र त्यहां गइयो । हाम्रो घर ९० सालको भूकम्पले भत्केको हुंदा हकवाला दाजुभाई खलकले वनाइसकेका रहेछन् मैले केही भनिनं, त्यसै छोडिदिएको छु । (मोधंका सवै कुरा यसरी सगौरव खुशीसाथ सुनाउनुभयो ।)

केही अनुभव

वाग्लुङ शहरमा कहलिएका सिद्धहस्त निगालोमा वुट्टा-खोदक २ जना वयोवृद्ध शिल्पीसंग प्रत्यक्ष सम्पर्क भएर कुरा राम्ररी हुन पायो । त्यहाँ वजारमा अरू पनि केही शिपालु शिल्पीहरू १-२ जना छन् भन्ने थाहा पाएँ । यस जिल्लाभित्र पञ्चायत र आस-पासका अरू जिल्लामा पनि यस्ता शिल्पीहरू अरू पनि छन् भन्ने कुरा सुनें । तर उनीहरू साधारण लहर वुट्टासम्म मात्र कोर्न सक्ने भन्ने वुझेको छु । हामीले कुनै वस्तुको रेखाङ्कन गर्नु परेमा त्यो रेखाङ्कनलाई २-४ पल्ट नदोहोऱ्याइकन कुनै वस्तुको रेखा चित्र तयार पार्न सक्दैनौं । तर गुरू मोहनमान वज्राचार्यज्यू र त्यस्तै अर्को गुरू चामु वज्राचार्यज्यूले निगालोमा सोझै सुइरोले क्वार-क्वार कोरेर मान्छेका र अरू नेपाली अनेक थरी वुट्टा चित्त-वुझ्दो, मन प्रसन्न पार्ने गरी तयार पार्न सकेको देखें । त्यसमा कुनै आवश्यक रेखा कोरिएको थिएन । गल्ती रेखा पनि कोरिएको छैन । छिटो-छिटो वुट्टा कोराई र कालो पोतेर पुछेपछि रेखा ओदाइको डोवमा रेखा प्रष्ट देखिन थाल्छ । त्यति वेला त्यो कामदेखि प्रभावित भएर त्यो वुट्टेदार निगालोको नली जति मूल्य परे पनि किनिहालौं कि जस्तो हुन्छ ।

गुरू श्री मोहनमान वज्राचार्य आफू एकाग्र ध्यानमग्न भएर काममा जोतिई रहन सक्ने तर चेलाहरूलाई सिकाउने उत्साह, फूर्ति र तर्किप उहाँमा नआएको हो वा सुद्धि नै नभएको हो कि जस्तो थियो । वृद्धावस्थाको कारणले नै त्यसो भएको हुनुपर्छ । कामगर्ने वर्कतले नभ्याउने हविगतमा पुगिसकेका,सोझा सज्जन प्रवृतिका देखिनुहुन्थ्यो । सानै उमेरदेखि यो उत्तम सीपका लागि जीवनभरि नै यो कलाको माध्यमद्वारा देश र जनताको सेवा गर्दै आउनुभएको छ उहाँले ।

नेपालमा निगालोमा बुट्टा कोर्नमा सवभन्दा सिपालु त्यस सीपमा सिद्वहस्त ख्याति पाएका वृद्ध अवस्थामा पुगेका कलाकार–को त्यस्तो अवस्था देख्दा जुनसुकै कलाप्रेमीको पनि चित्त दुख्छ । श्री ५ को सरकारको सम्वन्धित

संस्थाले नी वृद्ध कलाकारको लागि खान, वस्न, ओखती उपचार र स्याहार -संचारको चांजो मिलाइ दिन पर्दछ । आमदानीको स्रोत भएका, अनाथ वृद्धहरूले सहयोग कुनै नपाए पनि, अनाथ वृद्धले त यस अवस्थामा आर्थिक सहायता पाउनै पर्छ । नत्र अरू यस्ता अवस्थामा पुगेका कलाकारहरूमा निराशाको लहर आउन सक्छ ।

अव वुट्टेदार खपतडी निगालोका नलीको प्रयोग व्यवहारमा कम भएर गएको छ । तमाखुको अम्वलको लागि यो नलीको खपत हुनमा विस्तारै घट्तै गएको छ । तमाखु पिउनको लागि वुट्टेदार नली प्रयोगमा नल्याइने मात्र होइन, तमाखु पिउने चलन नै नरहन पनि सक्छ । तर यो इलम चाहि मासिनु हुँदैन । वरु यो इलम वढाउनेतिर सवै कलाकारहरूले विचार पुऱ्याउनु आवश्यक ठान्दछु ।

मेरो विचारमा यो निगालोमा वुट्टा कोरी कलात्मक वस्तु तयार पार्ने सीपलाई नलीको रूपमा प्रयोग नगरी, वरू यो वुट्टे निगालोलाई टेक्नको लागि राम्रो शोभा दिने खालको लट्ठीको रुपमा तयार पारी प्रयोग गरे कस्तो होला ?

फलस्वरूप यो पेशातिर आकर्षण वढ्न गई सिल्पीहरूको झुकाव वढ्न जानेछ अनि यसले फेरि कुटिर उद्योगको स्थान लिन सक्ला कि ?

आजभन्दा ३५-४० वर्ष अघिसम्म पनि काठमाडौं शहरमा वुट्टेदार निगालाको कलमले लेख्ने चलन प्रशस्तै थियो । त्यो चलन अचेल धेरै हराई सकेको जस्तो महसुस भएको छ । अचेल कतै त्यस्तो कलम विक्री भएको, कसैले भिरेको वा लेखेको देखिँदैन । एक वित्ता लामो निगालोको माथिल्लो भागमा ४ अंगुल जतिमा वुट्टा कोरेको हुन्थ्यो । तल्लो छेउपट्टी लेख्ने चुच्चो (टुंडो) बनाइन्थ्यो । लेख्नेहरूले किनेर कलमको टुंडो आफै वनाउँथे । यस्तो कलमले लेखेको अक्षर राम्रो टाँका मिलेको हुन्थ्यो । यो जातको निगालोलाई खवतडी सर निगालो भन्दछन् । यो जातको निगालो पाइने ठाउँ र वुट्टा कोर्ने ठाउँ पनि त्यही वाग्लुङ सहर नै हो ।

— "कला र कलाकार"
२०४० वैशाख-असार

म मास्केजीको चेलो

चन्द्रमान सिंह मास्के

मेरो चित्रकारिताप्रतिको आकर्षण तथा झुकाव देखेर वाले मलाई चित्रकला विषयका प्रख्यात गुरूकहाँ लगी केही वर्ष इलम सिकाउन पाए आफ्नो वाटो आफै तय गर्न सक्ने थियो भन्ने वाको मनको धोको अनुसार घर नजिकैको कलाकार गुरू चन्द्रमानसिंह मास्केज्यूकहाँ लैजानु भयो।

यो म केटाकेटी छँदाको कुरा हो। त्यस वेला गुरू भरखर जेलवाट मुक्त भई घर आउनु भएको कुरा पनि सुनाउनु भएको थियो। त्यो कुरा सुनेपछि मलाई चाँडै गुरूकहाँ सिक्न जाने हतारो लागिरहेको थियो। गुरू चन्द्रमानसिंह मास्केसँग वाको राम्रो चिनजान रहेछ। " यही हो मेरो छोरा। यसले गरेका कामहरू यतिसम्म भएका छन्" भन्दै मैले गरेका चित्रहरू देखाउन लाग्नुभयो। "अव यसलाई यही काममा पारङ्गत पारिदिनु होला। यसले तपाईंको सम्पर्कमा रही अवश्य केही इलम सिक्नेछ " भनी वाले मलाई चन्द्रमानसिंह मास्केज्यूको जिम्मा लगाई दिनुभयो र म त्यस वेलादेखि गुरू चन्द्रमान मास्केज्यूको कलाकारितामय जीवनसँग घनिष्ठ हुँदै र वहाँको उत्कृष्ट कलाकारिताको ज्ञानमा भिज्न अझै प्रयत्न गर्दै काम सिकिरहेको छु।

यहाँ त्यति वेला १९९७ सालको राजनैतिक घटनाको क्रममा पक्राउमा परी घरखेतलगायत सारा जायजेथा सर्वस्व भएर जेल परेको कारण राजा त्रिभुवन र प्रजातन्त्रको पक्षमा आफ्नो सीपलाई प्रयोग गरेको भन्ने आरोप

लागेको कुरा सुने तापनि मलाई त्यो विषयमा चासो नभएकोले त्यसबारे कहिल्यै गुरू बारे अरू कसैसंग चर्चा उठाइंन। चर्चा उठाउन पनि आफूसंग सुहाउंदो पृष्ठभूमि वा कुनै खुबी भएन भनुं वा प्रसंग मिलाइं कुरा उठाउन जानिनं भनुं। मेरो खास उद्देश्य त प्रष्टसंग छर्लङ्ग हुने गरी छाँट पारेर रेखा कोर्न र स्वाभाविक ढङ्गले रंग भर्न ब्रस चलाउन सिक्नु थियो। त्यसैले गुरूसँग भ्याम्मिदै आफूले कोरेको रेखा कोराइका त्रुटिहरू औंल्याउंदै प्रष्ट बुझिने गरी बताउनु भई सो काम सच्च्याइदिनुहुन्थ्यो। त्यसै गरी रङ्ग भर्ने र ब्रस चलाउने तरिका पनि बडो चित्तबुझ्दो ढंगले सिकाउनु हुन्थ्यो। यो सीप दिने सुयोग्य अर्थात् कुशल गुरू पाउन सकेकोले अब म आफ्नो जीवन बाटोमा यस सीपलाई आफ्नो हविगतले भ्याएसम्म उकास्दै लैजान्छु भन्ने आँट बढेको थियो।

जेलबाट छुटेपछि गुरू चन्द्रमानसिंह मास्केज्यू कालीमाटी बजारको गोपाल बाजे (गीता गुरू) को घरमा डेरा गरी बस्नुहुन्थ्यो। म र मजस्ता अरू चारपाँच जना सिकारूहरू पनि त्यही रेखा कोर्न र रंग भर्न सिक्थ्यौं। पारसमणि रन्जितकारजीलाई पनि त्यहींदेखि चिनेको थिएँ।

गुरू मास्केज्यू त्यति बेला स्कूलमा शिक्षक पेशा अपनाई जीविका गर्नुहुन्थ्यो भन्ने थाहा पाएको थिएँ। पढाउने लगायत अरू कुनै सहायक पेशा अपनाएको हुनुपर्छ भन्ने लागेको थियो। उहाँको जीवनप्रति मैले कहिल्यै गहिरिएर विचार गरिनँ र खोजीनीति गर्ने पट्टि लागिनँ तर अहिले आएर मैले ठूलो मौका चुकाएँ भन्ने लागिरहेको छ। पहिलो पत्नीको देहान्त भए पछि गुरूको दोस्रो विवाह गर्नुभएपछिका बालबच्चाहरू सबैसँग बोलचाल, हिमचिम राम्रो तर घनिष्ठचाहिं हुन सकेको थिइनँ।

काम सिकाइसकेपछिको फुर्सदमा हामीहरूलाई वरिपरि राखी उहाँले विभिन्न समय र अवस्थाहरूमा तयार पारेका कलाकृतिहरू एक-एक गरी कुरा बुझाई बुझाई देखाउनु हुन्थ्यो। ती मध्ये कुनै चित्र पूरा भइसकेका र कुनै अधुरा थिए। कुनै जेलमा बनाएका, कुनै हालसालै बनाएका र पुराना पनि थिए। जेलमा बनाएका चित्रहरू मध्ये बुद्ध भगवान्‌को जीवनी चित्रहरू

उल्लेखनीय छ। "नेपालका सांस्कृतिक परम्पराको झलक र कृष्ण भगवान्‌को मुरलीधर रुपमा अभयदान " स्वरूप चित्र ज्यादै मनमोहक थियो । मलाई साह्रै चित्त वुझेको अर्को चित्रमा भगवान वुद्धले जंगलमा तपस्या गर्दा-गर्दा दुव्लो र जीर्ण शरीर देखेर गोठालालाई करूणा लागेर वाखाको दूध दुहेर थुनदेखि तपस्वीको मुखसम्म सिर्का पारेर दूध खुवाइरहेको चित्र । त्यो चित्र मेरो जीवनका अविस्मरणीय कुराहरूमध्ये एक हो । चित्रमा रंग भराइको स्वाभाविक विशेषता पनि ज्यादै उच्चस्तरको मानेको छु । हुनत गुरूका जुनसुकै कलाकृति पनि त्यतिकै गुणस्तरयुक्त हुन्थ्यो । साथै विभिन्न महानुभावहरूमा व्यक्ति-चित्रहरू र भाव-प्रधान चित्रहरू पनि वरावर हेरिरहन पाइने भएकाले हामीले सिकाइमा प्रेरणा थपिरहने गर्थ्यौं ।

हामी वहाँका चेलाहरू विद्यार्थी जीवन व्यतीत गरेर जीवन निर्वाहका लागि विविध पेशामा लाग्यौं । घर-व्यवहारका समस्याका भुमरीमा पनि रन्थनिरहेको भए तापनि यसो कुनै उपायले फुर्सत निकाली हामी गुरू चन्द्रमानसिंह मास्केकहाँ पुगिहाल्थ्यौं । कहिले केहीवेर भलाकुसारी गरेर मात्र पनि फर्कन्थ्यौं भने कहिले अवस्था हेरी तीन - चार घण्टा पनि वसेर चित्रकला सम्वन्धी छलफल गर्थ्यौं। कहिलेकाहीं सीमित समय लिई गुरूलाई भेट्न जाँदा भने वितेका कुराको सिलसिलावद्ध गफले लामो समय ओगट्दा भने हामीलाई छलफल कहिले टुङ्गेला भने जस्तो अधैर्यताको अनुभव हुन्थ्यो र अनेक वहाना वनाई चाँडै फर्कन्थ्यौं । फेरि गुरूको गफ जति सुने पनि सुनिरहुँ जस्तो मिठासपूर्ण हुन्थ्यो । कुनै दिन दिनभरि नै फुर्सद मिलाएर कुरा गर्नुपर्ला भन्ने मनमा लागिरहन्थ्यो ।

यसरी धेरै वर्ष विते, भेटघाट कुराकानी जारी भइरहे, कुराको नयाँ-नयाँ सिलसिला आइनै रह्यो । गुरू र ममा प्रेम र सद्‌भावनाको विकास-श्रृङ्खला थपिंदै गयो । यसरी नेपालमा कलाको विकास गर्ने भन्ने चिन्तन-मननको निष्कर्षको उद्‌भव भयो । त्यही निष्कर्ष अनुरूप कला एकेडेमी स्थापना समितिको गठन भयो । त्यसमा मलाई पनि साधारण सदस्य भई आवश्यक कामहरू गर्नुपर्ने भयो । नेपालमा कलाको विकास

अविरल गतिले निरन्तर भैरहनका लागि कला एकेडेमी चाहिन्छ भन्ने कुराको कलाकार–हरूमा प्रचार हुन थाल्यो । यस समितिको वैठकको सिलसिलामा गुरू मास्केज्यूका साथै हामी धेरै साथीहरू वेलावेलामा भेला हुने मौका मिल्यो । गुरूज्यूको अध्यक्षतामा भेला हुँदा हामीलाई कला विकासको वाटो पहिल्याउन निर्दिष्ट हुने सौभाग्य मिल्यो। यसरी नै विभिन्न कार्यक्रमहरूको सिलसिलामा भेला भैरहने मौका मिलिरह्यो ।

अस्सी नाघिसकेको उमेरको कारणले गुरूलाई कमजोरी र अस्वस्थताले वरोवर धक्का दिंदै ल्यायो । त्यसैले म भेला-समयवाहेक पनि गुरू हेरचाहको लागि जान थालें । गुरू मलाई त्यहीं वसिरहे हुन्थ्यो वा चाँडो घर नफर्कोस् भन्ने भाव झल्किने गरी कुरा गरिरहनुहुन्थ्यो । छिटो-छिटो आफ्ना पुराना कुराहरू सुनाउनुहुन्थ्यो। "चित्रकला वाहेक अरू कलात्मक र व्यावसायिक विभिन्न जे-जति प्राविधिक काम म आफूले जानेको छु ती सवै काम (मलाई औंल्याउँदै) वावुलाई सिकाउन चाहेको छु " भनी गुरू भन्नुहुन्थ्यो । " यस सम्वन्धमा उपयुक्त चेलाको खोजी गरिरहेको थिएँ। तपाईंलाई पाएँ, अव चाँडो ती कलात्मक कामहरू सिकाईदिन्छु। फुर्सदको वेलामा सो वारे सम्झाउनु है " भनी गुरूले भन्नुहुन्थ्यो। तर जहिले पनि म उहाँकहाँ गएको वेलामा त्यहाँ गुरूसित भेटघाट गर्न आउने महानुभावहरूको त्यति वेला घुइँचो वढेरै गएकोले " फुर्सदको वेलामा सो वारे सम्झाउनु है भन्नुभए अनुसार उक्त कुरा सम्झाउने मौका पाउन सकिनं , र त्यो मौका टऱ्यो। गुरूले जोशिएर अरू कुरा थप्दै भन्नुभएको थियो । "मैले अन्तर्राष्ट्रिय विभिन्न मित्रराष्ट्रहरूमा भ्रमण गर्ने अवसर पाएको छु । कति मुलुकमा त तत्कालीन श्री ५ महाराजाधिराज महेन्द्र सरकारको राजकीय भ्रमणदलका साथमा सम्मिलित भै जान पाएको छु। स्वर्ग हो कि जस्तो र माइलो र सुखदायी वातावरण भएका मुलुकहरूमा स्वागत पाउनुका साथै मित्रतामा ठूला उपलव्धिहरू हुन पाउने कुराहरू त्यहाँका मित्रहरूसँग गर्न पाएको त्यो कुरा सम्झँदा अहिले पनि म त दंग पर्छु। छिमेकी मित्रराष्ट्र जनवादी गणतन्त्र चीनमा गएर फर्केका साथीहरूले त्यहाँका विभिन्न क्षेत्रमा

उन्नतिको वयान सुनाएको हुँदा आफू पनि त्यो देश हेर्न जान पाए कस्तो हुन्थ्यो भन्ने लागेको थियो । नभन्दै सौभाग्यवश मित्रराष्ट्र चीनतर्फवाट भ्रमणको लागि व्यवस्था मिलाइदिएको थियो । तर उक्त भ्रमणको लागि राहदानी लिन सम्वन्धित अड्डामा कति धाउँदा पनि राहदानी नै लिन नसकिएर त्यो समय टरेर गयो (गुज्रियो) फेरि यस्तो मौका पाउन गाह्रै पर्ला । निम्त्याइएको त्यो भ्रमण-अवसर खेर गएकोमा साह्रै चित्त दुखेको छ । " त्यसैक्रममा अरु कुरा थप्दै उहाँले भन्नुभयो " चित्रकलाको क्षेत्रमा परम्परागत र आधुनिक गरी दुवै शैलीमा चीनले उच्चस्तरका उपलव्धिहरू हासिल गरेकाले त्यहाँका पुराना र नयाँ पुस्ताका कलाकारहरूसँग भेटी कला विकास सम्वन्धमा कुरा गर्ने ठूलो धोको थियो, सो पुरा हुन सकेन । " गुरू चन्द्रमान सिंह मास्केज्यूले कसरी संक्षेपमा भन्नुभयो ।

घर-व्यवहार धान्नका लागि कमाउन चार पाखा ढाक्दै दौडिनुपर्ने उमेरको अवस्था नरहेको र पहिले आफ्नो जति कमाएको वा छोराछोरीले कमाएको खाई सुविस्तासँग वस्नुपर्ने वृद्धावस्थाको वेला हो । आफूले व्यवहार मा भोगेका जीवनसंघर्षमा कमाएका अनुभवहरूको ज्ञान र सीपका कुराहरू छिटो - छिटो अनुयायी (चेला) हरूलाई ती अमूल्य अनुभवहरू आफू नवित्दै दिई उकास्नुपर्ने काम-कर्तव्य देख्नुभएको हुँदा कला विकासको कुराहरू जुनसुकै भेटमा पनि भनिरहनुहुन्थ्यो । " एउटा अर्को कुरा भनुँ वावु , यो वरोवर नै वावुलाई र अरूलाई सुनाइरहेको हुँ, फेरि पनि सुनिराख, मलाई आफ्नै जीवनमा चित्रकला संग्रहालय (आर्ट–ग्यालरी) सरकारी स्तरवाट नै खोल्न लाउने ठूलो धोको थियो । त्यो एउटा हामी कलाकारहरूको लागि अत्यन्तै जरूरी काम थियो । मैले मेरो जीवनकालमा पूरा गर्न सकिनँ भने वावुहरूले कसै गरी पनि त्यो काम पूरा गर्ने प्रयत्न छाड्नु हुन्न" भन्नु भयो । "आधुनिक ढाँचाले भव्य ग्यालरी सहरकै नजिक वनाउन सरकारले नसकेसम्मका लागि अस्थायी रुपमा हनुमानढोकाको पुरानो वैठक (हाल मुद्रा संग्रहालय) लाई चित्रकला संग्रहालयको लागि सरकारसँग विन्ति गर्नुपर्छ" भन्नुभएको थियो । "मैले जीवनमा वनाएका सम्पूर्ण चित्रहरू

जेलमा वस्दा वनाउनु भएको माटोको मुर्ति

सरकारलाई दिन्छु। त्यो चित्रकला कालान्तरसम्म सुरक्षित रहोस्। नेपालको लागि जहाँ ग्यालरी वन्छ त्यहाँ मेरा चित्रकलाको लागि पनि एउटा मास्के कक्ष रहोस्। मैले वनाएका चित्रकलाहरू सर्वसाधारणसमेत सवैले हेर्न पाउने व्यवस्था होस्। मलाई यता केही महिनादेखि शारीरिक अस्वस्थताले च्यापेर ल्याएको छ। कुनै दिन घुम्रुक्कहुन सक्छु। वावु, यो कुरा हाम्रा अरू कलाकार साथीहरूलाई पनि वरोवर सुनाइरहनुपर्छ। सवै कलाकार-हरूको आवाज सरकारसमक्ष पुऱ्याउन सकेमा अवश्य सरकारले ढिलो वा चाँडो व्यवस्था गरिछाडछ" भन्नुभएको थियो। यसरी कुरैकुरामा एकदिन मुर्तिकलावारे कुरा उठ्यो। दुइवटा माटाका मूर्ति र एउटा काँचको मूर्ति दराजवाट झिकी देखाउनुभयो। यो मूर्ति पहिलेदेखि नै देखिआएको भए

पनि त्यस बारेका बयानहरू सुनेको थिइनँ। "म जेलमा छँदा चूलो बनाउन उनैले (नजिक बसिरहनुभएकी श्रीमतीलाई देखाउँदै) पठाएको माटो उवारी बढी भएको माटोबाट यो मूर्ति बनाएँ। जेलमा चित्र बनाउनलाई कागत लग्न पाइँदैनथ्यो। पुरानो लुगालाई चाहिएको साइजमा च्यातेर चित्र लेख्न हुने गरेर विधि पुऱ्याई चित्र लेख्थें" भन्नुभयो। "यो काँचको मूर्ति पनि नेपालकै खनिज पदार्थबाट बनाई पाक पुऱ्याएर पोलेको हो" पनि भन्नुभयो। त्यो काचँको मूर्ति नेपाली हो भन्नै गाह्रो पर्छ। रुप र छाँटमा नेपालीत्व राम्ररी झल्कने र अरू प्राविधिक हिसाबले पनि उच्च स्तरकै देखिन्छ।

यता केही वर्षदेखि हामीलाई गुरू मास्केज्यूप्रति चासो बढ्दै गयो। यसरी उहाँको सम्पूर्ण जीवन बुझ्दै जाँदा वहाँ चित्रकलाको क्षेत्रमा यस युगकै महान् प्रतिभाशाली व्यक्तित्व हो भन्ने कुरा मलाई लाग्न थाल्यो। म झन् झन् भ्याम्मिदै नजिकिन थालें। मैले वहाँबाट अरू थुप्रै प्राविधिक ज्ञानहरू र व्यावहारिक आदर्शका साथै देशभक्तिका कुरा सुन्दा यो वहाँमा भएका ती असल गुणहरू पहिले थाहै रहेनछन् भन्ने लाग्यो। वहाँ व्यावहारिक कठिनाइका भुक्तभोगी, जागरूक र चेतनशील अग्रगामी व्यक्ति हुनुहुँदोरहेछ भन्ने कुरा बल्ल मलाई लागेको बेलामा "कला र कलाकार" भन्ने पत्रिकामा मास्के अंक जस्तै गरी अन्तरवार्तासहितको रमेश खनालज्यूको लेख छाप्यो। त्यसको केही महिनापछि रमेश खनालले नै चन्द्रमान सिंहको संक्षिप्त जीवनी पुस्तिका प्रकाशित भयो। फेरि केही समयपछि "इनाप" भन्ने नेपालभाषाको साप्ताहिक पत्रिकाले प्रकाशित गरेको गुरू मास्केज्यूको अन्तरवार्ता पढ्न पाएँ। त्यो अन्तरवार्ता १ देखि ५ पटकसम्म प्रकाशित भयो र वहाँ बित्नुभएपछि पनि एक पल्ट बाँकी अन्तरवार्ता र बितेको कुरा समेत गरेर ६ पटक "इनाप"मा वृतान्त कुरा निकालिदिंदा गुरू मास्केका अनुयायी चेलाहरूलाई वहाँ बारे अरू कुराहरू अझ बढी जान्न ठूलो सघाउ मिल्न गएको छ। यसरी विभिन्न पत्रिकाहरूले लेख निकाली गुरू मास्केबारे थुप्रै ऐतिहासिक र शिक्षाप्रद कुराहरू देखाई हामी पाठकहरूलाई



मुखाकृति (प्यास्टल)

धेरै सघाउ पुऱ्याएको पाएँ ।

चित्रकलाको क्षेत्रमा व्यक्तिगत रुपको साथै सामुहिक र संस्थागत रुपको विकासमा पनि वहाँ जिन्दगीको लामो समयसम्म मरिमेटेर लागिरहनु भएको थियो । उदाहरणस्वरुप २००७ सालदेखि नै अनेक असजिला स्थितिहरू पार गर्दै कलासम्वन्धी अनेक नाउँका संगठन खोली त्यसको माध्यमवाट कलाको उत्थान हुने धेरै कामहरू वहाँले गर्नुभयो ।

हालै आएर आफू अध्यक्ष भएको " कला एकेडेमी स्थापनार्थ समिति " को तर्फवाट आँटेको काम पूरा गरेरमात्र मर्ने वहाँको जुन महान् पवित्र इच्छा थियो त्यो पूरा हुन नपाउँदै वित्नुभएकोमा हाम्रो मनमा ज्यादै खल्लो लागिरहेको छ ।

सोखिन वा पेशेवर कलाकार हुन चाहने धेरै जना विद्यार्थीहरूलाई आफूले दिलोज्यानले कला शिक्षा निःस्वार्थ एवं निः शुल्क रूपमा दिनुभएको देखेको र भोगेको छु । कला सिकाउँदाको वहाँको शैली सजिलोसँग बुझिने छिटो-छरितो ढंगको थियो । चित्तवुझ्दो जाँगर लाग्ने मन प्रशान्त भई उत्साह वढ्ने गरी गहिरिएर ध्यान दिई मलाई सिकाउनु भएको थियो । मैले पनि त्यसै गरी गहिरिएर ध्यान दिई सिकेको हुँदा रेखा सम्वन्धी काम गर्दा जहाँ जहिले पनि अघि सर्न समर्थ भएको छु । चित्रको काम सिकाउँदा वा अरू नै व्यवहारिक कुराहरूमा मिटिङ्गमा वस्दा समस्या र असजिलो पर्दा पनि गुरूले झर्कोफर्को खिसी गर्ने खालको वोलीवचन कहिल्यै पनि अरू शिक्षार्थीहरूलाई र मलाई प्रयोग गर्नु भएको सुनेको थिइनँ । त्यसको सट्टा वरू धैर्यपूर्वक सिकाउनुको साथै माया-दया र प्यार-स्नेहको भाव झल्काउनुहुन्थ्यो । कहिले गम्भीर भएर वोल्नुहुन्थ्यो भने कहिले ठट्यौलो खालको कुरा गरी हँसाउनु पनि हुन्थ्यो । यसरी आफ्ना शिक्षार्थीहरूलाई रमाइलो वातावरण सृजना गरी हौसल्याउनु हुन्थ्यो । गुरूकहाँ शिक्षार्थीहरूलाई आउने जाने समय र दिन तोकिएको हुँदैनथ्यो । काममा जाँगर लागेमा वा इच्छा भएमा जति वेरसम्म काम गरिरहे पनि सुविधा थियो , यसरी त्यहाँ चित्रकला सिक्ने चेलाहरूको धुइंचो लागेको हुन्थ्यो । धेरै जना चेलाहरू कला अध्ययन क्षेत्रको वाटो तय गर्दा गुरू चन्द्रमानसिंह मास्केज्यूको रेखाकारिता र रङ्ग पोताइको जगवाट उठेर पौराणिक र आधुनिक कला मन्दिरको गजुर छुन सक्ने अवस्थामा पुगेका छन् ।

मलाई रेखा कोराइको प्रभावमा त्यसप्रति झुकाउ वढ्यो । स्वाध्यायनमा प्रयत्न गरी अभ्यास वढाउँदै लगें-रेखा कोराइको साथै रंगहरू वारे पनि ज्ञान र व्यवहार वढाउने सिलसिलामा वरपरका दृश्य चित्र उतार्न अभ्यास

गर्दै जाने गरेको थिएं ।

रंग भराइका झिलिमिलिले झन झन चित्र लेख्ने रहर मनमा बढ्दै गइरहेको थियो । एकदिन गाउँ नजिकको फाँटमा गई दृश्य चित्र उतारिरहेको थिएं । त्यस वेला एकजना नजिकैको प्रौढ अवस्थाका (पाको उमेरका) तुलसीलाल तण्डुकारजीले मैले लेखिरहेको दृश्य चित्र हेर्दै " त्यो केटा पनि मास्के हुन लागेछ भन्ने तारिफ गर्नुभएको थियो । त्यति वेला त्यो शव्द सुन्दा अनौठो लाग्थ्यो । त्यसको जवाफमा मैले केही वोल्न जानिनँ र चूप लागिरहें । तैपनि त्यो शव्दको अर्थ के होला भनी मनमा खुल्दुली लागिरहेको थियो । त्यो घटनाले केही वर्षपछि गुरू मास्केकहाँ चित्रकला सिक्न जान थालेको निकै वर्षपछि मात्र त्यति वेला तुलसीलाल तण्डुकारजी (हाल वहाँ वृद्धावस्थाको जीवन भोगिरहनु भएको छ) ले भन्नुभएको कुरा सम्झँदा वल्ल वहाँले भन्नुभएको अर्थ आफैं खुल्यो । यसरी त्यति वेला नै गुरू मास्केजीको कलाकारिता गुणको सुवास देशको चारैनिर फैलिसकेको रहेछ भन्ने कुरा वुझें ।

गुरू चन्द्रमानसिंह मास्के पुरानो परम्परावादी सामन्ती संस्कारभित्र जन्मी हुर्की जीवनभर त्यही जंजालभित्र जेलिएको भए पनि हामीभन्दा धेरै आधुनिक प्रगतिशील, जोशिलो, अग्रगामी, परिवर्तनशील भई कलाको क्षेत्रमा उभिनुभएको वहाँलाई देखेको छु । वहाँ कलाको विकासको लागि वाठो, चनाखो, वोल्नसक्ने, जान्ने खप्पिस पनि हुनुहुन्थ्यो । यसरी यो अवस्थामा यो कुरा वोलेमा यो काम वारे संस्थागत विकास र हितमा यसरी ठीक ठाउँमा पर्छ भन्ने कुरा अगाडी नै वहाँको मनमा प्रष्ट भैसक्ने हुँदा र सो अनुसार व्यवहार गरेको हुँदा वहाँका दूरदर्शितावाट म प्रभावित जस्ता लागे पनि व्यवहारमा उत्री सवैलाई चित्त वुझ्ने गरि काम गर्ने कलाकारहरू कम पाएको छु । यसरी कलाको विकास गर्न हुरूक्क भई मरिमेट्ने हाम्रा गुरू मास्के जस्ता कलाकार हाम्रो देशमा जन्मनु र हामीले हाम्रा जमानामा हामी संगसंगै काम गर्न पाउनु मेरो लागि ठूलो सौभाग्यको कुरा हो । वहाँको गुण र सीपलाई युगौंसम्म जीवित राख्न हामीले निरन्तर लागि नै रहनुपर्छ, यो हाम्रा ठूलो कर्त्तव्य हो ।

आदरणीय गुरू तेजबहादुर चित्रकारप्रति कृतज्ञता



तेजवहादुर चित्रकार

आफूले सिक्दै आएको चित्रकला इलमलाई अझ उकास्दै लाने अभिप्राय आफूमा प्रवल थियो । त्यसैवेला मलाई माया गर्ने आफन्तहरूले पनि सल्लाह दिए अनुसार उपयुक्त पाठशाला खोजी रहेको थिएँ । काठमाडौं शहरको भोटाहिटी टोलमा (दरवार स्कूलसँगै) चित्रकला इलम सिकाउने जुद्धकला पाठशाला छ भन्ने कुरा पत्तालगाई त्यहाँ सिक्न गएमा चित्रकला सम्वन्धी इलम राम्ररी सिक्न पाइन्छ, भन्ने अभिलाशा राखेर १९९८ सालको हिउँदमा त्यहाँ भर्ना हुन गएँ । मैले घरमा लेखेका चित्रहरू त्यहाँ गुरूलाई देखाएँ । ती चित्रहरू देखेर गुरू खुशी हुनु भयो । अव यहाँ भर्ना भएपछि झन राम्रो वनाउन सकिने हुने छ, पनि भन्नु भयो । भर्ना गराउनको लागि रेखा कोर्न पाठ दिनु भयो । त्यो

दिनु भएको पाठ सकेर देखाएँ त्यो हेरी गुरूले ठिक्क छ भन्नु भयो। भर्ना गर्नको लागि आवश्यक अन्तरवार्ता लिनु भयो । गुरूले सोध्नु भएको प्रश्नको राम्ररी जवाफ दिएँ । त्यस पछि गुरूले मेरो नाम, थर, वतन कापीमा दर्ता गर्नु भयो । अनि दराजबाट कागज सिसाकलम र इरेजर झिकेर दिनु भई बेन्च र मेच देखाई बस भन्नु भयो। बसि सकेपछि कामको विषय दिनु भयो । त्यहाँ कक्षामा अरू साथीहरू पनि थिए । उनीहरू सबैजना मतिर हेरिरहेका थिए। त्यहाँ नजिकै हाम्रो गाउँको एकजना साथी पनि देखें। उहाँ मेरो नजिकै आउनु भयो र गुरूको अगाडि मेरो बारेमा अरू सिफारिस थपिदिनु भयो । त्यसले गर्दा गुरूको मप्रति अरू विश्वास थपियो। ती साथीको नाम नारायण पुरी हो। हामी सानामा सँगै खेल्थ्यौं। हाल पनि उनीसँग मेरो राम्रो प्रेम भावना कायमै छ । मैले त्यसै बेला नारायण पुरीजीसँग सोधें। उनले आफ्नो बारेमा र गुरूको बारेमा भने "म यो जुद्धकला पाठशालाको पिउन काम गर्ने जागिरमा छु, मेरो यो पाठशालाप्रतिको काम गराई देखेर गुरूहरू सबैजना मदेखि खुसि हुनुहुन्छ। तपाइँलाई काम सिकाउने गुरू पनि ज्यादै बेस हुनुहुन्छ। उहाँ मलाई ज्यादै माया गर्ने गर्नु हुन्छ। मैले भनेका कुराहरू उहाँले मान्ने गर्नु भएको हुँदा नै मैले तपाईंको बारेमा केही भन्न सकेको हुँ।"

भोलिपल्ट गुरूले स्कूलमा दिएको पाठ सकेर देखाउन लगें। त्यो गरेको काम हेर्दै त्यसमा सिकाउनु पर्ने, भन्नु पर्ने, काम-कुराहरू सिकाउनु भयो । उहाँले मप्रति ज्यादै माया र स्नेह प्रकट गरी स्कूल बाहेकको समयमा मेरो घरमा आउनु त्यहाँ अरू चित्रकारहरूसँगै काम गर्नु, यो कुरा गुरूले आफै प्रकट गर्नु भएकोमा मैले ज्यादै खुसी प्रकट गरी सहर्ष गुरूको त्यो बाणी स्वीकार गरें। मैले गुरूको त्यो आज्ञा सहर्ष नै मानेपछि गुरूको मुहारमा मुस्कान भरिएको थियो। चार बजे स्कूल छुटेपछि गुरूले मलाई साथैलिई आफ्नो घरमा लानु भयो । त्यहाँ पुगेपछि गुरू आमाका साथै घरका सबैसँग परिचय गराउनु भयो। त्यहाँ काम सिक्न आइरहेका १० जना जति चेलाहरू काममा व्यस्त थिए । म त्यहाँ पुगेपछि सबैको

ध्यान मप्रति तानिएको देखें । उनीहरू मेरो वारेमा जान्न उत्सुक देखिन्थे । त्यतिखेरै गुरूले दोहोरो परिचय गराइदिनु भयो । ती अरु चेलाहरू बसेको सुकुलमा मलाई पनि बस्ने ठाउँ मिलाइयो । काम गर्नको लागि बाक्लो कागत, सिसाकलम र इरेजर दिनु भयो । काम गर्नको लागि पाठ पनि दिनु भयो । त्यस दिनदेखि सधैं विहान बेलुका विदाका दिनहरूमा पनि गुरूकहाँ गै चित्रकलाको काम सिक्थें ।

गुरूले पहिले शुरू शुरूमा फोटोबाट र अरू राम्रा राम्रा छापाचित्रहरूबाट 'कपी गराउने' काम सिकाउनु भयो । त्यसमा रेखा कोराई ठीक बेठीक, छाया भर्ने कायदामा मिले नमिलेको र रङ्ग लगाइमा मिले नमिलेको आफूले हेरी सम्झाई सम्झाई गल्तिहरू सच्याइदिनु हुन्थ्यो ।

त्यहाँ काम सिक्न आउने चित्रकार साथीहरूमा अहिले पनि सम्झनामा आउने गरेकामा केशव चित्रकार, तीर्थमान चित्रकार, आशाकाजी, दिलवहादुर पाटन, गुणवहादुर पाटन, हेमवहादुर र अमर चित्रकार आदि छन् । ती साथीहरूमध्ये कोही कोहीसँग अहिले पनि कहिले काहीं वाटोमा भेट हुन्छ । भेटेको वेलामा हामीले आरामी भलोकुसारीका साथै पुराना सम्झनाका कुरा र नयाँ प्रगतिका कुरा गर्ने गरिआएकाछौं । हालै केशव चित्रकार मेरो घरमा आउनुभयो । साथै श्रीमती पनि ल्याउनु भएको थियो । उहाँहरूलाई आफ्नो घरमा स्वागत गर्न पाउँदा ज्यादै खुसी लाग्यो । दिल खोलेर आ-आफ्ना सुख दु:खका कुराकानी गरिम् र मन हलौं पारिम् । "सम्झना आइर हेको र भेट्न मन लागेको हुँदा आएको " भन्नु भयो । यसरी घरमै वा वाटो घाटो जहाँ भएपनि कलाकार साथी भाइहरू भेटघाट हुँदा सारै खुसी लाग्ने कुरा हो ।

नि:स्वार्थभावनाले विना शर्त नाता नपर्ने, भाषा,फरक जाति फरक, क्षेत्र र ध्येय फरक भएका हामी गुरू चेलामा दया, माया, आदर प्रेमले मलाई प्रष्टसँग इलम सिकाउन आफ्नै शिक्षण सामाग्री प्रयोग गर्न दिई तयार भएका चित्रहरू मलाई नै दिँदै "घर लैजाऊ, वा-आमा आफन्तहरूलाई

देखाऊ अनि विक्री भएमा वेची घर खर्च गर्नु .... भन्न सक्ने महान् आत्मा भएका गुरू उहाँ हुनुहुन्थ्यो। साम्प्रदायिक भावनाको वोलवाला भएका युगमा त्यस्ता जानी स्वभावका महान आत्माका गुरू कुन संजोगले पाउन सकेछु। अझ उहाँले कुनै वेला विक्रीको प्रवन्ध समेत मिलाइ चित्र विकाइ आएको मूल्य मलाई दिलाइदिनु भएको थियो। यसरी सीपका साथै मलाई आर्थिक सघाउ हुने व्यवस्था मिलाई दिनु भएको थियो।



तेजवहादुर चित्रकार चित्र वनाउनु हुँदै

उहाँको वुईंगल कोठामा ठूलठूला नेल-चित्रहरू वनाइन्थे। राजा महाराजाका, रानीसाहेवहरूका, जरसाहेवहरूका वावुसाहेवहरूका चित्र त्यहाँ वनिरहेका हुन्थे। हामी त्यहाँ आफूले वनाएका मिकारू चित्रहरु देखाउन लग्थ्यौं। हाम्रो काममा भएका त्रुटीहरू गुरूले देखाइदिनु हुन्थ्यो र अनि मात्र आफ्नो काम फेरि गर्न थाल्नुहुन्थ्यो। हामी काम देखाउन जाँदा उहाँ आफ्नो काम विथोलिएको मान्नुहुन्नथ्यो। त्यतिवेला हामी त्यो भव्य नेल चित्रको

काम गुरूले गरिरहनु भएको ढाँचा हेरिरहन्थ्यौं । त्यस्तो पोशाक लगाएका राजाका ती तेल चित्रहरू ज्यान भएका जस्ता उत्लिखेर वोलीहाल्ने जस्ता लाग्थे । हामीहरू चित्रदेखि मोहित भएको देखि गुरूले एकपटक भन्नुभयो "वावुहरू हो ! यस्तै चित्र पछि तिमीहरूले पनि वनाउनु पर्ने छ , राम्ररी हेरेर सिकिराख ।" गुरूले यस्तो काम ज्यादा जसो विदाको दिनमा गर्नुहुन्थ्यो । चाँडो काम सक्ने जरसाहेवको मर्जी आएमा विदा लिएर पनि काम गर्नुहुन्थ्यो । यस्तो विदा लिई काम गर्न गुरू घर वस्नु भएमा हामी पनि त्यतिवेला वढी काम गर्ने गर्थ्यौं ।

स्कूलमा सिकाइने विषय चाहिं पाठ्यक्रम अनुसार थियो भने गुरूकहाँ सिक्ने विषय चाहिं आफ्नो रूचि अनुसार स्वतन्त्र खालको थियो । कहिले स्केच (रेखाङ्कन) गऱ्यो, कहिले सेडिङ (छायादिने) कहिले कलरिङ (रङ्गभर्ने) गऱ्यो, यसरी किसिमहरू फेरी फेरी काम गर्थ्यौं । स्टिललाइफ (अगाडि वस्तु राखेर) लेख्ने काम कहिले काहीं हुन्थ्यो भने कुनै वेला छाया अनुसार दुरुस्त पार्न खोज्थ्यौं । वस्तु राखी लेखिने चित्रहरूमा हामीहरू आ-आफ्नो ठाउँवाट लेख्न थाल्दा परिणामस्वरूप व्यक्तिको शैली अनुसार र कोण अनुसार चित्रले वेग्ला वेग्लै रूपमा आफ्नो स्वरूप देखाउँथ्यो । आखिरमा गुरूलाई चित्र देखाई नमिलेको ठाउँमा गुरूको आज्ञा अनुसार मिलाई चित्र तयार गर्थ्यौं ।

गुरू तेजवहादुर चित्रकारले चन्द्रमान सिंह मास्केसँगै सरकार तर्फवाट कलकत्ताको आर्ट स्कूलमा सिक्न जान पाउनु भएको र सँगै पास गरी फर्केको कुरा त्यहीं थाहा पाइयो । त्यही वेलामै गुरूले स्वयम नै भन्नु भए अनुसार २०-२२ को उमेर पुग्दा पनि पढाइ र इलम सिक्ने कुरामा त्यति थिएन र उहाँ साथीहरूसँग गुच्चा खेली हिंड्नु हुन्थ्यो । वावु वाजेको नामले गर्दा उहाँले मास्केजी सँगै कलकत्ता आर्ट स्कूलमा चित्रकला विद्या सिक्न जान सौभाग्य पाउनु भयो । प्रयत्न अनुसार इलम सिकी पास भै घर फर्केपछि त्यो वेला सो स्कूल यहाँ खुलेको र त्यहाँ त्यसरी काम गरी हामी जस्ता धेरै शिष्यहरूलाई समेत काम सिकाउने सौभाग्य पाएको हो भनी गुरू तेजवहादुरज्यूले हामीलाई भन्नु भएको थियो ।

सोझो प्रवृति र सज्जन प्रकृतिका यथार्थ र प्रष्टवक्ता गुरू तेजवहादुरज्यू सधैं आफ्नो तोकिएको लक्ष्यअनुसार काममा एकाग्र भै तल्लीन भैरहनु हुन्थ्यो । मैले गुरूसँग घनिष्ट भई आफ्ना अरू दु:ख सुखका कुराहरू गर्न सकेको थिइन । यसरी कुरा गर्न नपाउनुको एक कारण हो गुरू पनि आफ्नो काममा व्यस्त र म पनि सिक्ने काममा नै व्यस्त रहनु । अर्को कारण चाहिं आफू नै अगिसरी कुरा गर्न अलि धक लाग्नुका साथै आफूलाई कुराको सिलसिलामा आउँदैनथ्यो । यसकारणले गर्दा गुरूको बारेमा धेरै कुरा जान्न थाहा पाउन नपाएको हुँदा मलाई अहिले ठूलो ड्यागपरेको महशुस भैरहेको छ ।

मलाई दिएको काम राम्रोसँग गर्न नसक्दा वा काम गर्दा गर्दै विग्रंदा पनि नहप्काइकन, गाली नगरिकन र नरिसाइकन सान्त्वना दिंदै विग्रेकोलाई गुरू आफैले राम्ररी सच्च्याइदिनु हुन्थ्यो । यसो हुँदा विग्रन गयो अब यसरी सच्च्याउँदा सच्चियो र यति राम्रो चित्र वन्यो भनी गुरूले उदाहरण प्रस्तुत गरिदिनु हुन्थ्यो ।

गुरूको सम्झनामा यसरी लेख्ने सौभाग्य पाउँछु भन्ने भविष्यवारे सोच्न सकेको भए गुरूवारे धेरै विषयका कुराहरू गुरूको सम्पर्कमा छँदानै वा उहाँ जीवित छँदै नै जान्न वुझ्न खोज्थें हुँला तर अहिले गुरूवारे सम्झी सम्झी लेख्न लागिरहेको छु। त्यनिवेलाका कुराहरू सम्झँदा सम्झँदै पनि धेरै कुराहरू छुट्न सक्नेछन्। प्राविधिक ज्ञानका अर्ति, वुद्धि अमूल्य उपदेशकानी कुराहरू मैले चित्रकलाका काम सम्वन्धमा धेरैवर्ष लामो समयको व्यावहारिक अनुभवका ज्ञानहरू समेटेर हामीले उत्तराधिकारीको रुपमा पुग्न जुक्ति वुद्धि पुऱ्याएर उपयुक्त प्राविधिक गुण लिन सक्नु पर्थ्यो र त्यो विद्यासम्पत्तिलाई राष्ट्रिय सम्पत्तिका रूपमा लिई स्वदेश र विदेशमा समेत फाइदा पुग्ने गरी फैलाउन सक्नु पर्ने थियो ।

२००७ साल पछि काठमाडौं जुद्ध सडकको हाल भएको जुद्ध वारूण यन्त्र रहेको पूर्व छेउको एक ग्यारेजमा गुरू तेजवहादुरज्यूको ग्यालरी अर्थात विक्री कक्ष खोलिएको थियो । त्यहाँ राखिएका व्यक्ति-चित्रहरू र दृश्यहरूले मलाई फेरी त्यनिवेला पनि ज्यादै प्रभावित पारेका थिए । महर

आएको वेलामा त्यो ग्यालरी अर्थात विक्री कक्षमा अवश्य जान्थें; घन्टौं घुमी घुमी हेरिरहन्थें र त्यहाँ रहेका विक्रेता नारायण पुरीजीलाई ती चित्रहरूवारे अनेक प्रश्न सोध्ने गर्थें। सहरमा अर्थात काठमाडौंमा त्यति वेला सर्वसाधारण समेतका लागि एक मात्र चित्र विक्री कक्ष सर्वप्रथम देखिएको हुँदा मैले निक्कै गौरव मानेको थिएँ। त्यो ग्यालरीमा म जहिले जतिपाला गएपनि त्यहाँ गुरू तेजवहादुरज्यूलाई भेट्न सकिन। मैले त्यतिवेला गुरू कहाँ ती चित्रहरूवारे केही उपदेश सुन्न मन लागेको थियो। त्यो कक्षको उचाइ १५ " फूट जति र फराकिलो पनि सो अनुसार नै थियो। त्यो अनुसारको चित्रका साइज पनि ठूला ठूला नै थिए। अन्दाजी चित्रको साइज ठूलो मध्येमा ७ x ५ फूट जति नै ठूलाछन् भन्ने लागेको थियो। धेरैजसो चित्रहरू तेल रङ्गको माध्यमवाट वनेका थिए। त्यहाँ सानु भन्नु साइज २ x ३ फूटका थिए। उल्लेख गर्नु पर्ने चित्रमा कीर्तिपुर र नैकापवीचको वल्खु खोलाको पहराको छेडो ठूल-ठूला ढुङ्गाका साँगुरो खोंच हुँदै वल्खु वगिरहेको र कतै छाँगो भै झर्ना झरिरहेको, ठूलो ढुङ्गामा झ्याउलागेको, काइ लागेको साँच्चै जस्तो थियो। यो दृश्य हेर्दा आफू त्यहीं खोलाको छेडोमा छु क्यारे भन्ने भान हुन्थ्यो। त्यो चित्र देखेपछि आफूले त्यस्तो चित्र कहिले लेख्न सकुँला भन्ने भाव विचार हुन्थ्यो। त्यहाँ टाँगिएका त्यतिवेलाका ठूलावडाहरूको अनुहारमा नाक र आँखाले पनि प्रभाव पार्ने गर्थ्यो। अनुहारमा नाक जुरूक्क उठेको र आँखाले आफूलाई हेरे झैं लाग्यो। माथि माथि भित्तामा टाँगिएका दर्जनौं व्यक्तिका चित्रहरू विभिन्न अनुहारका वोल्लान् जस्तै लाग्थ्यो। यसरी यो विक्री कक्ष २-३ वर्ष जतिनै देख्न पाएको थिएँ। पछि कुनवेला त्यो रहेन याद गर्न सकिन। पछि काठमाडौंमा चित्र प्रदर्शनी पनि भैरहन थाल्यो र त्यो खोजी खोजी हेर्नु आफ्नो प्रमुख काम नै थियो।

गुरू तेजवहादुरज्यूको वारेमा मैले जति लेखे पनि पर्याप्त हुने छैन। उहाँको जीवनमा कला सम्वन्धी लामो समयको काम गराइमा धेरै सफलता असफलताहरू थिए होलान् मैले समेट्न खोजेको छैन। मैले सम्झनाको लागि आफूले देखेका कुराहरू मात्र यस लेखमा पार्न प्रयत्न गरेको छु।

यसरी आफूलाई चित्रकला सिकाउन ठूलो समय दिएर मेरो जीवन बाटोलाई कलाको विकासमा डोऱ्याउनु हुने नेपालका प्रख्यात चित्रकारहरूका बारेमा यसरी आफ्नो अनुभव लेख्न प्रेरणा दिने 'कला र कलाकार' नाउको रमेश खनालको प्रकाशनमा निस्केको पत्रिकामा कलाकार र कलासिल्पी मोहनमान सिँह बज्राचार्य (निगालामा रेखाकोरी बुट्टा निकाल्ने) बारेको लेख छापिएर प्रचारमा आएपछि आफूलाई चित्रकला सिकाई सगाउने कलाकारहरूका बारेमा अरू केही लेख लेख्न प्रेरित भै जाँगर चल्न थालेकोले आफ्ना गुरूहरूलाई सम्भेर जानी नजानी जसरी भए पनि लेख्नु आफ्नो कर्त्तव्य ठानी लेख्न खोजेको हुँ ।

- श्रृखला ०४५ - ०४६ चैत्र-वैशाख

* * *

कलाशिल्पी मङ्गलबहादुर पौडेलसँग

मङ्गलवहादुर पौडेल

२०४१ माघमा पोखरामा साना उद्योग र हस्तकला सम्वन्धी प्रदर्शनी हेर्न पाएँ । त्यहाँ विभिन्न उद्योगका उत्पादनहरूलाई आ-आफ्ना कक्षमा सजाइएका थिए । एउटा सानो कक्षमा सजाइएका हस्तकला कृतिहरूले मलाई ज्यादै प्रभाव पारे । साधारण कच्चा पदार्थवाट उत्कृष्ट कला झल्कने गरी तयार पारिएका ती वस्तु दैनिक व्यवहारमा पनि कामलाग्ने खालका थिए । ती कलात्मक वस्तुहरूमा कलाकारको मौलिकता स्पष्ट झल्किरहेको देखिन्थ्यो । ती सबै कलात्मक वस्तुहरू वाँसको भाँटा,कप्टेरे, ढुंग्रा र त्यसका टुक्राहरूवाट तयार पारिएका थिए । त्यस्तै निगाला र काठका टुक्राहरू समेतको प्रयोग ती वस्तुमा गरिएको थियो । आफ्ना सामान्य

ज्यावल औजारहरूलाइ प्रयोग गरी दक्ष सीप लगाइ. मिहिनेत साथ तयार पारिएका यस्ता सामानहरूमध्ये मसीदानी. फूलदान. विद्युतवत्ती पानस, मइनवत्ती पानस. भित्तेवत्ती. झाडवत्ती. खरानीदानी. झुप्रा घरको दृश्य भएको खेलौनाखालका सामग्रीको साथै जनावर र अनेक पशुपन्छीका आकार प्रकारहरू झल्किएका कलाकृति प्रमुख थिए। यी चीजहरू कोठामा सजाउँदा अरू मनोहर र सुन्दर लाग्ने खालका थिए।

नी हस्तकलाकृतिहरूको प्रभावमा परेर भावविभोर भइ त्यहाँ ती वस्तुहरूवारे बयान गरिरहेका वृद्ध मान्छेलाई सोधें "यी सव चीजहरू कसले वनाएका हुन् ?" उत्तरमा उहाँले भन्नुभयो "यी सव मैले वनाएको हुँ " यिनमा केही सघाऊ छोराको पनि छ। " पछि मैले नम्र भएर नमस्ते गरें र सोधें-"म यहाँको परिचय पाउँछु कि ?"। उहाँले भन्नुभयो "मेरो नाम मङ्गलवहादुर पौडेल हो।" अनि मैले पनि आफ्नो परिचय उहाँलाई दिएँ। मैले सोध्न मन लागेको कुराहरू सोध्दै गएँ। उहाँले वनाउँदै जानुभयो। यसरी नै उहाँ वीच वीचमा अरू दर्शकहरूसँग पनि उत्तर दिँदै कुरा गर्नुहुन्थ्यो। यत्तिकैमा त्यो कक्षमा दर्शकहरूको ज्यादै घुइँचो वढेकोले भोलि फेरि भेटौंला भनी अरू कक्षतिर अघि वढें।

हस्तकलाशिल्पी मङ्गलवहादुरजीलाई फेरि भेटें। उहाँसँग कुरा गर्दै सोधें-"तपाईले यो इलम गर्नुभन्दा पहिले के के काम गर्नु भएको थियो।?" उहाँले भन्नुभयो "फर्निचरहरू वनाउँथें ; परिआएमा घर पनि वनाउने गरी आएको थिएँ। " कुरा थप्दै उहाँले भन्नुभयो "हुन त सानै उमेरदेखि मावली वाजेसँग सिकर्मी काम सिकेको थिएँ र परिआएको वेला काठका सामाग्रीहरू वनाई ग्राहकहरूलाई प्रसन्न वनाएको थिएँ। पछि काठमाडौंवाट आएका एकजना न्हुच्छेमान गुभाजु भन्ने निकै सिपालु सिकर्मीसंग सम्पर्क भै साथै काम गर्ने मौका परेकोले काठसम्वन्धी यस्ता सम्पूर्ण काममा निकै ज्ञान हासिल गर्न सकें। काठका वुट्टा कुंद्ने काम पनि उहांसंग सिकेको हुं। यसैगरी दुनियांका घर र फर्निचर वनाएर धेरै वर्ष वित्यो। हाले केही वर्ष अगाडि मात्र सुव्वा जागीर राजनामा गरेर एकजना नरवहादुर हमाल भन्ने व्यक्तिले यस्तै हस्तकलाको काम कुने सिपालु कलाशिल्पी राखेर लुकी

रांगो वांध्ने छाप्रोजस्तो छ । सुकुम्वासीको हैसियतले यो छाप्रो वनाउन २ आना जग्गा सेती गण्डकीको किनार तुलसी घाटको भीरमा सरकारले दिएकोमा शिरोपर गरी बसेको छु । मूलवाटो नजिकै भएकोले वजार ओहोर दोहोर गर्न निकै सजिलो परेको छ। पोखरा वजार सेरोफेरोमा सवैभन्दा ठूलो सिमलको रुख यही हो। यो रुखको निसानावाट मेरो कामको साइनवोर्ड पत्ता लगाउन सजिलो पर्छ। ”

सुख दुःखका अरू कुरा सुनाउँदै उहाँले भन्नुभयो - “श्रीमतीको सुर विग्रेकोले इष्टमित्र कहाँ गै बसेकी छे। पाँचजना छोरा छन्। जेठो एकजना मात्र पृथ्वीनारायण क्याम्पसको पुस्तकालयमा जागिरे छ। फुर्सदमा मेरो यो काममा सघाउँछ । चारजना छोराहरू माध्यमिक विद्यालयमा पढ्दै छन् । जेठोको विवाह गरेको थियो, चपर चटटु रैछे। पोइल गई । घरको हेरचाह गर्ने आइमाइ नभएर सारै समस्या परेको छ । छोराहरूले आलो पालो गरी भात पकाउँछन्। मीठो स्वादिलो गरी पकाउने ढङ्ग नभएकोले काँचो कचिलो जस्तो भएपनि वल गरेर खानु परेको छ। जेठोको लागि घर गर्ने केटी विवाहको लागि खोजेको छु । तैंले कुनै सज्जन केटी भेटिस् भने सल्लाह मिले ल्याए हुन्छ भनेको छु। ”

यस्तै अरू कुरा थप्दै उहाँले भन्नुभयो -“मेरो घर अघिदेखि पोखरामै हो । हाम्रो दाजु भाइ खलक पनि धेरै छन् । ठूला दाजु विन्दवासिनी भगवतीका पूजारी छन्। तिनको त नामै लिन पनि मन लाग्दैन। दुईभाइ मात्र भए पनि मेरो अंश सवै उनैले पचाएका छन् । म सानै उमेरमा विदेशतिर लागें। यता उति घुम्दै नोकरी गर्दै हिंडे। पछि ठूलो भई म घर आउँदा वा विनिसक्नुभएको रहेछ । किरिया वसें। वावुको जेथा अंश लाउने कुरा उठेपछि दाजुले “तँ भाइ नै हैनस् को को अंश खानलाई भाइ हुन आएको होस् ” भनी अनेक थरी जाली कुरा गरी नभएका आरोप लगाउंदा मैले उनीसंग मुद्दा लड्नु पर्‍यो। अड्डाले “ छोरो भए वावु छँदै अंश लिनु पर्नेमा वावु वितिसकेपछि लिन खोजेको हुँदा पाउन गाह्रो छ ” भनी नालिसको कागजे दर्ता गरिदिए- दाजु धनी भएको हुँदा हाकिम र वकिलहरूले पनि उनकै पक्ष लिई मलाई “ तैंले अंश पाउँदैनस् ” भने। धेरै महिना

धेरै हाकिम र दुनियाँदारहरूसग अंशवारे कुरा सुनाउँदै रूदै दौडें । कुनै नार नलागेपछि सुकुम्वासीमा दना भै हाल सरकारले दिएको जग्गामा यसरी वसेको छु । आफ्ना हस्तकलाका सामानवारे वयान गर्दै भन्नुभयो - "यो हप्ताभित्र विभिन्न पल्ट विभिन्न भलादमी व्यक्तिहरूले यसैगरी यहां आएर मसँग प्रश्नहरू सोधे । मेरौ फोटो खिचे । यी तपाईका कुरा पत्रिकामा निकाल्छौं " भनेर गए । तपाईले पनि त्यसै गर्ने होकि ?" "हो सकें भने म पनि तपाईंका कुरा पत्रिकामा दिन खोज्छु ।" मैले पनि आफ्नो मनको कुरा यसरी व्यक्त गरें ।

फेरि उहाँले भन्नुभयो " यी कलात्मक सामग्रीहरूमध्ये टेविलमा, भित्तामा र दराजमा राखी सजाउने खालका केही वस्तुहरू लिई अड्डा अड्डामा चाहार्दै 'मेरा यी सामानहरू राखी दिनु हुन्छ कि' भन्न जाने गरेको छु । त्यहांका हाकिम र अरू कर्मचारीले यो कलमदान समुहलाई प्लाष्टिकको कलमदान समुहभन्दा पनि सस्तो मोलमा देऊ भन्छन् । मैले यो वनाउन एकजनालाई यति दिन लाग्छ यति कच्चामाल लाग्छ भन्दा पनि हप्काएर जिद्दी गरी प्लाष्टिकको कलमदान समुह किन्दाको मोलभन्दा पनि सस्तो मोलमा लिन खोज्नाको कारण के हो ? मैले वनाएको माल कलात्मक वुट्टेदार र वलियो टिकाउ छ । खसाले पनि फुट्दैन । यो जोडेको ठाउँमा छुट्टिएछ भने पनि आफैले जोर्न सकिन्छ वा तुरून्त म जोडिदिन्छु भन्छु , मेरो छाक अड्केको वेलामा कसै कसैलाई सस्तो मूल्यमा पनि दिएको थिएं .जति नोक्सान परे पनि । मेरो खास नोक्सान ज्याला हो । स्थानीय चलन चल्तीको ज्याला गाभेको मोलमा वेच्नु पर्‍यो भने नोक्सान परेको मान्दछु । कार्यालयमा जाने खालका सामानहरूमध्ये चाहिं कलमदानी समुह, खरानीदानी , फूलदानहरु नै वढी विक्रीमा जान्छन् । वाँसको टुक्रा, भाटा, कप्टेरा र जरा, जिगालाको जरा, रुखका जरा र हाँगावाट वनाएका मान्छे, खरायो, चरा, जनावरहरू र अत्यादि कलात्मक वस्तुहरू चाहि पर्यटकहरूले लाने गरेका छन् । कुनै महिनामा त वनाएका सवै सामानहरू उठाएर लैजान्छन् । त्यति सामान फेरि तयार त्तिकै महिना लाग्छ । तर हौसला वढेर आउंछ र फेरि अरू वनाउन थाल्छु । फेरि भन्नु भयो

लुकी भित्र भित्रै गराई राखेको कुरा मैले घुइरो घुइरो सुनें र उनको सम्पर्कमा गएं। ती ठकुरीले मलाई वारंवार भेटी घनिष्टता वढाउंदै लगेर आफ्ना समस्या सुनाउन थाले। आफूले आंटेको काम सफल पार्न प्रयत्न गरिरहेका र जेथा धितो राखी ऋण पाएमा अरू कालीगढहरू थपी काम वढाउने उनको विचार रहेछ। मलाई पनि उन्को कार्खाना देखाउन लगे र एक एक गरी सवै कुरा देखाए र आफ्नो योजना सुनाए। उनको त्यो कारखाना हेरेपछि ममा नयाँ ज्ञान पलायो। त्यस सिलसिलामा उनले चाहे जति ऋण नपाउँदा उनी सारै निराश भए। काममा राखेका कलाशिल्पी राखिछाड्न नसकी त्यो कारखानाका सारा ज्यावल औजारहरू र कच्चा सामानहरू मलाई दिए। तिमीले यो काम चलाउन सक्छौ "यसवाट जीविका चलाउन सकिन्छ" भने आफू त्यो काम छोडी अरूनै पेसामा लागे। मैले गरेको यो कामको श्रेय उनै ठकुरीलाई दिनुपर्छ। हाल मैले यो कामवाट नै आफ्नो जीविका चलाउँदैछु।"



वांसको कला

उहाँले फेरि भन्नुभयो - "मैले पनि यो कामलाई अहिलेका अवस्थावाट उठाई केही अरू प्रगति गरौं भन्ने मनसाय लिएर बैंकवाट ऋण मागेको भन्दा निकै थोरै पाएं । यस रकमवाट काम गर्ने टहरो, ज्यावल, औजार, कच्चा माल- वाँस, निगालो, काठ आदि किनें । रुख विरूवाका जरा र हाँगाहरू चाहिं आफै गाउँ र वनमा खोज्न जानुपर्छ " यस्तै कुरा गर्दा गर्दै दर्शकहरूको भीड वढेर आयो र कलाकृति विक्री गर्दै त्यसको वारेमा वयान गर्न थाल्नु भएकोले "अरू विस्तृत कुरा गर्न भोलि आउँछु " भनी कलाशिल्पी मङ्गलजीसँग विदा भएँ ।

यसरी मङ्गलवहादुरजीसँग धेरै पल्ट भेटघाट कुराकानी गरी उहाँवारे विस्तृत कुरा थाहा पाउन खोजेको वुझी उहाँले भन्नुभयो " यो प्रदर्शन कक्षमा राम्ररी कुरा गर्न दर्शकहरूवाट विथोलिरहने भएकोले मेरो घरमै फुर्सदले कुरा गरौंला । " यस पछि उहाँले मलाई घरमै वोलाउनु भयो । अनि म भोलिपल्टै विहान उहाँको घरमै गएँ, घण्टौं कुरा गरी, उहाँको एक रेखाचित्र पनि अनुहार आउने गरी कोरेको छु । घर देखाउँदै उहाँले भन्नुभयो 'यो मेरो घर हो ।'



(बाँसको जराबाट तयार पारिएको बँदेलको आकारको कलमदानी)

" यसरी मैले काम गरेर खाएको देखेपछि २-४ जनाले यो काम गर्न खोजे तर लागिरहन सकेनन् । मैले धेरै वर्ष काठको काम मै जीवन दिएको छु । काठ, बांस, निगालाबाट यस्ता कलात्मक वस्तुहरू बनाउन गहिरिएर सोच्दा, विचार गर्दा वल्ल यस्ता ढुङ्गाका कच्चा पदार्थबाट यस्ता छाँटका कलात्मक र अद्भुत वस्तु वन्न सक्छन् भन्ने मनमा रूप चढ्छ अनि त्यसबारे प्राविधिक अक्किल लगाउनुपर्छ। पाएको कच्चा माललाई अगाडि राखी हेर्दा २-३ दिन बित्दा पनि त्यसबारे मुर्त रुप दिन निकै मुस्किल पर्छ । तर सोच्दा सोच्दै आखिरमा एउटा न एउटा कलात्मक रूपको सिर्जना गरिहाल्छु "।

यसरी घरको र अड्डाको भित्री भागको सजावट भव्यता आउने खालका र अनेक व्यवहारमा कामलाग्ने गरी अनेक रुप, छाँट र बान्कीका कलात्मक वस्तुहरू कलाशिल्पी मङ्गलबहादुरजीले रच्नुभएको देखें । दाउरा बाल्न समेत असजिलो पर्ने बाँसका जरालाई कलापारखीले बैठकमा सजाउन लायक वस्तु बनाउन सक्ने प्रतिभा भएका यस्ता कलाशिल्पीहरूको उचित कदर भएमा यस्ता नयाँ प्रतिभाहरु अरू पनि उदाउने वातावरण बन्न जानेछ र साथै देशको गौरव बढ्नेछ भन्ने लाग्यो ।

समान्य पढाइ, सामान्य अभ्यास र लामो अवधिको अनुभव समेटेर कला सिर्जनामा लागिपरेर प्रतिभालाई उकासी आफ्नो बुद्धिवलेभ्याएसम्म सीपको माध्यमद्वारा देशको सेवा गरिरहेका मङ्गलबहादुर र अरू पनि अनगिन्ती यस्ता शिल्पीहरूलाई सरकार र समाजले समेत कदर गरी प्रोत्साहन दिनुपर्छ र यस कामलाई लगातार अगाडि बढाउनै पर्छ। यस फाँटका मर्मज्ञहरूले यसतर्फ चासो लिनुपर्छ र शोधखोजको क्रम बढेर जानु पर्छ। त्यसो भएमा मङ्गलबहादुर जस्ता कलाकारहरू लुप्त रूपमा हराउन पाउने छैनन्। २०४२ जेठ ४ को गो.प.पृष्ठ ६ मा नाउँ उल्लेख नगरी श्री पौडेलले आफ्नो ज्यामलमा खेलौना घर बनाउँदै गर्नु भएको फोटो पनि छापिएको छ।

✱ ✱

बा र म

रेखा कोराइको रङ्ग भराइको र चित्रकलाको सिर्जनात्मक संयोजनात्मक कलावाट तयार भएका र अधुरा चित्रका फाइलका चाङ र भित्तामा टाँगिएका चित्रकलाले वालाई प्रभाव पारेछ। एकदिन म गाई चराएर वेलुकीपख घर फर्केपछि मेरो चित्रकारितालाई सघाउ पुऱ्याउन भनी रङ्ग, वुरुस, फुट र कम्पाससमेत आफंले वनाइसकेको वस्तु मलाई देखाउदै "यो सवै मेरो चित्रकला इलमलाई अझ राम्रो प्रोत्साहन होस् भनेर मैले दिनभरि लगाई तयार पारें " वाले भन्नुभयो। यसरी नेपाली वस्तुवाट यस्ता सवै सामग्री वन्छन् भन्ने मेरो मनमा नचिनाएको कुरा सामु पाउँदा मलाई चित्रकलाप्रतिको इलम सिक्नमा ठूलो हौसला वाले दिनुभयो भन्न पाउँदा धेरै खुशी लाग्यो।

केही दिन अघिसम्म मेरो चित्रकला सिकलाईको विरोध गरिरहनु भएको वाले यसरी सघाइहाल्नुहुनेछ भन्ने कहिल्यै सोचेको थिइंन। " ल

हेर् ! यो रङ्गलाई वुरुस पानीमा चोपेर यो रङ्गको चक्कीमा यसरी चलाउने र कागतमा यसरी लाउने " भनी प्रयोग गरी देखाइदिनुभयो । "कम्पासले यो नमुनालाई यसरी नापी लेख्नुपर्ने कागतमा नाप गरी चिनो लगाउनुपर्छ "भनी देखाइदिनुभयो । "आवश्यक नापिसकेर सिसाकलमले चिनोको आधारमा रेखा कोरी रुप तयार पार्नुपर्छ " भन्नुभयो । दृश्य-चित्र लेख्नुपर्दा टाढा र नजिकको फासलालाई छुट्याउन फुटले यसरी नापी ठूलो-सानोको फरक देखाउँदै आफूले काम गरेर देखाइ रेखा कोरेर र रङ्ग भरेर यसरी भनी सिकाइदिनु भएकोले पहिले जानेको तुलनामा एक खुड्किलो उक्लन सकेको मलाई प्रस्ट अनुभव भयो । नेपाली घर पोत्ने माटो सेतो, कालो, रातो, पहेँलो, खरानी (कालीमाटी) र खैरो माटोको साना चेप्टा चक्कीहरू वनाई साधारण कागतको वट्टामा राखेर दिनुभएको थियो । यो रङ्गको प्रयोग गरी वनाएको चित्रमा हरियो रङ्गको खाँचो पऱ्यो । हरियो लाउनुपर्ने ठाउँमा कुन रङ्ग लाऊँ भनी विचार गरें । वा त्यहीं हुनुहुन्थ्यो र भन्नुभयो "त्यो हरियो लाउनुपर्ने ठाउँमा वगैंचाको यो फुलको पात माडेर लाइदेऊ " मैले त्यसै गरें । हरियो रङ्ग पर्खेको अधुरो चित्रले स्वाभाविकताको रूप लियो । वुरूस चाहिं नालु क्यात्तुकेको पातलाई निगालोको डाँठमा धागोले वाँधेर साना-ठूला अनेक साइजका वनाउनु भएको थियो वाले । अलि दरो वुरुसको लागि वाँसको सानु हाता काटेर आवश्यक साइजलाई एक छेउमा कुटेर धुजा वनाई छाँटेर वनाएको थियो । यो किसिमको तरीकाले तत्काललाई काम सिक्दाको अवस्थामा खर्चको वोझ घट्ने र मन फुकाएर रङ्ग खेल्न प्रशस्त ठाउँ पाइएको थियो । यसरी वाले यो कामको सम्वन्धमा विरोध गर्दा गर्दै एक्कासी सगाउ पुऱ्याउँदा झट्ट विश्वास गर्न गारो पऱ्यो मलाई । वाले नै वनाइदिएको वाक्लो सेतो कागतको कापीमा यस्ता दृश्यचित्र र कथामा आधारित चित्र वनाउने गर्थें त्यति वेला ।

अलि सिपालु गुरुको सम्पर्कमा राखी चित्रकारी विद्या सिकाउन पाएमा यसले अझ प्रगति गर्ने थियो भन्ने वाको मनसाय हुँदा आफू नेपालगंज व्याङ्कमा खटिंदा मलाई पनि गोठाले जीवन छुटाइ साथै लग्नुभएको

थियो। यो वि.सं.१०.०७ सालतिरको कुरा हो। हामी काठमाडौंवाट हिंड्नुअघि शहीद शुक्रराज शास्त्रीलाइ झुण्ड्याएको र अरू शहीदको यस्तै अवस्था हेरेर मनमा गाँठो पार्दै मैले पहिलोपल्ट घर छोडेको थिएं त्यति वेला। वाचाहिं यसरी खटिएर वरोवर जानुपर्ने हुन्थ्यो।

त्यहां व्यारेकको नजिकै ठूलो महाकाली मिल थियो। त्यस मिलको मालिक मसुरी शमशेर (राजासाहेव) उहाँ स्व.भू.पू. प्रधानमन्त्री देव शमशेरका छोरा हुनुहुन्थ्यो। त्यस मिलको कार्यालयमा त्यस जिल्लाका वडाहाकिम र त्यहांका गन्यमान्यहरू धेरै जसो वेला-वेलामा भेला हुने गर्थे। त्यहां मसुरी शमशेरसँग फुर्सद र एकान्त पारी वाले मेरो परिचय दिनुभयो. मैले लेखेका चित्रहरू देखाउन लाउनुभयो। मसुरी शमशेर चित्रदेखि प्रभावित भएर वहराइनवाट सामानहरू झिकाएर दिनुभयो। साथै दैनिक रुटिन अनुसार वोलाई व्यक्ति अनुहार चित्र लेख्न. फिल्ड (क्षेत्र) मै गई दृश्यचित्र पनि लेख्न सिकाउनुभयो। आफूले लखनौवाट किनिल्याएको चित्र वैठकमा टाँगिएकोलाई झिकी त्यसको कपी गर्न लगाई सिकाउनुभयो। वासंग उहांको राम्रो दोस्ती भएको हुँदा नै मैले यसरी चित्रकला उहासंग सिक्न पाएको हुं।

वडाहाकिम नार्छेविक्रम र मसुरी शमशेरको सल्लाह अनुसार लखनौको आर्ट स्कूलमा सिक्नु उपयुक्त फाइदा देखिएकोले मसुरी शमशेरले नै लखनौ लगी भर्ना गराउन खोज्दा त्यहां कला स्कूलका प्रिन्सिपलज्यूले "हाल यो दोस्रो विश्वयुद्धको कारणले धेरै दिनदेखि स्कूल वन्द भएको छ। हामी पनि भाग्नुपर्ने अवस्था आइसकेको छ। राति वत्ती डिम पारिन्छ। चटगाउंमा वर्वाड भैसक्यो। यहां पनि त्यसो नहोला भन्न सकिन्न" भनेपछि "अव तं काठमाडौंको आर्ट स्कूलमा नै भर्ना हुन जा" भनी मसुरी शमशेरले भन्नुभयो। त्यसपछि नेपालगंज गै अलि दिनपछि काठमाडौंको कला स्कूलमा नै भर्ना हुन काठमाडौं घर गएको थिएं। मसुरी शमशेरसँगै हुँदा उहाँले मलाई आफूले जानेको इलम दिल फुकाएर सिकाइदिनु भएको थियो। अरू भन्दा पनि मान्छेको दुरुस्त अनुहार कसरी लेख्ने भन्नेवारे नै प्रस्ट पारि

दिनुभयो । उहाँले आफूले नै त्यहाँ भएका कुनै आफ्ना कर्मचारी बोलाइ अगाडि राखी आफैले पहिले लेख्नुहुन्थ्यो अनि मलाइ "लौ अव तँ लेख यसै गरी" भन्नुहुन्थ्यो । मैले पनि त्यसै गरी लेख्थें र देखाउँथें । "हो ! ठीक लेखिछस् ! अलिकति यहाँ यति रेखा यसो पारिदे न ! " भन्नुहुन्थ्यो । त्यसै पारिदिएर फेरि देखायो ' हो' ! लौ हेर, अहिले दुरूस्त आयो " भन्नुहुन्थ्यो । यसरी समीक्षा गरी मिले नमिलेको र कहाँनिर कुन रेखा कति के गर्नुपर्ने हो टड्कारो पारी वुझाउनु हुन्थ्यो । यसरी मसुरी शमशेरको तालिम विभिन्न विधामा गरी एक वर्ष जम्ति नै काम सिकेको थिएँ ।

वाको पनि आफू रेखा कोर्न, अरूले लेखेको हेरी नमिलेको कुरा भनिदिने, केही सिकाइदिने वानी थियो । चित्रकला हेरी त्यसमा समालोचना गर्ने क्षमता वामा अझै पनि छ । अघि वाले यसरी चित्रकला वारेमा सघाउ पुऱ्याइदिनु भएको हुँदा नै मैले अहिलेसम्म चित्रकला सम्वन्धमा केही हदसम्म दखल गर्न सकेको हुँ भन्ने लाग्छ ।

मैले त्यति वेला मान्छे अगाडि राखी अनुहारचित्र लेख्ने अभ्यास गरि रहेको थिएँ । यसरी अभ्यासको सिलसिलामा काम गर्दा 'मेरो अनुहारचित्र वनाइदे ' भन्नेहरू पनि निकै आए । तिनको पनि वनाइदिएपछि अरू हल्ला वढ्दै गएछ र त्यहाँ नेपालगंज वजारका सेठ लालाजी भन्ने सज्जन पनि अनुहारचित्र वनाइदे भनेर आउनुभयो । उहाँको पनि राम्ररी नै चित्र वनाइदिएँ उहाँलाई नै अगाडि राखेर । आफ्नु अनुहारचित्रमा प्रस्ट आएको हुँदा उहाँले ५ रुपियाँ पुरस्कार भनी दिनुभयो । यसरी आफ्नो कामको आधारमा पुरस्कार पाएको यो मेरो लागि पहिलो थियो । त्यति वेला नेपालगंजमा एक महिनासम्म विहान, वेलुका खाना खाँदा वढीमा ३ रुपियाँ लाग्थ्यो । यसरी अहिलेको भाउको दाँजोमा त्यति वेलाको त्यो पाँच रुपियाँ धेरै नै मान्नुपर्छ । त्यति वेला पाँच रुपियाँ हातमा पर्दा निकै नै धेरै रुपियाँ झैं लागेको थियो मलाइ ।

त्यति वेला वा वसेको व्यारेक सवै दृष्टिले महत्वपूर्ण थियो । त्यस जिल्लाको लागि शान्ति-सुरक्षाको त प्रमुख केन्द्र नै थियो । त्यसवाहेक

कतिपय मुद्दामामिला पनि व्यारेकले नै छिन्नुपर्ने हुन्थ्यो । कुनै यस्ता मुद्दा पनि हुँदारहेछन् जुन अदालनले छिन्न नसकी वडाहाकिमकहाँ पठाउँदा रहेछन् । त्यस्ता मुद्दा वडाहाकिमले पनि छिन्न नसकेको चाहिं व्यारेकलाई यो मुद्दा छिनी दिनु भनी पठाएकोलाई वाले नै व्यारेकको प्रमुखको हैसियतले दुवै झगडियाको सहभागितामा दुवै झगडियासमेतलाई चित्त बुझाई मुद्दा छिनिदिनु भएको थाहा पाएको छु ।

काठमाडौं जिल्लाको गाउँमा कुनै एकाध घर केही मात्रामा पुगिसरी आएका र घरव्यवहारको गर्जो आफ्नै आमदानीले टार्न सक्ने भए पनि गाउँका धेरैजसो घरका गाउँले अरू घर व्यवहार गर्नुपर्दा नसक्ने अवस्थालाई ध्यानमा राखी उठाउन नसक्ने अवस्थाको हैसियतमा जतिसुकै व्याज दरमा भए पनि ऋण लिई गर्जो टार्नु पर्ने हुन्छ र फेरि त्यो ऋणवाट मुक्त हुन नसकिने भै उठीवास लाग्नुपर्ने अवस्था समेतलाई ध्यानमा राखी वाको अग्रसरतामा गाउँका सवै गन्यमान्य वूढापाकाहरूसँग लामो छलफलपछि मूर्दा गुठी नीति नियमका साथै स्थापना भएको अद्यापि सुचारुरूपले चलिरहेकै छ । यसको उदाहरणको सिको गरी आसपासका अरू गाउँलेले पनि यस्ता मूर्दा गुठीहरू वनाएको थाहा पाइएको छ । यसअघि नेवार जातिमा मात्र यस्तो मूर्दा गुठीको चलन अघिदेखि नै चलेको थाहा थियो ।

१०.९.० सालको ठूलो भुकम्पको हाम्रो घर भत्केपछि वाले अर्को नयाँ घर वनाउनुभयो । त्यनि वेला त्यो घरका कोठामा पुरानो घर भत्केर जोगिएका चित्रहरू र नयाँ जोडेका रङ्गिन चित्र र फोटोहरू भित्तामा टाँगिएका थिए । कोठाको दराजका पुस्तकहरूमा पनि चित्रहरूका पाना देखेको थिएं । सादा कापीमा पनि सिसाकलमले अनेक आकृतिका रेखाचित्र लेखेको देखेको थिएं । त्यो कापीमा कोरिएको रेखा त वाले नै लेखेको हो भन्ने लाग्यो । भित्तामा टाँगिएको फोटो राजामहाराजाहरूका र देवताका चित्रहरू थिए । यी फोटोहरू र रङ्गिन चित्रहरू सवै मान्छेका हातले वनाएका हुन् भन्ने मलाई लागेको हुँदा म पनि यी सवै फोटो र चित्रहरू जस्तै वनाउन

सक्छु भन्ने भएकोले ती चित्रहरूको सक्कल हेरीहेरी त्यस्तै नक्कल वनाउन लागिरहन्थें । सुरुसुरुमा वनाउँदा केही मात्रामा दुरुस्तै भए जस्तो लागेकोले झन उत्साह थपिएको थियो । सधैं प्रयत्न हुंदा हुंदा सक्कलवमोजिम नक्कल झण्डै दुरुस्तै होला जस्तो हुंदै गएको मनमा लाग्यो । यस्ता नक्कल र मनकन्थे चित्रहरू पनि वनाइरहँदा पछि एक–दुईपल्ट यस्तो चित्र वनाएको वाले देख्नुभयो र भन्नुभयो "यस्तो वनाउनु हुंदैन अब फेरि वनाइस् भने सहने छैन । " यस्तो सुनेपछि चित्र वनाउने कामवाट मन केही दिन ओइलाएर खुम्चियो फेरि चाँडै नै फक्रेर पलायो । अव यी वनाएका सवै चित्रहरू लुकाउने र वाले देख्ने गरी चित्र नवनाउने भएं । वाको विचारमा मैले घरको पाठ कण्ठ पारोस् हिसाव दिएको उत्तर मिलाइराखोस् भन्ने हुंदा र त्यो पाठ मैले पटक्कै नछोएको हुंदा नै रिसाएर यो चित्र वनाउने कामप्रति झम्टनुभएको हुनुपर्छ । पाठ पूरा गरेको र चित्र पनि वनाएको भएमा त्यसो नगर्नुहुन्थ्यो होला कि !

सार्वजनिक ठाउँमा वथानै केटाकेटी साथीहरूसँगको नाच्ने प्रसंग आउँदा नाच्थें । यो नाच्ने वानी वढ्दै गएको थियो । गीत गाउनचाहिं एकान्त ठाउँको वातावरण मात्र मन पर्थ्यो । चित्रकलाप्रति अभिरुचि वढ्दै गएपछि यो नाच्ने, गाउने, वानी घट्दै गयो र पुरै नरहेको थाहै पाइँन । यस्तै अरू खेलहरूमा पनि भकुण्डो, डण्डीवियो, कपर्दी, कुस्ती, उम्वलडुम्वल र गुच्चा खेल्ने वानी पनि हरायो । पौडी खेल्ने वानी चाहिं अहिले पनि छँदै छ । यो छाड्नु नहुने खालको खेल हो । यो पौडी खेल्ने काम पनि वाले नै जवरजस्ती सिकाइदिएको हो । यो जानिसकेपछि निकै प्रिय खेलमध्येको भैरहेको छ । अरू नचाहिंदा खेलहरू हेर्नसम्म पनि फुर्सद छैन अहिले । मैले नखेलेपछि घरका अरू परिवारले खेल्ने न हुंदै भएन ।

वा अहिले पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्याका विषयहरूमा छलफल गरी निर्णय र रायसुझाव दिन सक्नुहुन्छ । आफ्नो मनमा लागेका कुराहरू व्यक्त गर्नुहुन्छ । त्यस सम्वन्धका कुराकानीमा चासो लिनुहुन्छ । गीत वाजाको सोख छ वाजा वजाउन पनि जान्नुहुन्छ । लेख र कविता

लेख्नुहुन्छ। कुनै न प्रकाशित भएको छ। ज्योतिषशास्त्रमा दखल गर्नुभएको छ। पछि ०३४–०३५ सालतिर नैकापका ज्योतिषी नानीराम दुवाडी पण्डितसंग केही वर्ष मिहिनेतसाथ ज्योतिष विद्या सिक्नुभएको थाहा थियो।

वाले हालसम्म पनि चित्र लेख्न थाल्दादेखि पूरा गरिसकिने वेलासम्म चित्र हेरी आफ्नो रायसल्लाह र सही सुझाव दिइरहनु हुन्छ। प्रतियोगितामा जिती पुरस्कार र तक्मा पाएको. चित्र विक्री भएको त्यसवारेमा अखवारमा सो समाचार निस्केको वालाई सुनाउने. देखाउने गरेको छु। सो कुराको समाचारले खुशी भएर भावविभोर हुनुहुन्छ।

सामुहिक र व्यक्तिगत चित्र प्रदर्शनीको वेला वालाई त्यस उदघाटन समारोहमा उपस्थित गराउन आग्रहपूर्ण प्रयत्न गरेको छु। त्यसरी वालाई लग्दा प्रदर्शनी कक्षमा टाँगिएका चित्रहरू राम्ररी गहिरिएर हेरी त्यस चित्रप्रति आफ्नो भावपूर्ण उद्‌गार पनि व्यक्त गर्नुहुन्छ। त्यस्ता चित्र लेख्ने चित्रकार प्रति धन्यवाद दिई आभार व्यक्त गर्नुहुन्छ। त्यसरी चित्र प्रदर्शनी हेरेर घर फर्केपछि त्यस्ता चित्रले मनमा पारेको खुल्दुली वारे समालोचनात्मक छलफल २–३ वजे वेलुकासम्म हामी हामीमा चल्ने गर्छ।

मैले ‘वा’ वारे चित्रकला सम्वन्धमा लेख लेखिसकेको ३-४ वर्ष भइसकेको भए पनि त्यसलाई उपयुक्त हुने गरी साफी गर्न समय लाग्यो। त्यसपछि कुन साहित्यक पत्रिकालाई दिऊँ भनी खोजी गरिरहेको थिएं। यो लेख राम्रो साहित्यिक पत्रिकामा प्रकाशन गर्न दिई प्रकाशित भएपछि त्यो ‘वा’ वारेको लेख निस्केको पत्रिका वालाई नै हेर्न दिन्छु र यसवारे समीक्षा गरिदिनुहोस् भन्नेछु भन्ने विचार गरिरहेको थिएँ। यो लेखाई फोटोको सट्टा वाकै अनुहार हेरेर आफैंलाई फुर्सद नभएको हुँदाहुँदै अनुहार हेरी रेखा लेख्न ढिलाई भैरहेको थियो। वाको स्वस्थ शरीर र तन्दुरुस्ती, जाँगरी उत्साही फुर्निलो मनोवल देखिरहेको हुंदा अझै १० वर्ष केही नहोला भन्ने विचार ममा थियो। वाले यो वृद्धेसकालमा पनि हामी सरह नै सवै विषयमा तिर्सना लिई काम गरिरहनुभएको हुंदा हामीलाई वावारे कुनै त्यस्तो खड्किंदो लक्षण देखा परेको थिएन।

वासँग टाढा वर नजिकको फासला छुट्याउन सिक्दै

८५ वर्षको उमेर भए पनि जीउडाल, अनुहारमा दुव्लोपन र चाउरी परेको थिएन. ह्रष्टपुष्ट नै देखिनुहुन्थ्यो, वोलाई -चलाइमा वूढ्यौलीले छोएको भैं लाग्दैनथ्यो । वल वर्गत र वुद्धि-विवेकको काममा पनि हामी भन्दा अगाडि सर्न उत्सुक नै देखिनुहुन्थ्यो । हाल उठ्न खोजेको वहुदलीय आन्दोलनको चहलपहलवारे पनि निकै उत्सुक भएर छलफल,कुराकानी गर्न अगाडि सर्नुभएको पाइन्थ्यो । आफ्नो अनुभवको राय व्यक्त गर्न खोज्नु हुन्थ्यो । सवै दैनिक व्यवहारमा यसरी सक्रियता रहँदारहँदै एक्कासी मुटुको व्यथाले थोरै वेरमा नपत्याउँदा -नपत्याउँदै आफ्नो सत्य विचारलाई हामीमा जिम्मा लगाई हामीवाट विदा हुनुभयो ।

गरिमा २०४७ चैत्र

✱ ✱

कार्चोपीकलाकार पारसमणि

पारसमणि

पहिलोपल्ट पारसमणिसंग मेरो भेटघाट र चिनजान गुरु चन्द्रमानसिंह मास्केज्यूकहाँ कालीमाटीघरमा भएको हो । आफुले पानी रङ्गको चित्र गुरुलाई देखाई साफीगराउन आउनुभएको रहेछ मजस्तै । हामी दुवैले आफुले साफी गराउन ल्याएको चित्र गुरुवाट साफी गराई फुर्सद लिएर आपसमा सौहार्दतासाथ कुराका साथै आ-आफ्नो नाम,ठेगानाको आदान प्रदान गर्‍यौं। यसरी दिनहु भेटघाट र कुराकानी हुँदा हामी चाँडै घनिष्ट वन्यौं । म उहाँलाई दाजु भन्थें । उहाँ मलाई भाइ भन्नुहुन्थ्यो । एकदिन उहाँले आफ्नो कला -ग्यालरीमा मलाई लग्नु भयो । आफ्नो ग्यालरीमा टाँगिएका कार्चोपी अनुहार-चित्रहरू देखाउनु भयो । यस्तो भव्य र अनौठो चित्र मैले कहिल्यै देखेको थिइनं । महाराजाधिराज त्रिभुवन, प्रधानमन्त्री चन्द्रशमशेर र अरू शाह र राणाका साथै अन्तराष्ट्रिय नेताहरू र राजाहरूको पनि रेसमी धागोले कार्चोपी भरेका चित्रहरू त्यहाँ टाँगिएका देखाउनुभयो । रङ्ग-रङ्गका रेसमी धागो सियोमा उनी १ -१ टाँका लगाउँदै अनुहार दुरूस्त आउने गरी ठूला-ठूला साइजमा चित्र तयारी पारी फ्रेम जडेको तयारी अवस्थामा सजिएकोमा आंखा अघाउन्जेल हेर्न पाउँदा मेरो सिल्पी विचार उकासियो । दाजु पारसमणिजीले आफ्ना यी ग्यालरीमा टाँगिएका रेसमी अनुहारहरुका व्यक्तित्व र कृतित्ववारे पनि फर्माएर कुरा सुनाउनु भयो । रेसमी धागोका वारेमा र काम गर्ने तरीकावारेमा सुनाउनु भयो ।

त्यहां धेरैवेर फर्कने वेलामा भन्नुभयो . " भाइ. तिमी पनि यहीं आऊ । हामीसँगै काम गरौं ।" मैले त्यसै गरें । यसरी हामी निकै धैर्यसंग वसेर काम गऱ्यौं । उहां रेसमी धागोले कार्चोपी भरी अनुहार - चित्र वनाउनुहुन्थ्यो । म पानी रङ्गले अनुहार - चित्र र भावचित्र वनाउंथे । हामी कुरा गर्दै गर्दा दिन गएको थाहै पाउँदैनथ्यौं । म जागिरको काम सकेर सरासर दाजु पारसमणिजीको ग्यालरीमा जान्थें । हामी दुवै उज्यालोले दिउन्जेल वा आँखाले देखुन्जेल काम गरेर घर अवेला फर्कन्थ्यौं । काम गर्दै दु:ख - सुखका कुरा गर्दा उहाँ सुनाउनुहुन्थ्यो, " कमाण्डर इनचिफ रुद्र शमशेरको म ड्राइभर थिएँ । जुद्ध शमशेर राणा भएपछि रुद्र शमशेर चिफ भएका थिए । वि.सं. १९९० सालको ठूलो भुकम्प जानुअगाडि रुद्र शमशेर लखेटिए । पाल्पा पुऱ्याएर केही पछि त्यसै जिल्लाको वडाहाकिम दिए । म रुद्र शमशेरको साथ गएँ । त्यहाँ ड्राइभरको काम थिएन । मलाई अरू नै काम लगाइयो । जागिरको लागि जे काम दिए पनि गर्नै पर्थ्यो । त्यसपछि मलाई ड्राइभिङको काममा अझ दक्षता वढाइदिन दार्जीलिङमा पठाएको थियो । त्यहाँ मेरो निजी सोखको विषय सिक्ने मौका पऱ्यो । चित्रकला सिकाउने वर्मेली शिक्षिकासँग चित्रकारी काम राम्ररी सिक्ने अवसर पाइयो । मैले जागिर खानुअधि घरमा विर्के टोपीमा कार्चोपी वुट्टा भर्ने काममा केही वर्ष मिहिनेत गरी दक्षता पाइसकेको हुंदा यो चित्रकारी काममा पनि भावनात्मक सघाउ पुऱ्याउन सक्यो । ड्राइभिङमा दक्षता हासिल गरेको र त्यहाँ आफूले वनाएको चित्रकलासमेत लिई पाल्पा पुगी रुद्र शमशेरलाई देखाउँदा उहाँ ज्यादै खुशी हुनुभयो । स्यावासी दिनुभयो । चिफले मलाई आफ्नै छोरा झैं माया गर्नुहुन्थ्यो । पछि घरवाट पत्र आयो । त्यसमा श्रीमती सिकिष्ट विरामी भएको कुरा पढ्ने वित्तिकै चिफसँग विदा मागी र घर गएं । घर पुगेर श्रीमतीलाई ओखती -उपचार गर्न थालें । उपचार गर्दा गर्दै केही लागेन र ऊ वितिहाली । त्यस वेलादेखि दु:खको सागरमा डुवें । अहिले यो अवस्था भोगिरहेकोछु । । त्यहां नजिकै वसी श्रृङ्गार गरिरहेकी कान्छी श्रीमती देखाउंदै। अहिले यिनी, विवाह गरी व्यवहार चलाइरहेको छ । यिनले विनेकी तर्फको एउटा छोरोलाई आफ्नो छोरोसरह

गरी स्याहारी राम्ररी हुर्काइ सकिन् ।"

" मेरी आमा पनि म सानै छदा बित्नुभएको र बाले अर्की आमा विहे गर्नुभएको थियो । ती सानी आमाले मलाइ आफ्नो आमाले जस्तै गरी स्याहार्न-हुर्काउनु भएको थियो । म चिफसाहेबको ड्राइभरछँदा घर आइपुग्नेवित्तिकै आमाले नै कोट फुकाली दिनुहुन्थ्यो । त्यहाँ ड्राइभर छँदा चिफको चाकडीमा आउने असंख्य चाकडीबाजहरूले चिफलाई यो विन्तीपत्र दिइदे, यो कुरा भन्दे भन्थे । मैले त्यो चिठी लिइदिन्थे चिफको आदेश प्रमाङ्गी अनुसार उनिहरूको काम बन्थ्यो । त्यस बापट मलाई खाममा पैसा हालेर दिन्थे । मैले चाहिदैन भन्दा पनि जर्वजस्ती वगलीमा खाम हालिदिन्थे । कुनै कुनै चाकडीवाजले त काजु,कागती, वदाम र किसमिस (दाख) को पुरिया पनि वगलीमा हालिदिन्थे । यसरी दिनहुँ पैसा र मसलाले वगली भरिभराउ भएको हुन्थ्यो । घर आउने वेलासम्ममा यस्तो त दैनिक क्रिया नै भएको थियो । वगलीमा कति पैसा थियो र कति मसला थियो भन्ने कुरा मलाई थाहा थिएन । सधैं कोट फुकाली दिनेलाई मात्र थाहा होला । धेरैको जागिर भयो , धेरैको काम वन्यो, मप्रति सवैले आभार व्यक्त गरे । चिफको पावरको वेला म पनि चिफजत्तिकै पावरवाला भएको थिएँ । मेरो सुखको दिन भनेको त्यही हो । यो सम्झँदा सपनाझैं लाग्छ । यस्तो सुखको दिन मलाई फेरि आउँदैन । मैले अब दुःख पाउनु सिवाय सुख पाउँदै-पाउँन्न । यो कार्चोपी इलमले जतिसुकै नाउँ चले पनि मैले खान नपाएर मर्नुपर्नेसम्म पनि हुन सक्छ भन्ने मनमा लागेको छ " भन्नुभयो । पारसपणि दाजुका आफ्ना मनमा लागेका अनेक दुःख पाएका कुरा साँच्चिकै भए पनि मैले सुनेपछि यस्ता कुराले मलाई छोएन । "दुःख पाएको त हामी गाउँलेले पो छ त । सधैं घाम, पानी, हिलोधुलो, गोवर र अनेक फोहरमा चुर्लुम्म डुवेर कामको दौडानमा पसिनाको धारा टुप्पीदेखि पैतालासम्म बगाइरहेका छौं । च्यातिएका, टालेका, छाँट नपरेका, मैला लुगा लगाई, जीवन बिताउनुपर्ने हामीले पो दुःख पाएको खप्नुपरेका छ भन्नुपर्छ । मीठो खाएर, राम्रो लुगा लगाएर बर्सीवर्सी इलम व्यवसाय गरी सुविस्ता भोगिरहेकालाई कसरी दुःख पाएको भन्न सकिन्छ " भन्ने मनमा लाग्यो त्यति बेला । मेरो आमाले

हप्तामा एकपल्ट पनि कपाल कोन भ्याएको हुदैनथ्यो, जगल्टा जिङग्रिङ्ग पारेर काममा लागिरहेको देख्थें । एकछिन टुसुक्क वस्न पनि फुर्सद नपाएको मैले देखेको थिएं ।

पारसमणि दाजुकी श्रीमतीले घण्टौं लगाएर दिनदिनै श्रृङ्गार गरेको देखेको थिएं । यसरी श्रृङ्गार गरी वस्न फुर्सद पाएकालाई दुःख पाएको भन्न मेरो त्यसवेलाको मनले मानेको थिएन ।

फेरि केही महिनापछि "मैले सारै दुःख पाएं भाइ ! " भनेर मेरो नाम लिनुभयो । मैले " दाजुलाई कसरी, के विषयमा सगाऊँ न ? " भनें । "यी ठूलावडाको अनुहारको सियोधागोले कार्चोपी चित्र भरेर (पोर्ट्रेट) वनाएर वा यो कला-इलमले मलाई खान दिन सकेन । अव मैले अरू नै कुनै व्यवसाय गर्ने विचार नगरी सुखै पाइनं भाइ !" भन्नुभएको थियो "मैले दाजुलाई भन्नुपर्ने न होइन अव वढी समय व्यवसाय गरी छाक टार्न गर्नुभए पनि थोरै समय कला साधनामा लाग्नु नै जाती हो" भनें । यो हप्ताभित्रै हामीले काम गर्ने कोठामा कपडामा वुट्टा छाप्ने कारखाना खुल्यो । १२–१५ जना कामदारहरूको काम सुचारू रूपले चलेको देखेर मलाई रमाइलो लागेको थियो । पारसमणि दाजुले मलाई चित्र लेख्ने ठाउं आफ्नै सुत्ने कोठामा दिनुभयो । यो कारखाना केही वर्ष चलेर वन्द भयो । हाम्रो कला–इलमको काम सामान्य चलिरहेको थियो । पारसमणि दाजुले जीविकाका अरू उपायहरू पनि सोचेको छ, भन्नुभएको थियो । यस्ता अनेक व्यवसाय खोज्ने सम्वन्धमा ठगहरूको जालमा पनि पर्न पुगेको कुरा सुनाउनु भएको थियो । कलाको इलमवाहेक अरू व्यवसायका सम्वन्धमा राम्रो अनुभवको कमीले गर्दा यसरी धोका भएको हो भन्नुभएको थियो । "आफुलाई अनुभव कम भएको व्यवसायमा अरू जोसुकैले फाइदाका कुरा गर्दा पत्याइहाल्नु हुँदैनथ्यो " मैले भनें । " हाम्रो गरिवी र मजवुरीको कारणवाट फाइदा उठाउन त्यस्ताहरूले वाटो खोजिरहेका हुंदा रहेछन् भन्ने कुरा यसरी धोका खाइसकेपछि मात्र चाल पाइयो " भन्नुभयो । " मैले यसरी व्यवहारमा अघि सर्दा अनेक भुमरी र भङ्खारहरू पार गर्दै आएको छु " पनि भन्नुभयो । पारसमणि दाजुले मलाई " कार्चोपी भरी मान्छेका अनुहार वनाउन सिक ।" भनी

निकै आग्रह गर्नु भएको थियो । यो कार्चोपी भन्ने काम निकै मिहिनतिलो र कठीन भएको हुंदा यो काममा हात हालौं वा नहालौं भन्ने सम्बन्धमा निकै दिन मनमा द्वन्द भैरहेको थियो । " यो कार्चोपी इलम सिक्न सारै मन लागेको भए पनि यो काममा हात हाल्न मेरो अवस्थाले गर्दा नसक्ने भएको छु " भनें । तर खास कुरा चाहिं सरल, सजिलो, छिटो सकिने कम खर्चिलो र समय जमाना अनुसारको जनताको उकास्नुपर्ने अवस्थाका कुरा चित्रकलामा दिनु आफ्नो काम ठानेको हुंदा अनुहारचित्रको कार्चोपी भन्ने धागोमा अल्झिनु उचित नलागेको कुरा दाजुलाई यसरी भन्न सकिनँ । फेरि दाजुले धागोको कार्चोपी भन्ने काममा लाग भन्नुभएन । मैले चाहेको पानी रङ्गकै उहांको तरीका अनुसार सिकाउनु भयो र सहयोग – सुझाव दिनुभयो ।

पारसमणि दाजु आफु कार्चोपी भरी राजा, महाराजा, नेता र शासकहरूको अनुहारचित्र वनाउनुहुन्थ्यो । एउटा तस्वीर वनाउन एक महिनादेखि छ महिनासम्म लगाई तयार पार्नुहुन्थ्यो । यसरी कार्चोपी चित्र वनाइरहनमा तल्लीन भैरहनुहुन्थ्यो । श्री ५ महाराजाधिराज त्रिभुवन, श्री ३ चन्द्रशमशेर, अरु स्वदेशी-विदेशी राजा-महाराजा र नेताहरुको दुरुस्त अनुहारका साथै गजसी पोशाकमा झकिझकाउ हुने गरी तयार पार्नुभएको थियो । यी चित्रहरू चाँडै विक्री हुन सक्छ, विक्री भएर आएको पैसाले घर खर्चको फुलवारी, सुखको सपना सजावट गरी मलाई कुरा सुनाउंदा साथै मलाई पनि उहांको आफ्नो सपनाको फुलवारीको वगैंचामा डुलाउन थाल्नुभएको थियो । यसरी तयार भएका सवै कार्चोपी चित्रहरू कोठामा सजिएका थिए ।

"मैले जागिरवाट राजीनामा स्वीकृत गराएं । अव भारतमा चित्रकलासम्वन्धी अध्ययन गर्न जाने तयारीमा छु । वाटोखर्चको लागि संचयकोष झिकें । अरू थपथाप खर्च वासंग लिएँ । भारतमा चित्रकलासम्वन्धी गुरू खोजेर जनतामा अरू थप विद्या वढाउने विचार गरेको छु । अलि महिना वा केही वर्ष नै त्यता घुम्ने विचार छ, यसवारे तपाईंको सल्लाह चाहन्छु " भनी दाजु पारसमणिज्यूलाई सुनाउंदा आफु पनि भारत जाने

काम छ. तिमी पनि जाने हो भनेसंगै जाऔं भनी पारसमणि दाजुले भन्नु भयो। "आफु भारतजाँदा लानुपर्ने कार्चोपी चित्रहरूमा फिनिसिङको काम पूरा गर्न केही महीना लाग्नुपर्छ " भन्नुभयो। मैले पनि भारतमा चित्रकला प्रदर्शनी गर्न सकिने गरी भावचित्रहरू र दृश्यचित्रहरू तयार गर्न थालें। यो २००८ साल पुष महिनाको कुरा हो। यही सल्लाहअनुसार हामी आफ्नो काममा तल्लीन भयौं।

२००८ साल चैत्रको शुरू हप्तासम्ममा हाम्रो सबै कलासम्वन्धी काम सकियो र भारततर्फ जाने तरखरमा लाग्यौं। यसरी म पनि पारसमणि दाजुकै साथ लागी दिल्ली पुगें। दिल्लीमा केही दिन बस्न बसोवासको व्यवस्था मिलाइसकेर तत्तत् मुलुकका राजदुत भेटी तत्तत् मुलुकका राजनेता वा राष्ट्रपतिको चित्र दिने काममा लाग्यौं। सर्वप्रथम अमेरिकी राजदुतावास गयौं। आइजन हावरको कार्चोपीचित्र राजदुत समक्ष पारसमणिज्युले दिनुभयो। सो चित्र राजदुतज्यूले लिनुभयो र ज्यादै खुशी व्यक्त गर्दै "यो अपूर्वको चित्र हामी अमेरिकाको ह्वाइत हाउसमा (राष्ट्रिपति-भवन) मा पठाउँछौं। त्यहाँवाट आएको वक्सिस वा पुरस्कार तपाईं कलाकारज्यूलाई दिनेछु " भनी राजदुतज्यूले भन्नुभयो। यति मौखिक आश्वासन पाएर हामी त्यहाँवाट हिंड्यौं। हामी त्यस दुतावासवाट निस्कने वित्तिकै वाहिर सडकमा थुप्रै केटाहरूले घेरा हालेर " तिमी के हौ, त्यहाँ भित्र किन गयौ र के कुरा गरी फर्क्यौं ? " भनी सोध्न थाले। त्यत्तिकैमा पारसमणिज्युले त्यो घेरा छिचोली उम्किहाल्नुभयो। मैले चाहि भित्र गएको कारण भन्न थालेको मात्र थिएँ अलि परवाट पारसमणिज्यूले चर्को स्वरको आवाजले वोलाई इसारा गर्नुभएको हुँदा म पनि त्यो घेरा छिचोली निस्कें। पारसमणिज्यूलाई भेट्टाएँ। उहाँ मेरो हात समाई सरासर लम्कनुभयो। " यी हामीलाई घेरा हाली कुरा सोध्नेहरू सिआईडी हुन्। यिनलाई केही पनि भन्न हुँदैन" भनेपछि मलाई त्यसवारे थाहा भयो। त्यसै गरी अर्को दिन हामी रूसी राजदुतावास गयौं। त्यहाँ रुसी राजदुतलाई स्टालिनको कार्चोपी पोट्रेट चित्र दिनुभयो र यो चित्र रुसका राष्ट्रपति स्टालिनलाई पठाइदिनुहोस्

" भन्दा राजदुतले " यो चित्र मलाई राम्रो लाग्यो । तपाईं कलाकारज्युले भन्नुभए झैं गर्नेछु । यसको साथमा तपाईंको एउटा चिठी पनि संलग्न गर्नुपर्छ । पारसमणिज्यूलाई भन्नुभयो । त्यो चिठी कसरी लेखौं भन्दा "तपाईंको आफ्नो साथीलाई पत्र लेख्ने व्यहोराअनुसार नै लेख्नु, यो तस्वीर उहाँलाई दिने वेहोरा पारेर" राजदुतले भन्नुभयो । हामीले त्यो तस्वीर त्यहीं छोडेर भोलिपल्ट चिठी दिन गयौं । त्यो पत्र पढेर यस्तो वेहोरा भएन, यो त बिन्तीपत्र जस्तो भयो " राजदुतले भन्नुभयो । "तपाईंले आफ्नो साथीलाई लेखेजस्तै पत्र लेख्नोस्" भनी फेरि भन्नुभयो । फेरि अर्को पत्र तयार पारी त्यहाँ दिँदा "यो पत्र भएन, राणा सरकारलाई विन्तीपत्र लेखेजस्तो भयो , फेरि अर्को पत्र लेख्नुहोस् " भनेपछि हामीले भोलिपल्ट अर्को चिठी दिन गयौं । त्यो पत्र पढी राजदुतले" हो, यो पत्र भने ठीक भयो , हामी स्टालिनसमक्ष यो चिठी यो चित्र पठाइदिन्छौं । त्यहाँ यो तस्वीर लाग्न सक्छ,तपाईलाई यसको पुरस्कार आउन पनि सक्छ नआउन पनि सक्छ। तपाई कलाकारज्युले फिक्री नलिनुहोला" भन्नुभएको थियो । "यो चित्र यति धेरै मिहिनेत गरेर किन वनाउनुभएको ? तपाईंको के आशय छ ? " भन्दा पारसमणिज्यूले भन्नुभयो, " स्टालिन भनेको संसारका श्रमिक जनताका महान मित्र भएको थाहा पाएर मलाई उहाँप्रति श्रद्धा जागेर नै यो मिहिनेत गर्न जाँगर लगाएको हो र यो चित्र अव तपाई राजदुतज्यूमार्फत स्टालिनसमक्ष पुग्छ भन्ने आशा छ । " त्यो चित्र मास्को पुगी स्टालिनले हेरेर खुशी हुनुभयो भन्ने सम्म यता काठमाडौंमा पछि थाहा भयो । हामी रुसी दुतावासवाट विदा भएर वाहिर सडकमा आउँदा पनि केटाहरूले घेरी कुरा सोधेका थिए । हामी नवोली उनीहरूको घेरा छिचोली अगाडि वढयौं । अव दिनुपर्ने वाँकी चित्र रह्यो । भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूको अव कुन दिन प्रधानमन्त्रीनिवास गएमा यो कार्चोपी चित्र दिनुका साथै केही आफ्ना कुरा समेत निवेदन गर्न पाइयोस् भन्ने पारसमणिजीको भनाइ थियो । विहानको फुर्सद मिलाई हामी प्रधानमन्त्रीनिवास गयौं । पारसमणिज्यूले चित्र जवाहरलाल नेहरूके हातमा दिनुभयो ।

प्रधानमन्त्रीले यो आफ्नो कार्चोपी अनुहारचित्र लिन मान्नुभएन । कारण "प्रणाक" र "साष्टाङ्ग" मा व्यवहार चित्त नवुझेको थियो । त्यहांवाट हामी फर्क्यौं । वाटोमा पारसमणिज्युले चित्त दुखाएर कुरा गर्नुभयो । "यस्तो ठूलो मान्छेले हामीजस्ता उहाँप्रति आदरश्रद्धा राख्नेप्रति यस्तो भयो " भन्नु भयो ।"दिल्ली वस्ने मेरो काम पुरा भयो । हामीसँगै घर जाऔं भन्नुभयो" । " म अलि महिना यतै डुल्छु" पारसमणि दाजुलाई मैले भने । उहाँ भोलिपल्टै नेपाल फर्कनुभयो । म भारतमा दुई वर्ष वसेर फर्के ।

पारसमणिजीकहाँ कार्चोपी भर्ने र पानी रङ्गको चित्र वनाउन सिक्न आउने विद्यार्थी चेलाहरुमध्ये एक जना अष्टविरसिंह शाक्यज्यु पनि कार्चोपी भर्ने काम राम्ररी सिक्नेमध्येका उहाँका चेला हुनहुन्छ । कला र डिजाइनसम्वन्धी काममा हालसम्म पनि राजदरवारमा उच्चस्तरीय अधिकृत भै काम गरिरहनु भएको छ ।

विश्वशान्ति - हस्ताक्षर सङ्कलनको सिलसिलामा पारसमणिजीको आर्ट-कक्षमा एक जना भलादमी केटा आइपुगे । उनी नेपाली पोशाकमा ठाँटिएका थिए । प्रणाम गर्दै भलाकुसारीका कुरा सकेर हस्ताक्षरवारेका कुरा शुरू भयो । कुरा गर्दागर्दै कुरा झन् लम्किदै गयो । द्वन्द्वात्मक र ऐतिहासिक भौतिकवादवारे कुरा उठ्यो । मार्क्सवादी वैज्ञानिक दर्शनवारे लामै कुरा गरे । यसरी विस्तृत रूपले कम्युनिज्म र समाजवादवारे मैले कुरा सुन्न पाएको यो पहिलो पल्ट थियो । आफ्नो कार्चोपी भर्ने टेविलमा वसी पारसमणिजीले आफूलाई लागेका अनेक प्रश्नहरू उठाउनुभयो । उत्तर पनि पाउनुभयो । म पनि त्यही कोठामा पानी रङ्गको माध्यमले चित्र वनाउने काम गरी ती कुराहरू सुनिमात्र रहें । यो २००८ सालको कुरा हो । हस्ताक्षर -सङ्कलनको काम पूरा गरी ती केटा गए पछि मैले दाजु पारसमणिजीलाई नि केटा को हुन् ? " भनेर सोधें । उहाँले भन्नुभयो " ती कृष्णचन्द्र सिंह प्रधान हुन् , नेपालका प्रख्यात साहित्यकारमध्येका हृदयचन्द्रसिंह प्रधानका भाइ हुन् यिनी । मकहाँ यिनी र यिनका दाजु पनि आउने गरेका छन् । मैले लेखेको र भरेको कार्चोपी चित्र हेर्ने र आफ्ना रचना सुनाउने

गरेका छन् । मेरो चित्रको पनि समालोचना गरेर कुरा गर्ने आफ्नो कथा सुनाइ राय माग्ने गरेका छन् । यी दुवैको राम्रो वानी व्यहोरा मलाइ मन पर्छ ।" दाजुको यो कुरा सुनेर यी साहित्यिक प्रतिभावारे जान्ने अवसर मिल्यो । " ती केटाको यस्तो सैद्धान्तिक कुरा सुन्न पाएको पहिलोपल्ट भएकोले मलाई हप्तौंसम्म मनमा खुल्दुली परिरहेको थियो । मनमा अनेक प्रश्नका तरङ्ग झन्झनाइरहेको थिए । यस अघि २००४ सालतिर पनि नेपालमा कांग्रेसी क्रियाकलाप हुन थालेपछि त्यसको प्रतिक्रियास्वरुप वाले भन्नुभयो. " यो कांग्रेसी व्यवस्थाभन्दा रुसमा लेनिनले ल्याएको समाजवादी व्यवस्था नै धेरै राम्रो" भन्ने शव्द पनि मैले पहिलापल्ट सुन्न पाएको थिएँ । त्यसवेला वासँग त्यो कसरी भनी सोध्न सक्ने ममा क्षमता थिएन ।

म पारसमणिजीकहाँ चित्रकलाको पानी रङ्ग माध्यमवाट अभ्यास वढाउने गरी उहाँको अगुवाइमा आफ्नो सीपलाई उकासिरहेको थिएँ । पारसमणिजीको कला -प्रभावको उज्यालोमा काठमाडौंको व्रह्मटोल उहाँको आफ्नो घरमा हरेक दिन नैाला नौला मान्छेहरू आउने, कलावारे सोध्ने गरेको देखेको थिएँ । त्यहाँ दरवारियादेखि ठूला-साना व्यापारीसम्म र नेतादेखि साहित्यकारसम्म सधैं कुनै न कुनै आइरहेका हुन्थे । त्यहाँ अरू नौरङ्गे ठग-लुच्चाजस्ता मान्छे पनि आई दाह्रा डिच्याई अंकुसे प्रयोग गर्न खोज्थे । यसरी त्यहाँ घाम-छाँयाको अँध्यारो - उज्यालोको, चिसो- तातोको अनुभव गरेको थिएँ । एकदिन मेरो अपरिचित अनुहारको एक मान्छे आइ पारसमणिजीसँग कम्युनिष्ट पार्टीको लागि चन्दा मागे । पारसमणिजीले "म त्यो कम्युनिष्ट पार्टीलाई चन्दा दिने मान्छे होइन " भन्नुभयो । सैद्धान्तिक कुरा झिकी पार्टीलाई चन्दा दिनुपर्छ भन्ने तर्क अगि सारे । पार्टी-तर्फका कुरा काटी चन्दा नदिने नै अडानका कुरा गर्नुभयो पारसमणिजीले । चन्दा माग्ने केटाले पार्टीलाई केही न केही रकम त दिनैपर्ने सैद्धान्तिक वलियो तर्कका विचार अगि सारेपछि पारसमणिजीले खोइ चन्दा पाइड हेरौं भन्नु भयो । चन्दा-पाइड ओल्टाइ पल्टाई हेरिसकेपछि " भैहाल्यो, यसमा पुष्पलालजीको सही दस्तखत रहेछ, मैले सकेको चन्दा १ रुपियाँ दिन्छु" भनी दिनुभयो । त्यस वेला १ रुपैया पनि ठूलै रकम मानिन्थ्यो । पार्टीलाई

चन्दा दिनुपर्ने रहेछ भन्ने कुरा पनि त्यसैवेलादेखि थाहा पाएको थिएँ ।

झ्यालको उज्यालो नजिकै वसेर रेसमी कपडा कसेको चौकोसमा सियोमा रेसमी धागो उनेको हातमा लिई छिटोछिटो हाल चलाउनु भएको थियो । एक-एक टांका लगाई सियो घुसार्ने र तान्ने दोहोरो क्रिया गर्ने नेता वा शासकको अनुहार उतार्न कार्चोपीचित्र भर्न दिनभरी नै ध्यानमग्न भै मिहिनेत गरिरहनुहुन्थ्यो । हिस्सी परेको दुरुष्ट अनुहारमा कलात्मकना झल्कने गरी कार्चोपीचित्र तयार पारिसकेपछि आफ्नो अगाडि ठड्याएर राखी मलाई " हेर भाई , यो चित्र यिनै शासकले देखे भने अवश्य लिनेछन् र मलाई पारिश्रमिक दिनेछन् " भनी आफ्नो कल्पनाको वगैंचामा उफ्रि-उफ्रि नाच्न थाल्नुहुन्थ्यो । प्रसिद्ध कलाकार लियोनार्दो दा भिन्चीले पनि विश्वविख्यात मोनालिजा-चित्र मिहिनेत गरी अडरअनुसार बनाएको भए पनि आफैंलाई राम्रो लागेकोले त्यो चित्र अडरवालालाई दिन नलगेको, आफैंसँग जीवनभर साथै राखेको वुझिन्छ भने यता हामी चाहि विनाअडर ठूलावडाको चित्र वनाई लिइदेलान् कि भन्ने आशमा, वक्शिस पाइएला कि भन्ने आशको त्यान्द्रोमा झुण्डिई जीवन दुःखी- दरिद्रीको रुपमा विताउनुपर्ने कलाकर यहाँ प्रशस्तै छौं । तेल रङ्गले वनेको मोनालिसा व्यक्ति अनुहार-चित्र र रेसमी धागोले एक एक टाँका लगाई वनेको श्री ५ त्रिभुवनको यो कार्चोपी चित्रमा दाँज्दा सीप र मिहिनेतले झल्केर सुन्दर कलाको दृष्टिवाट यो कार्चोपी अनुहारचित्र निकै माथिल्लो स्तरको मान्नुपर्छ । उता युरोपमा कलाकारको र कलाको उचित कदर गर्न जान्ने मान्छे छन् भने हाम्रो नेपालमा त्यस्ता कला र कलाकारको कदर गर्न जान्ने मान्छेको विकास भैनसकेको रहेछ भन्ने वुझिन्छ । अव सधै त्यही अवस्था नरही अरू विकासको साथै कलाको विकासमा पनि लम्कन सक्ने वातावरण वन्नेछ । तर प्रयत्न चाहिं कलाक्षेत्रमा विकास चाहने सवैले लगाउनुपर्नेछ ।

" कला-खेतीको पालुवा पलाई फुल फुल्ने चिचिला लागेर फल पाक्न सक्ने अवस्था आउन नसकेसम्मलाई कला - विकासमा धेरै समय तल्लीन भै लाग्न नसकिने अवस्थालाई ध्यानमा राखी हरियो डांठको

कलाकारितामा पालुवा पलाओस् भनी सधैं त्यसको जराफेदमा पानीको घैला खन्याइ सिञ्चन दिइरहनुपर्छ । खान-लाउनाको समस्याले हारावारा खेल्नुपरेसम्म आफुले जानेको यो कार्चोपी कालाकारितालाई अगि बढाउन नसकिने बुझेर २०१४ सालदेखि चितौनमा गै खेती गर्ने विचार गरे अनुसार त्यति वेलाका सरकारसँग जग्गा मागी २०१७ सालदेखि त्यता गै खेती गरी जीविका गरें । अवखान लाउनको चिन्तावाट मुक्त भएँ । वाली लगाउने र भित्र्याउने समयवाहेक अरु सवै समयमा कलाको विकासमा नै व्यस्त भएको छु " पारसमणिजीले भन्नुभयो । मेरो वा यकवहादुर भण्डारीले आफू शिक्षक तालीमको सिलसिलामा भरतपुरमा रहँदा कलाकार पारसमणिजी आफ्नो खेतीमा मकै भाँचिरहेको देखेर वोलाई आपसमा सुस्वास्थ्य र सुखशान्तिका वारेमा कुरा गरेको थिएँ भनी घर फर्केपछि मलाई त्यताको समाचार भन्नुभएको थियो । त्यहाँ भरतपुमा ५-५ विघा जग्गाको ५० प्लट जग्गा पासरमणिकै अगुवाइमा बाँडिएको र वस्ती वसेको ठाउँ पारसनगर नाउँले प्रख्यात क्षेत्र भएको कुरा पनि वाले भन्नुभएको थियो ।

कार्चोपिकलाकार पारसमणि

घरका सवै परिवार भन्नाले आफूसँगै वसेका छोरी दुई र श्रीमतीले वालयोगेश्वर धर्म लिएकाले मैले पनि सोही धर्म लिन वाध्य भएको छु। दुई

छोरी, दुई वुहारी र नाति-नातिनाहरूले यो धर्म लिन रुचाएनन्। मैले कर काप गरिनँ पनि।

श्री ५ महेन्द्र सरकारका साथमा राजकीय भ्रमणका साथ भारत र अरु मलुकमा जाने सौभाग्य मिलेको थियो। त्यस वेला चन्द्रमानसिंह मास्के र वालकृष्ण सम पनि साथै थिए भन्नुभएको र त्यस भ्रमणवारेको फोटो पनि देखाउनु भएको थियो। इन्द्रराज्यलक्ष्मी प्रज्ञा-पुरस्कार २०२० सालमा पाएको त मलाई त्यती बेला नै थाहा थियो। यो कलाकारले पाउने पुरस्कार थियो।

दाजु पारसमणिजीसँगको लामो समयको सङ्गतमा भएका अनेक व्यावहारिक कुराका प्रसङ्गमा यस्ता धेरै कुराहरु सुनाउनुभएको थियो। चित्रकला सम्वन्धमा सैद्धान्तिक कुराहरु सुनाउनुभयो। रुपमा लयालुता, अनुहारमा सुन्दरता, रङ्गमा मुलायर र मधुरतामा जोड दिनुहुन्थ्यो। एउटा चित्रकलालाई लामो समयसम्म काम गर्ने धैर्य लिनुहुन्थ्यो। जहाँसम्म स्पष्ट चिनिने अनुहारमा सुन्दरतासमेत फक्राउन नसकेसम्म काममा घोटिइरहने जाँगर थियो उहाँमा। एउटा चित्र वनाउन थालेपछि त्यो जहाँसम्म आफ्नो चित्तोवुझ्दो हुँदैन त्यसमा निरन्तरता दिई काममा लागिरहनुपर्छ भन्ने उहाँको विचार थियो। "चित्र शुरू गर्दा रेखाको काम सकेर रङ्ग लगाउने , गाढा र फिक्का रङ्ग लगाई रुपलाई उकास्ने मधुरी चहकिलो रङ्ग दिँदै, छायाँ र उज्यालोको आधारमा रूपलाई प्रस्छायाउँदै एकाग्रमै मिहिनेतसाथ काम गरी चित्र साफी गरेर पूरा गर्नुपर्छ। अनि वरिपरिका आफन्तसँग राय माग्नुपर्छ" भन्नुहुन्थ्यो दाजु पारसमणिजी। यी तयार पारिएका धेरै चित्रहरू सर्वसाधारण जनतालाई देखाउन खुला वा ग्यालरीमा टाँसिदिनु हाम्रो दायित्व सम्झनुपर्छ। जनताको चित्र हेर्ने अधिकारलाई पूरा गरिदिनुपर्छ भन्ने विचार व्यक्त गर्नुहुन्थ्यो पारसमणिजी। यसरी ईस्वी सन् १९०९ ,मई २९ मा जन्मनुभएका पारसमणिजी ४५ वर्ष भन्दा वढी समय चित्रकला सृजनाकै काममा आफ्नो समय दिनुभई २०४२ साल वैशाख ११ गते यो कला विषयको विकास गर्ने जिम्मा हामीलाई दिई यो संसारवाट विदा हुनुभयो।

✸ ✸ गरिमा २०५० वैशाख

कला- शिल्पी चामु गुभाजु



चामु गुभाजु

कला सम्वन्धी अध्ययन भ्रमणको सिलसिलनमा वाग्लुङमा गै केही दिन त्यहाँका प्रख्यात कलाकार (नलीमा वुट्टा कोर्नेहरू) २ जनासँग यो सम्वन्धी काम सिक्ने सौभाग्य मलाई मिलेको थियो। उहाँहरूको सीप र अवस्थावाट प्रभावित भएर उहाँहरूको व्यावहारिक अनुभववाट केही ज्ञान वढाउने अभिप्रायले काम सिक्ने सिलसिला भित्रै पारेर प्रश्नहरू सोधी शिक्षाप्रद जवाफहरूलाई लिपीवद्ध पारी जनसमक्ष प्रस्तुत गरेमा अनुभवको आदान प्रदान भै फाइदा हुनेछ भनि ठानेको छु।

प्रश्न :- तपाईंलाई यो इलम कुन उमेरदेखि,कुन गुरूले सिकाएको र कति वर्ष सिके पछि सिपालु हुनुभएको हो ?

उत्तर: यो खपतडी निगालोमा बुट्टाकोर्ने काम १२–१३ वर्षको उमेर देखि मेरो आफ्नै हजुरवाले मजस्तै अरू ४–५ जना केटाहरूका साथै मलाई सिकाउनु भएको थियो। यो इलम सिक्न थालेको एक वर्ष पछि केही सिपालु जस्तै भएँ। त्यतिबेला मैले तयार गरेको बुट्टादार नली ग्राहकहरू र पसलेहरूले रुचाई किन्ने गर्न थालिसकेका थिए।

प्रश्न : त्यो समयको अवस्था र बजार भाउको तुलनामा, तपाईंले बनाएको बुट्टादार नली कति मुल्यसम्ममा बिक्री गर्न सकिएको थियो र त्यो बुट्टाको प्रशंसा कस्तो थियो ?

उत्तर : चार पैसा मानु चामलको भाउ अनुसार अरू सबैथोक सस्तो थियो। हुने खाने र हाकिमहरू यस्तो बुट्टे नलीमा तमाखु खान रूचाउँथे, त्यो ताका बुट्टे नली लगाई तमाखु खानु फेसनै भैसकेको थियो। चल्ती बढेकोले बुट्टे नलीको पनि भाउ बढ्दै गएर सामान्यत: १ नलीको ५। रू सम्म पुगी सकेको थियो। अरू व्यवशायवाट पाउने ज्यालाभन्दा यो इलमबाट दसौं गुना वढी हामी पाउँथ्यौं। यसले गर्दा ममा निकै उत्साह बढेको थियो। कारण अरू काममा २ आना ३ आना दैनिक ज्यालाको चलन तिन ताकाको थियो। यसरी तुलनात्मक रूपले हेर्दा ज्यालामा निकै अन्तर थियो।

प्रश्न : वाग्लुङ वजारैमा सादा खपतडी निगालो किन्न पाइन्छ ? तपाईहरूले बुट्टा कोरेको निगालाको नली वेच्ने ठाउँ पनि छ कि ?

उत्तर : पहिले पहिले यो जातको निगालो लेकालीहरूले लेकबाट भारीका भारी वेच्न ल्याउँथे। यो प्रशस्त मात्रामा ल्याइने हुँदा निकै सस्तो थियो। हामीले मोहरको १२, १३ वटासम्म पनि किनेका थियौं। अचेल यो निगालो उस्तो वेच्न ल्याउँदैनन्। कुनैवेला ल्याइहाले पनि हारालुछ गरी महँगोमा किनिदिन्छन्। पसलेले सके मोहर एउटा र लेकालीले सके रूपियाँको एउटाको भाउमा किनवेच हुन्छ। अनि अर्को सिजन शुरू भएपछि त्यो सादा एउटा निगालोको मोल रू ८। सम्म पर्न जान्छ। हामीलाई त्यो किन्न गाह्रो परिहाल्छ।

कुनै पसलेले यसो पनि भनेका छन्। चाहिएको निगालो हामी त्यसै

दिन्छौं, बनिसकेको बुट्टे नली चाहिं १ थानको रू २५ । मा लगातार दिने गर । त्यसैले पैसाको हर्जा परेको र निगालो पनि किन्न नपाइने वेला परेको छ भने तयार नली दिने र सादा निगालो लिने गरेका छौं । यसरी हामीले पैसाको हर्जा पनि टार्ने गरेका छौं । अचेल विदेशी पर्यटकहरू पनि यता आउन थालेकोले मौकामौकामा एक दुईवटा बुट्टे नली उनीहरूलाई बेच्ने मौका पाएका छौं । हामीले भनेको मुल्यमा नघटाई एकडेढसयसम्म मोल तिरेर उनीहरूले खुशीसाथ लिने गरेकाछन् । आशा छ, अब दिनघरी यस्तो अवस्था बढेर जानेछ ।

प्रश्न : तपाईंले यो इलम वाहेक अरू के के पेशा गरी घर–व्यवहार चलाउनु भएको थियो त्यतिवेला ?

उत्तर : म, बा र हजुरवा पनि तामाखानीमा काम गर्थ्यौं । खानीवाट तामाको घाउ झिक्थ्यौं । त्यस घाउलाई गलाउँथ्यौं । साना साना लाप्सामा ढालिन आउने गरी पगालेको तामालाई सो भाडामा खन्याउँथ्यौं । सेलाएको लाप्सा (सानो ट्वाक) लाई डाइ (टक लाउने साँचो) मा राखेर सानो घन (कुन्जा) ले हिर्काउँथ्यौं अनि पाँच पैसे ढ्याकको छाप (टक) लागी आउँथ्यो । अनि त्यो पैसा जोखेर स्थानीय टकसार अड्डाको हाकिमले खजान्चीलाई वुझाउँथ्यौं । कामको लागि पारिश्रमिक (ज्याला स्वरूप) हामीले पाउनेमा काम भरी २ धार्नी तयार पारेको मध्यवाट १ धार्नी चाहिं ढ्याक ज्याला स्वरूप पाउँथ्यौं । अर्को १ धार्नी चाहिं टकसार अड्डामा दाखिला हुन्थ्यो । यसरी काम गर्नेमा एक ग्रुपमा ३–४ जनासम्म कामदार हुन्थ्यौं । यस्ता अरू धेरै ग्रुप हुन्थे । हाम्रो ग्रुपमा ३ जना थियौं । यो कामवाट फुर्सद मिलेको समयमा निगालोमा वुट्टा कोर्ने काम गर्थ्यौं । हामीले पहिलेदेखि नै यो इलमलाई सहायक पेशाको रूपमा लिएका थियौं । यही पेशा र इलमको भरमा हाम्रो परिवारले जीविका चलाएका थियौं ।

प्रश्न : यो इलमलाई नियमित रूपले नै गर्ने गरेको कि मनलागेको वेलामा मात्र गर्ने गरेको हो, हाल यो पेसाले कसरी जीविका चलेको छ ?

उत्तर : १९९० सालको ठूलो भुकम्प जाँदा म १८ वर्षको थिएँ । त्यस

भुकम्पले कुनै कुनै थोत्रा घरहरू मात्र भत्केका थिए। अरू धेरैजसो घर केही भएनन्। यताका धेरैजसो घर सिलोट ढुङ्गाको छाना भएकाले घर हल्लँदा छानाका सिलोट नाङ्लो निफने जस्तै गरी निफनिए र फुत् फुत उछिट्टिएर परसम्म पुगी खस्थे। यस्तो डर त्रासको महामारी भै आपत्–विपत् खनियो। हामी सारै डरायौं। बाँझो चौर र खेतमा छाप्रो बनाएर बस्यौं। त्यसताका बरोबर सानो ठूलो भुकम्प गैरहन्थ्यो। सधैं डरले त्राहिमाम् भैरहनु पर्थ्यो र त्यसताका मात्र हामीले बुट्टे निगालोको काम गरेनौं। कारण, यस्तो काम गर्न मन एकाग्र चाहिन्थ्यो, त्यस्तो बेला कुनै हालतमा पनि एकाग्र हुन सकिने स्थिति थिएन। नत्र हामीले सधैंभरि यो काम गर्ने गरेका थियौं, छोडेका थिएनौं।

हाल बाग्लुङ बजार नजिकै शाही सेनाको ब्यारेकमा १२–१३ वर्ष अघिदेखि सैनिक जवानहरूका साथ बसिरहेको छु। यहाँ सेनाका साना–ठूला दर्जाका जवानहरूले मलाई सान्है माया गरेका छन्। काम अन्हाए पनि नअन्हाए पनि मैले सकेसम्मको बुद्धि, बल लगाएर मिहिनेत गरी उनीहरूलाई सघाउने गरिआएको छु। फुर्सदको बेलामा निगालोमा बुट्टा कोर्ने काम गर्छु। कहिले काहीं एकाग्र भै बुट्टा कोरिरहेको बेलामा पनि कुनै जवानले काम अन्हाइहाल्छन् "ए चामु, बजार गएर यस्तो किनेर ल्याउन" भन्छन्। "मलाई अहिले फुर्सद छैन" भन्छु। "त्यो निगालो कोरेर के पाउँछौ" उनले भन्छन् "ऐले नै यो चीज ल्याइदियो भने ता खान पाउँछौ। " यति भनेपछि मैले नगै सुखै पाइनँ, अन्हाएको काम गर्न दौडेर गइहाल्छु। सधैं नै बिहानदेखि मलाई किनमेलको काम दिन्छन्। कहिले २–४ बाल्टिन दही, कहिले मासु, कहिले चुरोट, सलाई सुपारी इत्यादि ल्याउनु पर्छ। आफूलाई पनि फाइदा, यता जवानहरू पनि खुसी हुने, उता पसले साहु पनि ठूलो लट एकैचोटिमा बिक्री हुँदा खुसी हुन्छन्। निगालोमा बुट्टा भरिसकेर पनि तुरून्त बिक्री हुने होइन। कसैको अडर पनि होइन। अरू तुरून्त फाइदा हुने काम पाउँदा आफू किन बुट्टा कोर्ने काममा अल्झने भन्ने अभिप्रायले जवानहरूले अन्हाएको काम कुरा गर्न नै फुर्ति साथ तम्सने गर्छु।

कहिलेकाहीं सैनिक जवानहरूले उठाएको सांस्कृतिक कार्यक्रमको लागि तालीममा लाग्यो अनि पछि सोही नाच कार्यक्रमलाई जनसमक्ष प्रस्तुत गर्ने कार्यक्रममा लाग्यो । अनि कहिले भने खेतीपाती र वगैंचाको काममा लाग्यो । कहिले सफाई–सुग्घरको काममा लाग्यो । यस्तै गर्दा गर्दै दिन वित्न वेर लाग्दैन । अफिसर साहेवले आफूले कतै कोसेली दिनुपर्ने भयो भने राम्रा–राम्रा यतिवटा लेराउ भनी अन्हाउनु हुन्छ वा यति दिन भित्रमा वनाइसक्नु पऱ्यो भनी अन्हाउनुहुन्छ। यसरी अन्हाउने धेरै जनालाई नली दिइसकेको छु ।

मलाई काम पनि सिकाइदेउ, अव त घरमै वसौं, आऊ भनी भाइले वरोवर भनिरहन्छ । म नाँगोलाई घरमा वस्न पटक्कै रमाइलो लाग्दैन । वथानमा वस्ने वानी नै लागिसकेको छ । घरमा जान मनलाग्यो भने यसो एकछिन गैदिन्छु । चाडपर्वमा देखापर्न गइदिन्छु ।

प्रश्न : कहाँवाट, कहिलेदेखि तपाई यहाँ वाग्लुङमा वस्न आउनु भएको हो ?

उत्तर : मेरो हजुरवा वुंगमती (काठमाडौं उपत्यकाको ललितपुर जिल्लाको दक्षीण सैवु गा.वि.स.वाट नजिकै पर्छ) वाट आउनु भएको हो । के कारणले र कुन सालमा उहाँ यहाँ आउनु भएको हो त्यो थाहा छैन । हजुरवाले निगालोमा वुट्टा कोर्ने इलम यतै कसैसँग सिकेको हुनुपर्छ । हामीकहाँ काम पाउन र काम पाएपछि वजार भाउ अनुसार पुग्दो ज्याला पाउन ज्यादै गाऱ्हो छ ।

प्रश्न : तपाईका चिनेजानेका केटीहरूले तपाइलाई वोलाई "मसँग विवाह गर्छौ ? " किन भनेका ?

उत्तर : उनीहरूको दृष्टिमा मेरो विवाह गर्ने उमेर नरहेको हुँदा, चिनेजानेका धेरैजसो केटीहरूले जिस्क्याउनको लागि " मसँग विवाह गर " वा "गर्छौ" "म तिमीसँग आउँछु " भनी वरोवर जिस्क्याउने गर्ने गरेका छन् । कारण उनीहरूले- त्यसो भन्दा पनि म रिसाउँदिन र उनीहरूलाई विझाउने कुरा पनि केही वोल्दिन अनि ममाथि यो क्रम वरोवर दोहरिन्छ ।

प्रश्न : निगालोमा वुट्टा कोर्ने इलम अव कसरी विकास हुन सक्ला ?

पहिलेको स्थिति कस्तो थियो ? भनिदिनुहुन्छ कि ?

उत्तर : हाल सरकारी स्तरवाट वाग्लुङ घरेलु विकास कार्यालयले दायित्व लिई यो इलमलाई वढाउन यसरी अल्पकालीन कार्यक्रम सञ्चालन भै रहेको हुँदा, यो इलमले फेरि विकास गर्ने मौका पाउला कि भन्ने आशा लागेको छ। यसरी नै वरोवर तालिम कार्यक्रमको साथै तालिम प्राप्त गरि सकेका शिल्पीहरूवाट तयार भएका कलात्मक सामानहरू (बुट्टेदार निगाला) समेतको विक्री वितरणको व्यवस्था मिलाइ दिएमा क्रमश: यो इलम गरी खाने व्यवसायीहरू आत्मनिर्भर हुन सक्नेछन्। साथै यो पेशाका शिल्पीहरूको संख्या पनि वढ्नेछ, जसवाट विदेशमा नोकरी खोज्न जानेहरूको संख्या क्रमश: घट्दै जानेछ।

निगालोमा वुट्टा कोराइको पहिलेको अवस्था निकै राम्रो थियो, हामीले यो काम गरेर प्रशस्त कमाई गरेका थियौं। त्यसवेलाको कामको नामले गर्दा अहिले पनि फुर्सद नहुने गरी काम आउँछ। तर सिपालु साथीहरू धेरै जसो वितिसकेकाले र तमाखु खाने चलन पनि विस्तारै घट्दै गएकोले यसको चलन चल्ती घटेर जाने लक्षण देख्छु।



नलीमा वुट्टा भरेको

आफ्नो भन्नु –

यस सीपलाई विकासको खुड्किलामा उकाल्ने नै हो भने राष्ट्रिय वा जिल्लास्तरीय नै भए पनि त्यो सीपको नाम उल्लेख हुनुपर्छ । अनि बुट्टे निगालोको नलीको उपयोगितालाई त्यागेर यसको उपयोगिताले अर्कै उपयुक्त वस्तुको आधार लिनु पर्दछ । पुरानो उपयोगिताको आधार धेरै नै कमजोर भैसकेकोले अब त्यसको आधारबाट जीविका चल्ने अवस्था देखिदैन ।

काम सिक्दै र काम गर्दै जाँदा कामको सिलसिलामा उठेका कुरा गर्दै रहँदा गुरू चामु गुभाजुको कुराबाटै अझ बढी कुरा जान्न उत्सुकता बढाएकोले यसरी पटक पटक गरी सोधिएका प्रश्नहरूको जवाफका उपयुक्त कुराहरू टिपोट गरी राखेको खेस्रालाई यो रूपमा हाम्रो समाजमा दिंदा फाइदा हुन सक्ला भन्ने अभिप्रायले यो टिपोटलाई साफी गरेको छु । यसरी लुकेर बसेका पीडित कलाकारहरूको व्यक्तित्वलाई र लोप हुन तयार रहेको सीपलाई प्रकाशमा ल्याई सर्वसाधारण जनतालाई पनि यस्तो सीप इलम र त्यसका कलाकारको परिचय दिउँ भन्ने लागेकोले कलावारेका कुरा यसरी अघि सारेको छु ।

कला शिल्पकार मोहनमान वज्राचार्य झैं चामु गुभाजु पनि त्यस जिल्लाको सदरमुकाममा निगालोमा बुट्टा कोर्ने काममा निक्कै प्रख्यात मानिएका देखें । चामु अनुहारमा र लवाइमा पहाडिया मगर हुन् कि जस्ता देखिने झुत्रे झाम्रे खालका भए पनि त्यहाँका सवै जनताको अगाध आदर भएको उनको व्यक्तित्व पाएको छु ।

यस्ता अद्वितीय कलाकारहरूको निम्ति सरकारी स्तरमा दिगो रूपवाट उनीहरूको दैनिक समस्या समाधान हुने व्यवस्था गरिदिनु पर्ने आवश्यकता भएको ठान्छु । यदि यो इलमलाई सेलाउन र विलाउन नदिने हो भने अवश्य पनि यस्ता वृद्धलाई सहयोग र नयाँ पुस्तालाई यो इलम गर्न प्रोत्साहन दिनुपर्छ भन्ने ठानेको छु ।

यो इलम शुरू गर्नको लागि एउटा फलामे ज्यावल (तौलमा ३–४ तोलासम्म गऱ्हौं, लम्वाईमा ६ इन्चसम्म लामो) भए पुग्छ । एकापट्टि तिखो सुइरो, अर्कोपट्टि कर्द जस्तो चेप्टो खुवै धारिलो पार्नुपर्छ यस ज्यावललाई ।

बढीमा आधा घण्टा काम गरेपछि धार मेटिइ फेरि उद्याउनु पर्ने हुन थाल्छ । यसलाई उद्याउनको लागि सिल ढुङ्गो वा कुरीन (वनावटी) ढुङ्गो जाति हुन्छ । यति ज्यावल र काम गर्ने कच्चा माल निगालो र बाँस पाइने भएपछि यो इलम थालेमा एउटाले काम गरी कमाएर परिवारलाई सुविस्तैसित पाल्न सकिन्छ भन्ने कुरा यिनै बृद्ध गुरूको स्थितिलाई हेर्दा थाहा भयो । व्यक्तिगत तवरमा यो काम गर्ने ठाउँको लागि घामपानी छेक्ने, उज्यालो पुग्दो मात्रामा पाइने कोठा भए पर्याप्त छ ।

यसमा स्वयम् चामु गुभाजुको व्यक्ति रेखाचित्र साथै ज्यावल र तयारी कलात्मक वस्तुको रेखाचित्र राखी पाठक वर्गमा अवगत गराएको छु ।

श्रृङ्खला २०४८ असोज

मैले चित्रकला इलम सिक्दाको सुरूको बेला

मशुरी शमसेर ज.व.रा.

राणाकालीन सुरक्षा-व्यवस्था अनुसार तराई क्षेत्रको पूर्वदेखि पश्चिमसम्म मुख्य व्यापारिक आवतजावतको वाटोलाई आधार मानेर शाही सेनाको व्यारेक रहने गरेको थियो । व्यारेकका जवान शाही सैनिकहरूको एक एक वर्षमा फेरवदल हुन्थ्यो । प्रत्येक एक वर्ष विराएर, सो शाही सेनाका जवानले तराई क्षेत्रको व्यारेक जाने कार्यको सिलसिलामा मेरो वा यकवहादुर भण्डारी पनि नेपालगञ्ज व्यारेकमा खटिनुभयो । एक पल्ट गैसकेको व्यारेकमा फेरि दोहोऱ्याएर नपठाउने चलन सो पल्टनको भए पनि वालाई दोहऱ्याएर नेपालगञ्ज खटिनु परेकोले ननिको मान्नुभएको थियो । तराईका जिल्लाका नयाँ नयाँ ठाउँका नयाँ अनुभव पाउनुवाट वन्चित हुनुपर्ने कारणले वाको मन प्रसन्न देखिएको थिएन । तैपनि नेपालगञ्जमा एक जना श्री ३ का छोरासँग वाको हिमचिम थियो । ती राणा राजासाहेवले चित्रकला इलम जानेकोले अनुरोध गरेमा

सिकाइदिन चाहने मिजासिलो स्वभाव भएकोले उहाँवाटै मलाई चित्रकला सिकाउने विचार वाको मनमा आयो । त्यसैले आमालाई भन्नुभो "तेरो छोरालाई पनि यसपाली व्यारेकमा साथै लैजान्छु ।" आमाले लान नदिन अनेक भाजो हाल्ने कुरा गर्नुभयो. जवाफ दिँदै वाले भन्नुभयो : "म अव यसलाई चित्रकला इलम त्यतै लगेर सिकाउँछु. त्यहाँ चित्रकला इलम जानेका गुरू पाउन सकिन्छ । सिकाउने अवस्था मिल्छ । लानु नै जानी छ ।" तर आमाले मान्नुभएन । त्यतिवेला घरका सवै व्यवहारमा आमालाई सघाउन मेरो ठूलो आवश्यकना थियो । गाई चराउनु, वाख्रा चराउनु, भाईवैनी हेर्नु, आमा खेतवारीमा काम गर्न गएको वेलामा । यो समस्या आमाको लागि सानो थिएन ।

" गोठालो भएर घर-व्यवहार हेरेर यसको इलम सिक्ने समय भड्काउन चाहन्न । रामभगतलाई साथै लगेर इलम सिकाई प्रगति गराउँछु । रामभगत्ले चित्रकला इलममा रूचि राखेको छ ।•केही समय सिक्ने मौका पायो भने आफ्नो वाटो आफै तय गर्न सक्छ" भनेर आमालाई सम्झाउँदा वल्लवल्ल मान्नुभयो । भोलिपल्टै वाले काठमाडौं सहरमा लगेर मलाई जुत्ता मोजा र सिलाइको लागि लुगा कपडा किनिदिनुभयो । मैले पहिलोपल्ट मोजा र वाटा कम्पनीको जुत्ता लगाएँ । त्यस अघि काठमाडौंको ठहिंटीमा गै पलाञ्चोके जुत्ता एक रुपैयाँ वा तीनमोहोरमा किनेर लगाउने गरेको थिएँ ।

नेपालगञ्ज व्यारेक पुगेर त्यहाँका खर-खजाना वुझ-वुझारथ भो । नयाँ पुगेका सैनिकहरूले त्यस जिल्लाको कामको जिम्मा लिए । पुराना सैनिकहरू काठमाडौं घर फर्के । काठमाडौंमा हालको जस्तो व्यारेकको व्यवस्था थिएन । चार भन्ज्याङ उपत्यकामा घर हुनेले घरवाटै ड्युटी गर्थे । टाढाकाले डेरामा वसेर ड्युटी गर्थे । राणा सरकारको सुरक्षाको लागि " पार्श्व" पल्टनको व्यारेक वानेश्वरमा थियो । श्री ३ को मात्र सुरक्षा गार्ड पल्टन "विजुली गारद" चाहिं सिंहदरवार कम्पाउण्डभित्र नै रहन्थ्यो । श्री ५ को सुरक्षा पल्टन चाहिं कालीवहादुर र कालीप्रसाद पल्टन थिए । तिनै पल्टनले आलोपालो गरी गजदरवारको सुरक्षाको काम गर्थे । नगई

ब्यारेकहरूको पल्टन एउटा मात्र थियो , भगवतीप्रसाद पल्टन । त्यही पल्टनको खटनबाट वा त्यस ब्यारेकमा पुग्नु भएको थियो मातहतका जवान र साथमा मलाई समेत लिएर ।

चार दिनसम्मको रेल र हिंडाइको थकाई थियो । एक–दुई दिन आराम गरेर बितायौं । ब्यारेकको टुँडिखेलमै सधैं जोडिएको महाकाली राइस मिल नाउँको (धान सुकाउने, उसिन्ने र फेरि सुकाएर कुट्ने मिल) उद्योग थियो । त्यस उद्योगको मालिक मसुरी शम्शेर जवरा हुनुहुन्थ्यो । उहाँलाई भेट्न र दर्शन गर्न जाऊँ भनेर बाले, मैले कोरेका केही चित्रकलाहरूको फाइल लिन लगाउनु भो । ब्यारेक अगाडिको रूपैडिया स्टेशन पुगिने मुलबाटो भएर ५ मिनेट हिंडेर मिलको मुल गेटमा पुग्यौं । गेटबाट भित्र पसेर मिलको अफिसमा पुग्यौं । त्यहाँ राजासाहेबको सवारी बारे सोध्दा सवारी भैसकेको र बडाहाकिम तार्क्षेविक्रमसँग कुरा गर्दै धान सुकाउने खलोतिर गएको भन्ने बुझेर हामी त्यतै गयौं ।

अलि पर राजासाहेब मसुरी शम्शेर जवरा र बाँके जिल्लाका बडाहाकिम तार्क्षेविक्रम राणा दुवै आपसमा अँगालो हालेर कुरा गर्दै बिस्तारै हिंडिरहेका थिए । ठूलो खलोमा दिनभर धान सुकाएर थुपारी राखेका धानका ठूला ठूला घरजत्रा रास थिए । त्यत्रो ठूलो धानको थुप्रो मैले पहिलो पल्ट त्यहाँ नै देखेको थिएँ । आँखाले ती दुवैजनालाई पर देखे पनि त्यहाँसम्म पुग्न एक मिनेट जति समय लाग्थ्यो । बाले मलाई कुरा सिकाउनुभो: ती दुवैलाई हामीले निहुरिएर सलाम (जदौ) गर्नुपर्छ, एकजना राजासाहेब हुन् । अर्का नेपाली पोशाकको बडाहाकिम हुन् भनेर परैबाट चिनाइदिनुभो । हामी नजिकै पुगेर बाले भनेझैं सलाम गर्‍यौं । ती दुवैले हामीले गरेको सलाम फर्काए । बाले मतिर औंल्याउँदै यो मेरो छोरो हो । यसले चित्रकलाको काम केही जानेको छ । धेरै सिक्न चाहन्छ भन्नुभो । केही चित्र देखाउन ल्याएको छ भने पछि राजासाहेबले हात पसारेर माग्नुभो र मैले चित्रको फाइल दिएँ । हेरेपछि यसले प्रगति गर्न सक्छ सुरूमा यस्तै हो राजासाहेबले मर्जी भयो । बडाहाकिमले पनि यतिसम्म बनाउन सक्नेले अब राजासाहेबको सङ्गतमा बढाउन सक्छ भनेर हौसला दिएकोमा ममा आत्मविश्वास बढेको

थियो । यी दुवैजना अङ्गालोवाट छुट्टिएका थिएनन् । तँलाई म भोलि केही काम सिकाइदिन्छु २ वजेतिर मिलको अफिसमा दुवैजना आउनु भनेर राजासाहेवले अहिले जाओ मर्जी भयो ।

वा र म मिलको मुल गेटतिर नगएर सो खलावाटै सोझै व्यारेकतिर लाग्यौं । भत्किएको तारको वार भएर एक मिनेटमा व्यारेकको टुँडिखेल पुग्यौं । मैले नेपाली लुगा लगाएको बुढालाई राजासाहेव भन्ठानेको रैछु । कमिज, जाँघे, मोजा घुँडामुनिसम्म आउने र टेनिससुज जुत्ता लगाएको, नाइटक्याप टोपीको पाली दायाँ कान छोप्ने गरी लगाएको, कपाल पछाडि कानको लोतीसम्म र अगाडि आँखीभुइँसम्म आएको र अझ तिखो - सुरिलो आवाज र जुँगादारी खौरेकोजस्तो नभै आउँदै न आए जस्तो लागेको हुँदा त्यो कट्टु (जाँघे) लगाउने आइमाई हो कि भनेर वालाई टुँडिखेल पुगेपछि सोधें । "तिनै हुन् राजासाहेव तँलाई चित्रकला सिकाइदिन्छु भन्ने मान्छे। यो मिलको मालिक पनि उनी नै हुन्, ती वुढा वडाहाकिम तार्क्षेविक्रम राणा हुन् । राजासाहेव भनेका श्री ३ देव शम्शेर जवराका कान्छा छोरा हुन् । यिनको नाउँ मसुरी शम्शेर जवरा हो । देव शम्शेर श्री ३ पदवाट अपदस्थ भएर नेपालको पुर्वाञ्चल धनकुटामा लखेटिए, केही वर्षपछि भागेर भारतको मसुरी डाँडामा वसेका र गडवाली राजाकी छोरी विवाह गरेर त्यहीं जन्मेका हुँदा मसुरी शम्शेर नाउँ राखिएको हो । तार्क्षेविक्रम राणा चाहिं जङ्गवहादुरका आठ भाइमध्ये एक भाइका खलक (विक्रम खलक) हुन् जो काठमाडौंको लगनटोलको दरवार एरियामा वस्छन् । " वाले भन्नुभयो ।

भोलिपल्ट वा र म महाकाली मिलको अफिसमा वोलाएको समयभन्दा २–४ मिनेट अगाडि नै पुगेका थियौं । एकछिन पछि राजासाहेवको सवारी भयो । त्यहाँ भएका सवै कर्मचारीले समेत उठेर सलाम (जदौ) गरे । हामीले पनि सलाम (जदौ) गऱ्यौं । उहाँले आफ्नो अफिसियल अरन–खटनका काम सकेर हामीतिर नजर पुऱ्याउनुभयो । वोलाइएर हामी नजिक पुग्यौं । मेरो हातको कापी मागेर मैले लेखेका ड्इङका आकृतिहरू हेर्नुभो । एकजना अफिसियल कर्मचारी वोलाएर अगाडि उभिन अराएर मलाई "तैंले

मान्छे अगाडि राखेर त्यसको अनुहार आउने गरी पोर्ट्रेट चित्र लेख्न जानेको छस् ?" भनेर सोधेकोमा मैले "जानेको छैन" भनें। "लौ हेर मैले कसरी उसको अनुहार आउने गरी रेखा–चित्र उताछु" भन्नुभयो। मैले त्यो चित्र लेखाइको तरिका राम्ररी हेरें। मसुरी शम्शेरले त्यो अफिसियल कर्मचारी मर्दिसेको अनुहार हेर्दै कापीमा उतार्दै गर्दागर्दै त्यो अगाडि राखेको मान्छेको अनुहार दुरुस्त आउने गरी कापीमा उत्रिएको देखेर मेरो रेखा कोराईको सिकाइले फड्को मारेको अनुभव भयो। त्यहाँ भएका धेरैजनाले सो अनुहारको प्रशंसा गरे। "आज यतिमात्र। तैंले हेरीमात्र राख मैले लेखेको २–४ दिन हेरेपछि तँलाई पनि यसरी अगाडि मान्छे राखेर लेख्न लगाउँछु" भन्नुभयो।



मशुरी शमसेरले वनाउनु भएको चित्र

"भोलि पनि यसैवेला आउनु । आउँदा आफ्ना सवै सामग्रीहरू मलाई देखाउन ल्याउनु " भन्नुभएको थियो । सो अनुसार आफ्ना चित्रकलाका सवै सामान लिएर भोलिपल्ट गएँ । आफ्ना सवै सामानहरू देखाएँ । मैले चित्रकला वनाउन प्रयोग गरेको माटो चारपाटे टुक्राको रुपमा सेतो कमेरो वा गंगीमाटी, पहेंलो माटो, रातो माटो, कालो माटो, खैरो माटो, नीलो माटो, कालीमाटी, फुस्रोमाटो इतयादि माटोको टुक्रालाई प्लेटमा घोटेर काम लिइन्थ्यो ।

व्रस वाँसको हाँगाको टुक्रालाई एक छेउ धुजा पारेर एक खालको व्रस वन्थ्यो । नालु पाटको रेसा, क्यातुके पाटको रेसालाई वाँसको टुक्रालाई समावेस पारेर र परेवाको प्वाँख समेतलाई व्रसको काममा लिइएको थियो ।

वाँसको कप्टेरोको १२" इनचको फुट वनाएको थियो । फलामको पाताको कम्पास वनाएको समेत देखाएँ । सो मेरा सामग्री देखेर अचम्म मान्नुभो–राजासाहेंवले । उहाँले नसोचेका कुरा मेरो सामानभित्र परेको हुँदा भावविभोर हुन पुगेका राजासाहेवले तुरून्त मेरो लागि भारतको वहराइचवाट ड्इङ्गकापी, व्रस र रङ्गको वट्टा झिकाउन अर्डर गर्नु भनेर अफिसिएल कर्मचारीलाई भन्नुभयो । ती सामग्रीहरू ३–४ दिनमै आइपुगे र मलाई दिनुभयो ।

मान्छेलाई अगाडि राखेर अनुहार चित्र लेख्ने सिकाई वढाउने काम जारी छ । साथसाथै अरू कलाकारले लेखेका चित्र हेरेर कपी गर्ने काम पनि मलाई गर्न लगाइयो । आफ्नो दरवारमा चित्रकला संग्रहित ग्यालरीमा टाँगिएका च्रित्रकला मैले नै छानेर टाँगिएको भित्तावाट झिकेर व्यारेकमा लगी कपी दुरूस्त गर्न लगाउनु भयो । मैले त्यसै गरें । आफूले सकें भनेर देखाउन लगेको चित्र हेरेर अझै राम्ररी मिलेको छैन महिनौ दिनसम्म मिहिनेत गरेर भए पनि दुरूस्त पारेर वनाउने गर्नु भनेकाले त्यसै गरेर देखाएं । उहांले राम्रो भयो अव अर्को चित्र लगेर कपी गर भनेपछि त्यसै गरें । यसरी ४–५ वटा चित्र कपी गरेर वनाएं । फेरि एक दिन "तैंले कपी

गर्न पनि जानिस् । अब ल्यान्डस्केप चित्र वनाउन तँलाई सिकाइदिन्छु भन्नुभयो । "हवस" भनें । "भोलि विहान तँ र म यो खलोमा भेट्ने । आधा घण्टा सामान्य किसिमले दौड्ने । मेरो वढेको भुँडी घटाउनु छ । एउटा राम्रो दृश्य चुनेर त्यो दृश्यचित्र लेख्ने । यो महिनाभरिनै यो काम तँलाई सिकाइदिन्छु " भन्नुभयो । वहराइचवाट झिकाएको रङ्ग, कापी, व्रस साथै त्यहाँ कामको लागि ल्याउनु भने अनुसार एक महिनापछि पनि एक्लै डुल्दा पनि यसरी चित्र लग्ने अभ्यासलाई कायमै राखें ।

राजासाहेवले मलाई लखनौ आर्ट स्कूलमा भर्ना गरिदिने भनेर लखनौ लग्नु भो । जाँदा राजासाहेव मसुरी शम्शेर जवरा, वाँके जिल्लाका वडाहाकिम तार्क्षेविक्रम राणा, नेपालगञ्ज ठानामा डी.एस.पी. प्रेमवहादुर पाण्डे समेत भएर लखनौं गयौं । आर्ट स्कूलका प्रिन्सिपल स्कूलमै भेट भएको थियो । स्कूलमा कोही विद्यार्थी र माष्टरहरू थिएनन् । राजासाहेवले मलाई देखाएर भर्ना गर्न ल्याएको कुरा सुनाएपछि प्रिन्सिपलले " विद्यार्थी भर्ना लिइदैन । कारण यो दोस्रो विश्वयुद्धको घम्साघम्सी लडाइँ भएकोले । विद्यार्थीहरू भागेर घर घर गएका छन् सवै । मास्टरहरू पनि विदा वसेका छन् । सहर का सारा वत्ती (ग्लोव) को तल्लो भाग कालो पोतिएको छ । वेलुका अँध्यारो देखिहाल्नु भो । चटगाउँमा वमवाड भैसक्यो । लखनौमा पनि वमवाड् हुन्छ भन्ने कुरा सुनिन्छ । सारा सहरीया त्राहिमाम भएर रहेका छन् । " भनेर भर्ना नगर्ने कारण भने पछि हामी स्कूलवाट फर्कियौं । मलाई र वडाहाकिमको एकजना कर्मचारीलाई " नेपालगञ्ज जानु " भन्ने भएकोले हामी त्यसै दिन वेलुका रेल चढेर नेपालगञ्ज पुग्यौं । उहाँहरू अलि दिनपछि फर्कनु भएको थियो ।

वि.सं. १९९७–९८ सालतिर हामी नेपालगञ्ज पुगेदेखिनै त्यताका माथिल्ला तहका मान्छेहरूसंग चिनजान र गफ कुराकानी हुन थाल्यो । तिनका प्रत्येक गफ–कुराकानीमा द्वितीय विश्वयुद्धकै वारेमा जतातनै कुरा हुन्थ्यो । लडाँई कसले जित्छ भन्ने कुरामा पक्ष विपक्ष भएर मान्छेहरूमा वाद विवाद भैरहेका कुरा मेरा चिनेजानेकाहरूमा नै वढी सुन्नपाइन्थ्यो ।

आधुनिक हातहतियारका बारेमा बढाइ-चढाइ, पूर्वेली र पश्चिमेली अनेक मुलुकका नामहरू पनि त्यसै वेलादेखि सुनेको हो । जापान, जर्मनी, रुस, वेलायत, फ्रान्स, अमेरिका, इटाली इत्यादि देशका नामहरू जान्न पाएको हुँ ।

"काठमाडौंमा नै चित्रकला सिकाउने जुद्धकला पाठशाला छ । त्यहीं भर्ना हुन जानु " भन्ने उहाँहरूको भनाइ अनुसार म काठमाडौं घर आएँ । जुद्धकला पाठशालामा भर्ना पनि भएँ । यो १९९८ सालको कुरा हो ।

बाँके व्यारेकमा एकजना केटाले मान्छेको अनहार हेरेर दुरुस्त उसैको अनुहार आउने गरी कागजमा रेखा र रङ्गसमेत गरी चित्र वनाउन सक्छ भन्ने हल्ला नेपालगञ्ज वजारमा चलेको थियो । त्यस हल्लाले त्यताका मान्छेहरू मेरो रेखाचित्र वनाइदेऊ भनेर आउनथाले व्यारेकमै । यसरी धेर जनाको अनुहार आउनेगरी रेखाचित्र वनाइदिएको थिएँ । एउटा काममो सम्झना अनुसार एकजना लालाजी कपडा पसले व्यापारीले आफ्नो अनुहार चित्र वनाइदेऊ भनी आफु कहाँ नै बोलाएका थिए । तिनलाई अगाडि राखेर रङ्ग भरेरै, अनुहार आउने गरी चित्र वनाइदिएकोमा त्यो हेरेर खुवै खुसी भए । चित्रकारलाई पारिश्रमिक लिऊ भनेर ५ रुपियाँ दिएका थिए । त्यो ५ रुपियाँले मेरो व्यवसायमा हौसला जगाएको थियो । त्यतिवेला ५ रुपियाँले दुई महिनाको खाना खर्च चल्थ्यो । त्यहाँ तिनताका नेपालगञ्जको भाउ–वेसाहा अनुसार ।

मधुपर्क २०५३ असार

बालकृष्ण समबाट तेलरङ्गको चित्र बनाउन सिकें

वालकृष्ण सम

कुनै चित्रकार गुरूसँग पनि चित्र बनाउन सिक्न गइरहेको थिइन म केही महिनादेखि। मेरो त्यो व्यवहारले वालाई मप्रति असन्तोष वढेको छ भन्ने करा महसुस भैरहेको थियो मलाई। एकदिन वाको मनमा गुम्सिएको मप्रतिको असन्तोषको ज्वालामुखी पड्किएरै मुख खोल्नुभयो। "तं अचेल निकै महिनादेखि कुनै गुरूकहाँ पनि चित्रकला सिक्न गैरहेको छैनस् किन ?" मैले सहज जवाफ दिएँ "मलाई हाल कुनै गुरूकहाँ पनि इलम सिक्न जान मन लागको छैन। आफैंआफ सिकिरहेको छु।" "तं कनै जान मन नलागे नजा, म कर लाउँदिन। मैले चिनेको एकजना कलाकारकहाँ तं जान्छस् भनेलगि दिन्छु

" वाले भन्नुभयो । "उहाँको नाम हो मेजर वालकृष्ण समसेर । उहाँको घर ज्ञानेश्वरमा छ । त्यहाँ गएर राम्रोसँग कला-इलम सिकिस् भने सिपालु नै हुनसक्छस् " वाले भन्नुभयो । मैले त्यहाँ जान्छु भनें । वाले भोलिपल्ट नै त्यहाँ लगिदिनुभो ।

समको घरको ढोकामा पुगेर भित्र हाजिर पऱ्याइयो । त्यतिन्जेल मैले ढोकामाथि लेखिएको श्लोक पढें । " यो कुनै वास हो नाथ मेरो जीवन मार्गको .म फेरि आउनेछु नाथ स्वप्न पुरा भएपछि " । यति पढिसकेकै वेला आफैले ढोका उगारी वाहिर कोहो भनी सोध्नु भयो । हामी दुवैले जदौ (सलाम) गऱ्यौं । वाले " यो मेरो छोरो हो यसले चित्रकला इलम सिक्न खोजिरहेको छ । सरकारको यस ग्यालरीमा राख्न पाए काम सिक्ने थियो भन्ने आशाले ल्याएको हुँ " भन्नुभयो । वा र वालकृष्ण समसँग पुरानै चिनजान भएको हुँदा समले ठीक छ म सिकाइदिन्छु । भोलि देखिनै पठाइदिनु भन्नु भयो । हामी सलाम चढाएर ढोका वाहिर गयौं । यो वि.सं. २००० सालको कुरा हो । वि.सं १९९८ सालतिर जुद्धकला पाठशाला (दर वार स्कुल)मा चित्रकला सिक्दाखेरी देखि नै समसँग चिनजान र कुराकानी भैसकेको थियो । उहाँ त्यहाँ पाठशालामा महिनामा ४–५ पल्ट जसो आउनु हुन्थ्यो । कला सिकलाई सम्वन्धमा निरीक्षण गर्न आएको होला भन्ठान्थ्यौं हामी । घण्टौंसम्म विद्यार्थीहरूको काम गराई र सिकाइवारे हेर्नु हुन्थ्यो । वोल्नुपर्ने, भन्नुपर्ने लागेमा भन्नुहुन्थ्यो । समको यतिवेलाको लवाई लवेदासुरूवाल, कोट, टोपीनै थियो । लवेदा जस्तो सेरमानी सुरूवाल लवाइमा देखिन थाल्नु भएको पछि मात्र हो । वायाँ कुमनिर माथिल्लो तुना र वायाँ कम्मरमा तल्लो तुना वाँधेको हुन्थ्यो । तुना चेप्टो र ठूलो हुन्थे । सोही रङ्गको कपडाको कम्वरपेटी वाँधेको हुन्थ्यो । पछिसम्मनै आफुखुसी डुल्दाको लवाई यही थियो ।

भोलिदेखि आउन भन्नुभए वमोजिम भोलिपल्ट म १० वजेनै उहाँको ग्यालरीमा पुगें । ग्यालरीमा अरू ३ जना कर्मचारी थिए । कलाको काम गर्नेमा अमर चित्रकार, दिलवहादर चित्रकार र फोटोग्राफी डार्करूममा काम गर्ने लीलाध्वज थापा हुनुहुन्थ्यो । हामी चारैजना लस्करै उभिएर

छोराछोरीको साँचैको विवाह गर्न सकेका छैनन् । मैले यसरी पुतलीको विवाह भएको देखेको सुनेको पनि यस अघि थिइन । हाम्रो घर गाउँमा पनि वालिका र किशोरीहरूले पुतली खेलेको देखेको छु तर विवाह गरेको भने थाहा थिएन ।

त्यस घरमा चित्रकारी काममा लागिपरेरै चित्रकारी क्षेत्रमा समजीको उत्तराधिकारी भएर अघि वढ्नेमा उहाँकी छोरी ज्वाला सम विवाहपछि शाह हुनुभएको छ । छोरा जनार्दन सम वावुको साहित्य क्षेत्रका उत्तराधिकारी वन्न भएको छ । जीवित छँदा नै उहाँका रचनाका पुस्तक प्रकाशित भएका थिए । समजीका तीन पस्ताले चित्रकारी काम गरेको छ । समजीका पिता समर शमशेर जवरा नाम चलेका चित्रकार थिए । समजीको छोरी ज्वाला समले चित्रकारी इलममानै प्रख्याति पाएको देखेको छु । हाल चित्रकारी काममा चर्चामा आएको पाउँदिन ।

श्री ३ जुद्ध शमशेरको निम्तो मान्न वेलायनका भाइसराय नेपालको चितवन ठोरीमा सिकार खेल्न आउने भएको हँदा सो सिकारमा साथ दिन श्री ३ को त्यता सवारी भयो । हामीले समलाई पनि फोटोग्राफी कामका लागि सँगै लानेहोला भन्ठानेका थियौं । वेलायतका भाइसराय चितवन पुग्न अघिनै समलाई त्यता वोलाइयो । थानकोट भएर सम जानु भएको चर्चा म विहान ग्यालरी पुगेपछि सुनेको थिएँ । त्यसदिन हामीलाई विदा दिएको थियो । समजीले चितवन सिकारी सवारीमा खिचेका फोटोहरू हामीले फिनिसिङ्ग गर्ने मौका पाएका थियौं । भाइसराय प्लेनवाट आइरहेको, त्यहाँको ग्राउण्डमा आर्लेको, झाडीमा सिकार खेलेको, भोज खाएको, सिकार अगाडि राखेर फोटो खिचाएको यस्ता अनेक धेरै फोटो हेर्ने मौका पाएको थिएँ ।

चितवन सिकार सवारीको वेला झण्डै एक महिना जति विदा पाएको थिएँ । सवारी फिरेपछि गएँ । २००१ सालमा यो काठमाडौं उपत्यकामा पनि करिव १' फुट वाक्लो हिंउँ पऱ्यो । परेको हिउँ थाम्न नसकेर रूखहरू भाँचिएर–ढलेर वाटो वन्द भयो । यी ढलेका रूखहरू पन्छाउन पनि हप्तौं लाग्यो । हिउँ पन्छाउन पनि हप्तौं लाग्यो । वाटो खुलाउन धेरै मान्छे जुटन पऱ्यो । त्यसवेला पनि म महिनौंसम्म ग्यालरीमा काम सिक्न जान

सकिन ।

प्रल्हाद नाटक हेरेको छु । समजीले त्यसमा पार्ट लिई स्टेजमा वोलेको हेरेको छु । त्यस्तै अमर सिंह थापा नाटक पनि लेख्न र मन्चन समेत भएको हुँदा हेरेको छु । फुटकर र पाठ्यक्रममा प्रकाशित कथाहरू पढेको छु । कविता र लेख पनि पढेको छु । ' तलतल ' एउटा ' वोक्सी एउटा कथा पढेको सम्झना छ । अरू अनेका लेख, कविता पढेको भए पनि तिनको नाम त्यति सम्झना छैन । उहाँका ठूला ठूला काव्य पढेको छैन ।

चित्रकला प्रदर्शनीमा राखिएका समजीका अनेक चित्र मध्ये भावचित्रमा ' प्रेम पिण्ड ' को सम्झना छ । 'वेदव्यास ' प्रोटेट चित्रको सम्झना छ । दृश्यचित्रमा त्रिशुली राम्ररी सम्झना छ । मैले लेखेका चित्रहरू पनि उहाँले हेर्ने विनिक्कै मतलव वुझेको, मतिर हेरेर मुन्टो हल्लाएर भाव स्वीकारेको वुझेको छु । ' मनको कुरा मुखमा ल्याई म भन्न सक्दिन ' चित्रलाई देख्ने वितिक्कै समले भाव वुझेको मलाई लाग्यो ।

सम्पन्न राणा परिवार (वावुदेखिनै) का छोराले परिवारको पेशा वा सौखिन इलमका रूपमा पनि यो इलम लिनु कुनै कठिनाइको काम कुरा होइन । दर्जा सत्ता र सम्पन्नताले गर्दा खर्चिलो इलम भए पनि कठिनाई देखिदैन । खर्च फुर्मास गर्नमा कन्जुस्याँइ गर्नु नपर्ने परिवारका श्री वालकृष्ण शमशेरलाई मेरो हितैषी गुरूका रूपमा मान्दछु ।

विद्वान, साहित्कार, चित्रकारी हैसियतको भावनालाई समेत उछिनेर अघि वढ्नु भएको देखेको थिएँ वालकृष्ण समशेरलाई । आफ्नो इलम र विद्वतालाई आधार मानेर भावविभोर हुँदै प्रजातन्त्रप्रति आस्थावान हुन पुग्नु भएथ्यो । राणा परिवारको एकतन्त्रिय निरङ्कसतालाई नटेरेर २००७ सालको क्रान्ति अगाडि नै प्रजातान्त्रिक संघर्षका डफामा उत्रनु भएथ्यो । यसरी आफ्ना गुरूले जनताले भोग्न पाउने प्रजातन्त्रप्रति समर्पित भएकोमा उहाँको त्यो निकै साहसिक कदम लिनु भएको भनेर मान्दछु । त्यसै वेलादेखि आफ्नो शासकीय हैकमी पारिवारिक नातामा जोडिएको शमशेरलाई पारि वारिक हाँगावाट भाँचेर प्रजातान्त्रिक समाज र जननामा 'सम' हुन पुग्नु भएको छ । जनतारूपी समुद्रमा फालहाली शेर २ अक्षरलाई मात्र पानीमा



तेल रंग सिकाउँदाको सामग्री

...दनु भएको छ। यसरी जनताका सामु शेररूपी हाउलाई हटाई जनता वीचमा 'सम' हुन पुग्नु भएको छ। यसो गर्न सकेकोमा हामी सवैले स्वागत नै गर्नुपर्छ।

समजीले यो कलाकारितामा संसार छोडेर जानु भएको समाचारले हामी सम्पुर्ण कलाकार समाज दुःखित भएका थियौं। उहाँको चिरशान्तिको कामना र परिवारमा समवेदना प्रकट गर्न हामी नेपाल ललितकला एकेडेमी स्थापनार्थ समितिका सवै सदस्यहरू उहाँकै घरमा पुगेरै समवेदना प्रकट गर्‍यौं त्यति वेला नै।

२०५३।२।१३

✸ ✸

[illegible]